
## परिवर्तन गाउँपालिका नक्सा



## अध्ययन टोली

१. प्रा.डा. प्रेम शर्मा (ग्रामीण पर्यटनविद्) टोली प्रमुख

२. डा. अलकबाबु प्रसाई (अर्थविद्)

३. अजय भण्डारी (वातावरणविद्)

४. मनोहर कार्की

## धन्यवाद ज्ञापन

परिवर्तन गाउँपालिकाको "पर्यटन विकास गुरुयोजना" तयार भएको छ । **Aragon Mechydyel and Multiservice Pvt. Ltd, Lalitpur** लाई "पर्यटन विकास गुरुयोजना" तयार गर्ने अवसर प्रदान गर्नुभएकोमा गाउँपालिकालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ । बिशेषगरी परिवर्तन गाउँपालिकाका अध्यक्ष श्री सुक बहादुर बुढा मगर, उपाध्यक्ष श्री कलादेवी खत्रेनी तथा सबै वडाका जनप्रतिनिधिहरूलाई विशेष धन्यवाद भन्न चाहन्छौँ । अध्ययन र छलफलका क्रममा महत्त्वपूर्ण विचार सम्प्रेषण गरी दिनुहुने सरोकारवाला सबैप्रति हार्दिक धन्यवाद भन्न चाहन्छौँ । साथै यस कार्यको लागि अहोरात्र खटी स्थलगत अध्ययन, तथ्यङ्क सङ्कलन, आवश्यकताअनुसारको छलफल तथा अध्ययन गर्ने क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग गर्नुहुने सबैप्रति कृतज्ञ छु ।

....................

**सितल थापा मगर**
**(प्रबन्ध निर्देशक)**

## कार्यकारी सारांश

परिवर्तन गाउँपालिकाको समृद्धि र विकासको महत्त्वपूर्ण आधार पर्यटन नै हो । आगामी १० वर्षमा यो स्थान नेपालकै उत्कृष्ट पर्यटकीय गन्तव्य हुनेछ । सम्पूर्ण पर्यटकीय पूर्वाधारहरूको विकास भैसकेको हुनेछ । नेपाल तथा भारत लगायत देशबाट प्रत्येक वर्ष हजारौँ पर्यटकहरू आवत जावत गरी रहेका हुनेछन् । जनताको आर्थिक स्तर निक्कै उच्च स्थानमा रहेको हुनेछ । स्वस्फुर्त रूपमा पर्यटन विकास समिति तथा उपसमितिहरू, उद्योग व्यवसायीहरू निरन्तर पर्यटन विकासमा कर्मशील रहनेछन । पर्यटन नीतिहरू, लागु गर्ने निकायहरू, पर्यटन सङ्गठनहरू र प्रमुख पर्यटन कार्यक्रमहरूसहित वर्तमान अवस्थाको समीक्षा गाउँपालिका तथा यसका आसपास क्षेत्रको प्रमुख सामाजिक–आर्थिक विशेषता, विकासका चुनौतिहरू, सम्भावनाहरूको समीक्षा, वर्तमान तथा सम्भावना बोकेका पर्यटकीय स्थलमा पर्यटकको क्रियाकलाप समेटिने कार्य योजना, पर्यटकको गतिविधिसँग सम्बन्धित मनोरञ्जन प्रदान गर्न दीर्घकालीन अवधारणा विकास एक मार्गनिर्देशन हुनेगरी यो गुरुयोजना तयार गरिएको छ ।

यस क्षेत्रको पर्यटन विकासको लागि आवश्यक पर्ने अध्ययन अनुसन्धान गर्ने प्रमुख उद्देश्यका साथ यो गुरुयोजना तयार गरिएको छ । पुराना दस्तावेजको समीक्षा गर्दै, विभिन्न बैठक, छलफल, अन्तरक्रिया गर्दै स्थानीय भूगोलको भ्रमण तथा आवलोकन विधिबाट यो प्रतिवेदन तयार गरिएको छ । अत्याधुनिक श्रोत, प्रविधि, भौगोलिक अवलोकन तथा तस्बिर खिचेर म्याप तयार गरिएको छ । यस गुरुयोजनालाई समग्र पर्यटन विकासको मार्गदर्शक दस्ताबेजको रूपमा प्रयोग गर्न सकिनेछ ।

पूंजी लगानी योजना र कार्यान्वयन रणनीति उद्योगी व्यवसायीहरूसँग बसेर उल्लिखित दीर्घकालीन र अल्पकालीन योजनाहरूलाई पूर्णता दिनु पर्दछ । पूंजी लगानी योजनाले सुरुवाती लागत अनुमान, प्रस्तावित विकासको लगानीको मोडालिटी समावेश गर्नुपर्छ भन्ने सवालमा योजनाको आर्थिक प्रतिफल आँकलन गरेर उद्योगी व्यापारीहरूसँग बसेर टि.ओ.आर. निर्माण गर्नुपर्दछ । यसमा सिलसिलाबद्ध रूपमा प्राथमिकतामा परेका गतिविधिहरू समावेश गर्नुपर्दछ । आर्थिक तथा वित्तीय क्षमता अध्ययन गर्नको लागि गाउँपालिकाको बजेट प्रवृति र आन्तरिक आयका श्रोतहरूको विश्लेषण पनि यसमा समावेश गरेको हुनुपर्छ भन्ने सवालमा परम्परागत बजेट प्रणालीको अन्त्य गरी सहभागीतामूलक

बजेट प्रणालीको विकास गर्नुपर्ने देखिन्छ । स्थानीय पर्यटन विकास समिति र उद्योग वाणिज्य संघ, पर्यटन विकास समिति गठन गरी अल्पकालीन र दिर्घकालीन योजनाहरू निर्धारण गरेर नयाँ सहभागीतामूलक लगानीका मोडलहरू तयार पार्नु आवश्यक छ ।

कार्यान्वयन रणनीतिले उद्योग वाणिज्य संघ र पर्यटन विकास समितिको गठन गरी साझा लागानी गर्ने मोडल तयार गरी उक्त आयोजनाहरू सञ्चालनमा ल्याउनुपर्ने देखिन्छ, जसबाट पर्यटकीय गन्तव्यको सफल सञ्चालन र व्यवस्थापनका लागि विभिन्न सञ्चालन मोडलहरू स्थापित हुनेछन् । यसमा स्थानीय जनता, गाउँपालिकाको कार्यालय, र अन्य सरोकारवालाको भूमिका हुनुपर्दछ । यसले कार्यान्वयनको स्तर मापन गर्न विधि र उपायहरू सुझाव गर्न सक्छ । हरेक महिना बसेको पर्यटन विकास समितिको बैठकको प्रगति प्रतिवेदनको माइनट स्तर मापन गर्ने विधि हुनेछ । यो मूलतः “एक समग्र पर्यटन विकास गुरुयोजना” हुनेछ वा अन्य पर्यटन पूर्वाधारको वर्णन गर्ने गुरूयोजना हुनेछ । यसमा प्रस्तावित विभिन्न योजना तथा कार्यहरूको विवरण रहेका छन् । यस क्षेत्रको अवस्था विश्लेषण गर्न भौगोलिक स्थिति तथा वातावरण, स्थानीय पर्यटन नीति तथा रणनीतिहरूको सुविस्तार व्याख्या गरिएको छ । ऐतिहासिक तथा प्राकृतिक सम्पदाको रूपमा मगर जातीय भेषभुषा, खानपान, स्थानीय सांस्कृतिक कार्यक्रमहरू आदि प्रमुख रहेका छन् । यसका साथै पदमार्ग, पर्यापर्यटनको सम्भावना तथा मनोरम दृष्यावलोकनका सन्दर्भमा समेत प्रतिवेदनमा उल्लेख गरिएको छ ।

अध्ययनका क्रममा खिचिएका तस्विरहरू, स्थलगत अवलोकन, लगायतको समावेश दस्तावेजमा गरिएको छ । साथै उक्त क्षेत्रको अवसर र चुनौतीका सन्दर्भमा उल्लेख गर्दै केही सुझावहरू समेत समावेश गरिएको छ, जसले आगामी दिनमा पर्यटनको विकाससँग जोडेर आयआर्जन, रोजगारी तथा दीर्घकालीन विकासको मार्गनिर्देश गर्नेछ ।

यस प्रतिवेदनमा जम्मा ५ ओटा परिच्छेदहरू तयार गरिएको छ । जसमा परिच्छेद एकमा अध्ययन, विषयवस्तुको परिचय, पृष्ठभूमी, उदेश्य, अध्ययन विधि, अध्ययनको सीमा तथा स्थलगत अवलोकनका बारेमा उल्लेख गरिएको छ । यसैगरी परिच्छेद दुईमा अध्ययन सामाग्रीको समीक्षा, सरकारको पर्यटन सम्बन्धी नीति, योजना तथा कार्यक्रम तथा कार्यविधि, स्रोत परिचालन, स्थानीय सरकार सञ्चालन ऐन २०७४, ग्रामीण तथा होमस्टे पर्यटन, होमस्टे पर्यटनको आधार कार्यविधिको सार, दिगो तथा जिम्मेवार पर्यटन, पर्यटन

विकास व्यवस्थापनका पक्षहरू, पर्यटन बजारीकरण, बजेटको प्राथामिकताका सन्दर्भमा उल्लेख गरिएको छ । परिच्छेद तीनमा स्थलगत अध्ययनका सन्दर्भमा भुगोल, जलवायु, भौतिक पूर्वाधार, पर्यटकिय गन्तव्य, पर्यटन विकासको सम्भावना र बुझाई, सम्भावनाको पुष्टिका बारेमा उल्लेख गरिएको छ भने परिच्छेद चारमा योजना तथा कार्यक्रम, अध्ययनगत स्थलको हालको अवस्था, पर्यटन विकासका लागि आवश्यक पक्षहरू, उक्त स्थानमा गर्नुपर्ने कार्यक्रमहरू, सबल तथा कमजोर पक्ष, अल्पकालीन योजना तथा मध्यकालीन र दीर्घकालीन योजनाको सार उल्लेख गरिएको छ । यसैगरी अन्तिम परिच्छेद पाँचमा अध्ययनको सारांश तथा सुझावहरू उल्लेख गरिएको छ ।

यस प्रतिवेदनमा पर्यटनका वहुआयामिक अवसरहरूको पहिचान तथा खोजि गरिएको छ । परिवर्तन गाउँपालिकामा रहेका र हुन सक्ने पर्यटकीय गतिविधिहरूको सुक्ष्म अध्ययन गरीएकोमा जीवित संग्रहालय, कृषि पर्यटन, पदमार्ग, दृश्यावलोकन, होमस्टे, कोसेली घर, पर्यापर्यटन, स्थानीय पहिचानमा आधारित संग्रहालय, युद्ध पर्यटन (डार्क टुरिजम), योगा पर्यटन, जल पर्यटन, खेल पर्यटन आदिको सम्भावनामा जोड दिइएको छ । साथै उक्त योजनाको अवसर तथा चुनौतिको समीक्षा गर्दै अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तथा अनुमानित बजेटको समेत उल्लेख गरिएको छ । अन्तमा अनुसूचीहरू प्रश्नावली, अध्ययन सामाग्री तथा स्थलगत अवलोकनका तस्विरहरू राखिएको छ ।

**प्रा. डा. प्रेम शर्मा**

**टोली प्रमुख**

## विषय सूची


| | |
|---|---|
| परिवर्तन गाउँपालिका नक्सा | i |
| अध्ययन टोलि | ii |
| धन्यवाद ज्ञापन | iii |
| कार्यकारी सारांश | iv |
| विषय सूची | vii |
| **परिच्छेद–एक** | **१-१३** |
| १.१ पृष्ठभूमी | १ |
| १.१.१ परिवर्तन गाउँपालिकामा रहेका वडाहरू | ३ |
| १.२. उद्देश्य | ४ |
| (क) मुख्य उद्देश्य | ४ |
| (ख) अन्य उदेश्यहरू | ४ |
| (ग) अध्ययनका क्षेत्रहरू | ५ |
| (घ) गुरु योजनाको विशिष्ट उद्देश्यहरू | ८ |
| १.३ अध्ययन विधि | ८ |
| (क) विशिष्ट अध्ययन तथा छलफल | ८ |
| (ख) अध्ययन विधिका आधारहरू | ९ |
| १.४ प्रयोग गरी एका मुख्य विधिहरू | १० |
| (क) समूहगत छलफल | १० |
| (ख) स्थलगत अध्ययन | ११ |
| (ग) दस्तावेज अध्ययन | ११ |
| (घ) बुँदागत रूपमा प्रयोग गरिएकाविधि | ११ |
| १.५ अध्ययनका सीमाङ्कन | १२ |
| १.६ स्थलगत अवलोकनका उपलब्धीहरू | १३ |
| **परिच्छेद – दुई** | **१५ - ४६** |
| २. अध्ययन सामग्रीको समीक्षा | १५ |

२.१ सरकारको पर्यटनसम्बन्धी नीति १५
२.२. पर्यटन सम्बन्धी ऐन नियमहरूको व्यवस्था १९
२.३. योजना, कार्यक्रम र कार्यविधि २६
२.४ पर्यटन विकासका लागि सक्रिय संरचना तथा पूर्वाधार २७
२.५ संस्थागत व्यवस्था २८
२.६. केही सान्दर्भिक विषयहरूको समीक्षा ३०
२.७ स्रोत परिचालन (परिवर्तन) ३१
२.७.१ परिवर्तन गाउँपालिकाले तयार गरेका विभिन्न ऐन नियम तथा कार्यविधिहरु ३२
२.८ पर्यटन विकासमा लुम्बिनी प्रदेश ३४
२.८.१ पर्या पर्यटन ४०
२.८.९ कृषि पर्यटन ३५
२.९ ग्रामिण/होमस्टे पर्यटन ३६
२.९.१ होमस्टेका प्रकारहरू ३७
२.९.२ होमस्टेका आधारहरू ३७
(क) स्थानीय कृषि उत्पादन ३७
(ख) स्वच्छ वातावरण ३७
(ग) संस्कृतीमैत्री ३८
(घ) बहुआयामिक क्षेत्र ३८
(ङ) होमस्टेका लागि घर, कोठा र शैया ३८
(च) शौचालय र स्नानगार ३९
(छ) स्वास्थ्य, सरसफाई तथा सुरक्षा ३९
(ज) होमस्टेमा गर्नुपर्ने कार्यक्रमहरू ४०
(झ) होमस्टे सञ्चालकमा आवश्यक प्रकृया ४०
(ञ) होमस्टे दर्ताको लागि गर्नुपर्ने कार्यहरू ४०
(ट) होमस्टे व्यवस्थापन, क्रियाकलाप, र कार्यक्रमहरू ४१
(ठ) होमस्टे सञ्चालन तथा विकासका लागि कार्यान्वयन रणनीति तथा सुझाव ४२
२.१० दिगो तथा जिम्मेवार पर्यटन ४३
२.११ पर्यटन विकास व्यवस्थापनका पक्षहरू ४४

२.१२ पर्यटन बजारीकरण ४५
(क) २०८२/०८३ को बजेटको प्राथामिकता ४६
**परिच्छेद – तीन ४७ - ६५**
३.१ पृष्ठभूमी ४७
३.२ रोल्पा जिल्ला ४७
(क) परिवर्तन गाउँपालिकाको भौगोलिक अवस्था ४८
(ख) परिवर्तन गाउँपालिका ४८
(ग) सडक ५०
(घ) संचार ५०
(ङ) स्वस्थ्य ५०
(च) शिक्षा ५१
(छ) प्राविधि शिक्षा ५१
(ज) दक्ष जनशक्ति ५१
(झ) घरेलु तथा साना उद्योग ५२
(ञ) पशु पन्छी पालन ५२
(ट) नयाँ कृषि बाली ५२
(ठ) संस्कृती ५२
(ड) जातीय पहिचान ५२
(ढ) हावापानी ५२
(ण) खानेपानी ५२
(त) बसाईसराई ५३
(थ) खानपान ५३
(द) उत्पादन ५३
(ध) आवास ५३
(न) दृश्य अवलोकन ५३
(प) वनभोज स्थान ५३
(फ) तालिम ५३
(ब) स्थनीय सरकारको चासो ५३

३.३ पर्यटकीय वस्तु तथा गन्तव्यहरू ५४
३.४  अन्य पर्यटकीय सम्भावनाका क्षेत्रहरू ५७
३.५ साझा सहमति र प्रतिवद्धता ५८
३.६ सम्भावनाको पुस्ट्याई ६०
३.७ स्थानीय सरोकारवालासँगको छलफल र निष्कर्ष ६१
(क) सुक बहादुर बुढा मगर - परिवर्तन गाउँपालिका अध्यक्ष ६२
(ख) कलादेवी खत्रेनी - परिवर्तन गाउँपालिका उपाध्यक्ष ६२
(ग) प्रमुख प्रशासकिय अधिकृति : नीम बहादुर के.सी. ६३
(घ) परिवर्तन गाउँपालिकाका वडा अध्यक्षहरू ६३
(ङ) पूर्व जनप्रतिनिधि ६३
(च) होमस्टे सञ्चालक ६४
(छ) कृषि व्यावसायी ६४
अन्य व्यावसायीहरूको सुझाव ६५
छलफलको निष्कर्ष ६५
(छ) प्रश्नावलीको आधारमा प्राप्त गरिएकासूचना (जनप्रतिनिधि तथा स्थानीयबासी) ६५

**परिच्छेद - चार** **६८ - ८९**

४.१ परिवर्तन गाउँपालिकामा पर्यटन विकासका लागि योजना तथा कार्यक्रमहरू ६८
४.२. केही नीतिगत व्यवस्थाहरूको आवश्यकता ६८
४.२.१. नियम, कानूनमा संसोधनद्वारा सहजीकरण ६८
४.२.२. समन्वय र सहकार्यको वातावरण निर्माण ६९
४.२.३. समितिको स्थायित्व र उत्तरदायित्व ६९
४.२.४ गरी बी निवारणमा अनुदान ६९
४.२.५. जडिबुटी सदुपयोगको योजना ७०
४.२.७  परिवर्तन पालिका महोत्सव ७०
४.३ दीर्घकालीन योजनाका रूपमा गर्नुपर्ने महत्त्वपूर्ण कार्यहरू ७०
(क) सुविधाजनक पदमार्गको व्यवस्था ७१
(ख) मोटर बाटोको सुविधा ७१
(ग) सम्पदाको अभिलेखीकरण ७१

(घ) संग्रहालयको निर्माण ७१
(ङ) योगा हल ७१
(च) जीवित संग्रहालय ७२
(छ) धारा चौतार संरक्षण गर्ने ७२
(ज) प्रकाशन र सहज उपलब्धता ७२
(झ) पाठ्यक्रम र पाठ्यपुस्तकको तर्जुमा ७२
(ञ) पैदलमार्गको निर्माण ७२
(ट) स्वास्थ्य तथा शान्ति सुरक्षा ७३
(ठ) पर्यटकीय होटलको विकास गर्ने ७३
(ड) प्रचार प्रसार ७३
४.४ पर्यटन विकासका लागि तत्काल गर्नुपर्ने कामहरू ७३
(क) खेलकुद हवको निर्माण ७४
(ख) दूग्धजन्य पदार्थको विकास तथा व्यवस्थापन ७४
४.५ अल्पकालीन योजनाका रूपमा गर्नुपर्ने केही महत्त्वपूर्ण कार्यहरू ७४
४.६ केही महत्त्वपूर्ण उपलब्धीहरू ७६
(क) नीतिगत अर्थात अन्य उपलब्धीहरू ७६
(ख) भौतिक अर्थात निर्माणसँग सम्बन्धित उपलब्धीहरू ७७
४.७ पर्यटकीय स्थलहरूको अन्तरसम्बन्ध ७७
४.८ सबल, कमजोर, अवसर, र चुनौतीका पक्षहरू (SWOT) ७८
४.९. अध्ययन स्थलका मुख्य सम्भावनाहरू ७८
(क) अवसर अथवा सवल पक्षहरू ८२
(ख) चुनौती तथा कमजोर पक्षहरू ८३
४.१० विस्तृत रूपमा योजना तथा कार्यक्रमहरू ८६
४.११ अल्पकालीन योजनाहरू ८६
४.१२. मध्यकालीन तथा दीर्घकालीन योजनाहरू ८९
**परिच्छेद – पाँच** **९३ - ९५**
५.१ सारांश ९३
(क) प्रारम्भिक प्रतिवेदनमाथि छलफल ९४

५.२ केही महत्त्वपूर्ण सुझावहरू ९५

सन्दर्भ सामग्री ९७

**अनुसूची 'क'**

Check list १००

**अनुसूची 'ख'**

पर्यटनका मूख्य आधार तथा सम्भावनाका क्षेत्रहरू १११

**अनुसूची 'ग'**

छलफलमा सहभागी ११९

**अनुसूची 'ग'**

स्थलगत अवलोकन तथा छलफलका केही झलकहरू १२१

## परिच्छेद–एक

## परिचय

### १.१ पृष्ठभूमी

विश्वमा आज पर्यटनबाट प्राप्त भएको रोजगारी तथा यसले पारेको आर्थिक असरलाई ठूलो महत्वका साथ हेर्ने गरीन्छ । विकसित देश वा विकासोन्मुख देश सबैमा यसको सकारात्मक प्रभाव परेको हामी सहजै अनुमान गर्न सक्दछौँ । पछिल्लो समय पिछाडिएको स्थान वा दुरदराजको विकास समेत पर्यटनको पहिचान र विकासको माध्यमबाट सम्भव हुन सक्दछ । त्यसैले आजको आवश्यकता पर्यटनको सुक्ष्म पहिचान गरी दीर्घकालिन योजना, कार्यक्रम, सचेतनाको आवश्यकता रहेको छ ।

बहुजाती, बहुभाषी, बहुसंस्कृति देख्न सकिने यस पालिकाका पर्यटकीय गहनाको रूपमा लिन सकिन्छ । यति मात्र नभई यहाँ रहेका बनजङ्गल, ऐतिहासिक स्थानहरू, जिवजन्तु जनावार, जातीय इतिहास, एतिहासिक दस्तावेज, सुन्दर प्रकृति, कृषि उत्पादन, फरक प्राकृतिक दृश्य, आफैंमा महत्त्वपूर्ण रहेका छन् । परिवर्तन गाउँपालिकाभित्र रहेका नदीनाला, ताल, झरना, धारा, पँधेरा, चौतारीहरूको समेत ऐतिहासिक कथनहरू रहेका छन् । तिनीहरूको उठान गरी पर्यटनसँग जोड्न आवश्यक देखिन्छ । यसले स्थानीय जनजिविकाको समेत आर्थिक, सामाजिक, शैक्षिक विषयहरूमा सकारात्मक प्रभाव पार्दछ ।

परिवर्तन गाउँपालिका नेपालको पछिल्लो प्रशासनिक विभाजनअनुसार परिवर्तन गाउँपालिका रोल्पा जिल्लामा अवस्थित छ । १० वर्षे सशस्त्र जनयुद्धको उद्‌गमस्थल परिवर्तन गाउँपालिका भौगोलिक रूपमा विकट भए पनि वन तथा जैविक विविधताले धनी रहेको छ । यो गाउँपालिकाको कुल क्षेत्रफल १६३.०१ वर्ग कि.मि. रहेको छ जसमध्ये सबैभन्दा कम क्षेत्रफल ३ नं. वडाले (१२.६८ वर्ग कि.मि.) र सबैभन्दा बढि १ नं. वडाले (४७.७६ वर्ग कि.मि) ओगटेको छ । यस पालिकाको पूर्वमा थवाङ गाउँपालिका, पशि्चममा सुकिदह र माडी गाउँपालिका, उत्तरमा रुकुम जिल्ला र दक्षिणमा माडी गाउँपालिका र रोल्पा रहेको छ ।

हालको परिवर्तन गाउँपालिकाको पृष्ठभूमी रोल्पा जिल्लासँग जोडिएको छ । नेपालको एकीकरण पूर्व अन्य बाइसे चौबिसे राज्यहरूमा जस्तै यस भेगमा पनि छुट्टै राजाहरूले राज्य गर्दथे । तथापि यहाँका राजाहरूले अन्य राजाहरू जस्तो प्रख्याति पाएको भने सुनिँदैनथ्यो । त्यसको कारण सम्भवतः राज्यको क्षेत्र सानै भएर हुन सक्छ । गजुलकोटमा काठमा लेखिएको वि.सं. १७०३ को

अभिलेख पाइएबाट त्यहाँ राजदरवार रहेको प्रमाणित हुन्छ । सेन राजा गजुलमा सुरुदेखि नै बसेको भने पाइदैन । गजुल क्षेत्रमा राज्य व्यवस्था त थियो तर त्यहाँ केही समय राजा नभएकोले त्यहाँका काजीहरू राजगुण भएको प्रतिभाशाली व्यक्तित्वको खोजीमा थिए भन्ने जनश्रुति छ । उनीहरूले गजुलमा एउटा पोखरी खन्ने क्रममा नजिकैको चौतारीमा शिरको फेटा फुकालेर जो व्यक्ति बस्छ उसैलाई राजा बनाउने गुप्त सल्लाह गरेका थिए । यस्तैमा जाजरकोट जक्तिपुरबाट आएका तुथासेन त्यही चौतारीमा आई काजीहरूको गुप्त सल्लाहअनुसारको प्रकृतिबाट बसेपछि उनलाई नै राजा बनाइयो । तुथासेन त्यहाँ आई पुग्ने अवस्था पनि मार्मिक रहेको पाइन्छ जुन यस प्रकार छः तुथासेन जाजरकोट जक्तिपुरका राजा थिए । उनी निकै धार्मिक प्रकृतिका व्यक्ति थिए । उनका भाइको दुर्भाग्यवश निधन भएपछि विधवा भाइ बुहारीलाई उनले नै विवाह गर्नुपर्छ भनी बाध्य गराउन थाल्दा सो कुरा नमानी विरक्तिएर राज्य समेत ब्राम्हणहरूलाई दान गरेर मुक्ति क्षेत्रतर्फ हिँडेका बखत सोही क्रममा उनी गजुलकोट आई चौतारामा बसेका रहेछन् । उनले त्यहाँको राजा हुन स्वीकारेपछि उनको विवाह रुकुम दरिजेनमका राजाकी छोरी तुरुवावतीसँग गराइयो । त्यसबखत गजुल राज्य अन्तर्गत १८ गाउँ थिए । तुथासेनका ५ र ६ पुस्तापछिका धैर्यपाल गजुल मै राजा भए र उनका भाइ कर्णपाल खुँग्रीकोटका राजा भए । उनलाई राज्य रजौटा उन्मुलन पश्चात् पनि भत्ता उपलब्ध भइरहेको थियो । त्यसरी भत्ता प्राप्त गर्ने अन्तिम राजा भने फत्ते प्रचण्ड बहादुर सिंह हुन् । उनको वि.सं. २०४९ सालमा मृत्यु भयो । वि.सं. २०१८ सालमा नेपालका ३४ जिल्लाहरूलाई ७५ जिल्लामा विभाजन नगर्दा सम्म रोल्पा जिल्लाको वर्तमान क्षेत्र प्युठान र सल्यान जिल्लामा पर्दथ्यो । पछि सात सय सखी, आठ हजार बुढागाउँ, नौसय माडिखोला, रोल्पा बाइसखुवा र कालाशेष थुम (मौजा) का नामले चिनिने वि.सं. २०१८ साल पूर्वको रोल्पा क्षेत्र वि.सं. २०१८ सालमा सल्यान र प्युठानको केही क्षेत्र मिलाई बनाइएको र त्यस बखत ३३ गाउँ पञ्चायत रहेको थियो । वि.सं. २०३४ सालमा सीमाना हेरफेर गरी ५१ गाउँ पञ्चायत बनाइयो । गाउँपालिका गाउँ विकास समितिलाई बिस्तार गरेर बनाइएको नेपालको नयाँ निर्मित स्थानीय तह हो । हालै सरकारले गा.वि.स. विघटन गरी गाउँपालिका बनाएको हो । २०७३ सालमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले ७४४ स्थानीय तह लागू गर्दा गा.वि.स. विघटन गरी ४ सय ७९ गाउँपालिका बनाएको थियो । मन्त्रालयले साबिकका ३५ वटा गाउँपालिकालाई नगरपालिका बनाएको कारण साबिक ४ सय ७९ गाउँपालिकाको सङ्ख्या घटेर ४ सय ६३ कायम भएका छन् । रोल्पा जिल्लाका साबिकका राङकोट, राङसी, कुरेली, इरीवाङ र पाछावाङ गाउँ विकास समितिहरूलाई समेटेर

दुईखोली गाउँपालिका घोषणा गरिएको थियो जुन हाल परिवर्तन गाउँपालिकाको नाममा रोल्पा जिल्लामा अवस्थित छ ।

२०७४ भदौ २७ गते प्रथम गाउँ सभाले सर्वसम्मत रूपमा गाउँपालिकाको नाम परिवर्तन गर्ने निर्णय गर्दा दुईखोली गाउँपालिकाको नाम परिवर्तन गाउँपालिका भएको हो । त्यस्तै, राङकोटमा रहेको केन्द्रलाई सबैको पायक पर्ने र उपयुक्त भौगोलिक बनावटको कारणले 'पुतलाचौर' मा सारिएको छ । यस गाउँपालिका उपराष्ट्रपति नन्द बहादुर पुन तथा नेतृ जयपुरी घर्ती मगरको घर रहेको गाउँपालिका समेत हो । दशवर्षे सशस्त्र जनयुद्धका क्रममा सहादत प्राप्त गरेका उच्च तहका नेतृत्वकर्ता नेपबहादुर के.सी. 'परिवर्तन' को नामबाट 'परिवर्तन' गाउँपालिका राखिएको हो ।

पहाडी क्षेत्रमा पर्ने गाउँपालिकाको केही भागमा खेतियोग्य उर्बर जमिनले ओगटेको भए पनि अधिकांश भाग पहाडले ओगटेको छ । जल, जंगल, जमिन, जनावर र जडिबुटिको कमी नभएको यस गाउँपालिकामा सानाठूला गरी धेरै खोला र खोल्सा तथा नदीहरू रहेका छन् ।

### १.१.१ परिवर्तन गाउँपालिकामा रहेका वडाहरू

*तालिका नं. १ परिवर्तन गाउँपालिकामा रहेका वडाहरू*

| वडा नं. | साविक गा.वि.स. | साविकको वडा नं. | हालको क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|---|---|
| १ | कुरेली | १–९ | ४७.७६ |
| २ | राङ्सी | १–९ | ३२.६९ |
| ३ | इरीवाङ | ५–९ | १२.६८ |
| ४ | पाछावाङ | १–९ | ३१.७२ |
| ५ | राङकोट | १–९ | २४.९६ |
| ६ | इरीवाङ | १–४ | १३.२ |

स्रोत : गाउँपालिकाको कार्यालय, २०८२

परिवर्तन गाउँपालिकामा कहीँ घना जंगल, कहीँ ठूला जमिनका फाँट, कहीँ हराभरा उर्बरा जमिन रहेका छन् । यहाँ उत्पादन हुने कृषिजन्य वस्तु, हस्तकला (डोको, डालो....), फलफूल, जंगली जडिबुटीहरूबाट समेत राम्रो आयआर्जन गर्न सकिने अवस्था रहेको छ । कृषि नै यहाँका बासिन्दाको मुख्य पेशा रहेको छ भने खेतीमा मकै, गहुँ, जौ, कोदो, धान, भट्टमास, आलु प्रमुख बाली

हुन् । उल्लिखित सबै दृश्य, उत्पादनका साधन स्रोतहरूलाई पर्यटनसँग जोडेर अल्पकालीन तथा दीर्घकालीन योजना बनाउन आवश्यक ठानी यो प्रतिवेदन तयार गरिएको छ ।

## १.२. उद्देश्य

परिवर्तन गाउँपालिकाको समग्र वस्तुस्थिति र सम्भावनाको अध्ययन गरी यहाँको पर्यटकीय विकासका लागि योजना तयार गरिएको छ । पर्यटन प्रवर्द्धन गर्नका लागि यो एक महत्त्वपूर्ण मार्गनिर्देश बन्न सक्नेछ । यस्ता परियोजनाहरूको कार्यान्वयन निश्चित रूपमा स्थानीय सहभागीताबाट हुनेछ ।

### (क) मुख्य उद्देश्य

(क) परिवर्तन गाउँपालिकाको पर्यटन गुरुयोजना तयार गरी दीर्घकालीन विकासको आधार तयार गर्नु रहेको छ ।

### (ख) अन्य उदेश्यहरू

(क) पर्यटकीय वस्तुहरूको पहिचान गर्नु ।

(ख) पर्यटकीय पहिचान भएका वस्तुहरूको अभिलेखीकरण गर्नु ।

(ग) पर्यटकीय वस्तुहरूलाई दीर्घकालीन विकासको योजनासँग जोड्नु ।

(घ) महत्त्वपूर्ण भौतिक तथा अभौतिक सम्पदाहरूको अध्ययन गर्नु ।

(ङ) समयअनुकुल पर्यटन विकासको लागि दस्तावेज तयार गर्नु ।

(च) आवश्यक सुझावहरू सङ्कलन गरी दस्तावेजीकरण गर्नु ।

(छ) पर्यटनका बहुआयामिक क्षेत्रको सन्दर्भमा सुझाव दिनु ।

(ज) सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्न आधार तयार गर्नु ।

(झ) स्थानीय कृषि उत्पादनको अवस्था, नयाँ कृषिबालीको सम्भावनामाथि छलफल गर्नु ।

(ञ) परिवर्तन गाउँपालिकामा रहेको प्राकृतिक, साहसिक, धार्मिक, सांस्कृतिक र मनोरञ्जन पर्यटन समावेश गर्न र पूर्ण पर्यटन गन्तव्य स्थान सिर्जना गर्ने योजना सिफारिस गर्ने ।

(ट) सार्वजनिक निजी साझेदारीमा पर्यटन साइट निर्माण तथा सञ्चालन गरेर विभिन्न रोजगारीको अवसर सिर्जना गर्न आवश्यक विश्लेषण गर्ने ।

(ठ) राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटकहरूलाई उक्त क्षेत्रमा पर्यटकीय गन्तव्यमा आकर्षित गर्ने र क्षेत्रीय पर्यटन क्षेत्र स्थापना गर्ने ।

(ड) स्थानियवासीलाई पर्यटनको विकास सम्बन्धी जानकारी गराउनु ।

**(ग) अध्ययनका क्षेत्रहरू**

- गाउँपालिकामा आउने अन्तरिक तथा बाह्य पर्यटकहरूको सङ्ख्या, सङ्ख्याको गतशीलता, सङ्ख्याको समूहगत तथा भूगोलिक वितरण, पर्यटकहरूको मूख्य गतिविधिहरू, बसाई र खर्च गर्ने प्रवृति र मनोवृति विश्लेषण गर्न ।
- राजस्व सङ्कलन, रोजगारी सिर्जना र कुल ग्राहस्थ उत्पादनमा अन्तरिक तथा बाह्य पर्यटनले गरेको योगदानको विश्लेषण गर्न र भविष्यमा यस क्षेत्रको विस्तार र विकास पश्चात् हुन सक्ने योगदानको प्रक्षेपण गर्न ।
- पर्यटन गतिविधिले सामाजिक तथा सांस्कृतिको वा पार्न सक्ने सकारात्मक र नकारात्मक प्रभावको विश्लेषण गर्न ।
- पर्यटकीय पूर्वाधार, होटल, पदमार्ग, सडक, खानेपानी, सूचना प्रविधि आदिको अवस्थाबारे तथ्याङ्क सङ्कलन र विश्लेषण गर्न ।
- पर्यटकीय गन्तव्यमा उपलब्ध होटल, होमस्टे, तथा अन्य पर्यटन सेवा तथा मापदण्डबारे तथ्याङ्क सङ्कलन र विश्लेषण गर्न ।
- गाउँपालिकाको पर्यटन क्षेत्रमा सार्वजनिक तथा निजी क्षेत्रले गरेको लगानीको विश्लेषण गर्न ।
- पर्यटन क्षेत्रसँग सम्बन्धित तथ्याङ्क सङ्कलन, विश्लेषण र व्यवस्थापन गर्न आवश्यक रणननीति, कार्यननीति र कार्यक्रमको विकास गर्न ।

- गाउँपालिकाको पर्यटकीय गन्तव्यहरूको अवस्था तथा गन्तव्यमा दिगो विकास र व्यवस्थापनमा रहेका समस्या र चुनौतीहरू पहिचान गर्न ।
- पर्यटकीय गन्तयवहरूमा धार्मिक तथा सांस्कृतिक, खेल पर्यटन तथा साहित्यिक पर्यटनबारे र सुदृढीकरणका सम्भावनाबारे अध्ययन गर्न ।
- पर्यटकीय गन्तव्यहरूमा उपलब्ध सुरक्षा, उद्दार र उपचारको अवस्था विश्लेषण र नक्साङ्कन गर्न ।
- पर्यटकीय गन्तव्यहरूमा सम्भावित पर्यटन प्याकेज विकास गर्न ।
- पर्यटकीय गन्तव्यहरू र गन्तव्यमा उपलब्ध पयाकेजहरू विश्लेषण गरी गन्तव्यहरूको वर्गीकरण गर्न र गाउँपालिकाभित्रका सम्भावित क्षेत्रहरूको अध्ययन गर्न ।
- पर्यटक गेटवे, पर्यटकीय गन्तव्य, पर्यटक रुट लगायतका उपलब्ध संस्थागत संरचना आदिको नक्साङ्कन गर्न ।
- पर्यटन कियाकलाहरूले ग्रामीण क्षेत्रतिर प्रवाहित गर्दै रोजगारीका नयाँ अवसरहरू वृद्धि गर्ने र पर्यटन क्षेत्रबाट महिला, गरीब तथा पिछडिएकावर्ग लाभान्वित हुने व्यवस्था गर्न आवश्यक सामाजिक तथा आर्थिक सुधार र पूर्वाधारहरूको आवश्यकता पहिचान गर्न ।
- जैविक विविधता, वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण र सम्पदाहरूको विकास, संरक्षण एवम् प्रवर्द्धन गर्दा पर्यापर्यटन (Eco Tourism) को आवश्यकता औँल्याउने तथा यसबाट वातावरणमा पार्न सक्ने नकारात्मक असरहरूको समाधानका उपायहरू पहिचान गर्न ।
- पर्यटकीय गन्तव्यहरूलाई स्तरीय बनाउन पूर्वधार विकास तथा व्यवस्थापन गर्न आवश्यक अल्पकालीन, मध्यकालीन र दिर्घकालीन रणननीति, कार्यननीति र कार्यक्रमको विकास गर्न ।
- पर्यटकीय वस्तु तथा उपजको प्रचार प्रसार तथा ब्राण्डीङको अवस्था, पहिचान र प्रचार प्रसार तथा ब्राण्डीङमा रहेका समस्या र चुनौतीहरू पहिचान गर्न ।
- गाउँपालिकाका पर्यटकीय गन्तव्य, पर्यटन वस्तु तथा उपजको प्रचार प्रसार तथा ब्राण्डीङका लागि आवश्यक अल्पकालीन, मध्यकालीन र दिर्घकालीन रणनीति तथा कार्यननीति र कार्यक्रमको विकास गर्न ।
- पर्यटकीय होटल तथा होमस्टेहरूमा खपत हुने खानाको परिकार पहिचान गर्न ।

- स्थानीय कच्चा पदार्थमा आधारित लघुउद्यमको पहिचान गरी विकासका लागि आवश्यक रणननीति, कार्यननीति र कार्यक्रम विकास गर्न ।
- पर्यटन क्षेत्रमा आवश्यक जनशक्तिको उपलब्ध, माग तथा समस्याहरूको विश्लेषण गर्न ।
- पर्यटन क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता र दक्षता अभिवृद्धिका लागि आवश्यक रणनीति तथा कार्यनीति र कार्यक्रमको पहिचान गर्न ।
- गन्तव्यहरूको विकासका लागि आवश्यक पूर्वधारहरूको पहिचान गर्न र प्रारम्भिक लागतको अनुमान गर्न ।
- गाउँपालिकाको पर्यटन क्षेत्रलाई नै रूपान्तरण गर्न सक्ने गरी मुख्य कार्यक्रम पहिचान गर्न ।
- पर्यटकीय गन्तव्यहरूमा पूर्वधार निर्माणका लागि तीन तहका सरकार तथा निजी क्षेत्रको भूमिकाका लागि लगानीको उपायहरू पहिचान गर्न ।
- पर्यटकीय गन्तव्यहरूमा निर्माण गर्नुपर्ने पूर्वाधारहरूको प्राथमिकता गर्न र पूर्वाधार निर्माणका लागि आवश्यक अल्पकालीन, मध्यकालीन र दिर्घकालीन रणनीति तथा कार्यनीति र कार्यक्रमको विकास गर्न ।
- पर्यटन नीति, ऐन, नियम तथा संस्थागत संरचनाको विश्लेषण गरी समस्या र चुनौतीहरू पहिचान गर्न ।
- नेपाल सरकारबाट बनेका पर्यटनसँग जोडिएका विगतका योजना तथा प्रदेश सरकारका नीति, कार्यक्रम तथा अवधारणाको विश्लेषण गर्न ।
- लगानी र व्यवसाय संचालनका मुख्य अवरोधहरू पहिचान गरी लगानी तथा व्यापार व्यवसाय अनुकूलन वातावरण सृजना गर्ने रणननीति, कार्यनीति र कार्यक्रमको विकास गर्न ।
- पर्यटन गुरुयोजनाले निर्देश गरेका कार्यक्रमहरूको कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना सिफारिस गर्ने ।
- गुरुयोजना अनुसारका विकास र निर्माणका कामहरू गर्दा लाग्ने अनुमानित बजेट, समय र लागत सम्बन्धी विषय उल्लेख गर्ने ।

### (ग) गुरु योजनाको विशिष्ट उद्देश्यहरू

१. पर्यटन क्षेत्रको योजनावद्ध विकास गर्न स्थानीय सरकार, सरोकारवाला निकाय, व्यवसायी तथा विकासका साझेदार निकायहरू बिच समन्वय र सहकार्य गर्नु ।

२. यस क्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गरी पर्यटकीय स्थलको रूपमा स्थापित गर्नु रहेको छ ।

## १.३ अध्ययन विधि

चिनीयाँ दार्शनिक कन्फुसियसले भनेका छन् – **"एउटा व्यक्ति जसले दीर्घकालीन सोंच राख्दैन र योजना बनाउँदैन उसले आफ्नो ढोकैमा कष्ट भोग्नुपर्नेछ"** । हरेक व्यक्ति अथवा संस्थाको आफ्नो दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य तथा ती उद्देश्यहरू प्राप्त गर्ने रणनीतिक योजना हुन्छन र हुनुपर्छ । जसको छैन त्यसले बाहिर जानै पर्दैन, आफ्नै घरको ढोकामै दुःख झेल्नु पर्नेछ । त्यसैले प्राथमिक तथ्याङ्क तथा तथ्य प्रमाणको आधारमा प्रमुख सवाल तथा मुद्धाहरूको सही विश्लेषण गर्न, दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, वर्तमान यथार्थता र गन्तव्य जनाउने सूचकाङ्कहरू तथा अपेक्षित उपलब्धी आदि समावेश गरी गुरुयोजना निर्माण गर्न जरुरी हुन्छ । त्यसैले गुरुयोजना भनेको एउटा मार्गदर्शन हो । शिक्षा हो । यो अध्ययन परिवर्तन गाउँपालिकाको दीर्घकालीन सोंच  तथा पर्यटन विकासको लागि व्यवस्थापनको पक्षलाई समेत महत्त्व दिइएको छ ।

### (क) विशिष्ट अध्ययन तथा छलफल

यस अध्ययनलाई प्रभावकारी बनाउनको लागि विषयगत विभिन्न प्रश्नहरू तयार गरी सरोकारवाला व्यक्ति, समूह, संघसंस्था आदि निकायहरूसँग छलफल गरिएको छ । जसलाई पछाडि अनुसूचीमा समावेश गरिएको छ ।

१. पालिकाले प्रकाशन गरेका दस्तावेजहरूको अध्ययन र पालिकाको योजना, बजेट र नीतिहरूको अध्ययन गरिएको छ ।

२. परियोजना क्षेत्र र यसको योजना प्रक्रिया बुझ्नको लागि गाउँपालिकाभित्रका जनप्रतिनिधि र आसपासका क्षेत्रका राजनीतिक दल, सामाजिक संस्था, गैर सरकारी संगठन र एन.जी.ओ/ आइ.एन.जी.ओ आदिभित्र सम्बन्धित सहभागीहरू र सम्बन्धित क्षेत्रीय एजेन्सीहरूसँग सुरुवात बैठक र अन्तरक्रिया गरिएको छ ।

३. स्थानीय जनप्रतिनिधि सहितको स्थलगत अवलोकन एवं अध्ययन गरिएको छ ।

४. स्थलगत तथा द्वितीय श्रोतहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

५.सङ्कलित तथ्याङ्कहरूको विश्लेषण गरी स्थलगत अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

६. पर्यटन गुरु योजना तयार गर्नु अघि सरोकारवालाहरूसँग छलफल तथा कार्यशाला गोष्ठी गरी सुझाव सङ्कलन गरिएको छ ।

७. सार्वजनिक शौचालय, सूचना केन्द्र, प्रवेश द्वार, विश्राम कक्ष आदिको अध्ययन गरिएको छ ।

८. मस्यौदा प्रतिवेदन प्रस्तुति पश्चात सम्बन्धित सरोकारवालाहरूवाट सुझाव सङ्कलन गरिएको छ ।

९. सहभागीहरूका सुझाव टिप्पणीहरू समावेश गरेर अन्तिम प्रतिवेदन पेश गरिएको छ ।

१०. पर्यटकहरूसँग अन्तर्वार्ता तथा छलफल गरिएको ।

११. आवश्यकताको आधारमा केही स्थानहरूको स्थलगत अवलोकन गरिएको ।

१२. आवश्यकताअनुसार प्रविधिको प्रयोग गरिएको ।

१३. परिवर्तन गाउँपालिकाका अध्यक्ष, उपाध्याक्ष, स्थानीय जनप्रतिनिधि लगायतसँग आवश्यक सूचना सङ्कलन गरिएको ।

१४. अवलोकन तथा अन्तरक्रियाका लागि चेकलिस्ट तयार गरिएको ।

**(ख) अध्ययन विधिका आधारहरू**

अध्ययन तथा दस्तावेज तयार गर्ने क्रममा विभिन्न विधिको प्रयोग गरिएको छ । जसमा आवश्यकताअनुसार छलफल, सूचना सङ्कलन, दस्तावेजको अध्ययन, अन्तरर्वार्ता तथा टेलिफोन सम्पर्क गरेर तथ्याङ्क सङ्कलन गरी उपयुक्त सुझाव सहितको दस्तावेज तयार गरिएको छ ।

तालिका नं. २ अध्ययन विधिका आधारहरू

| **क्र.सं.** | **अध्ययन विधि** | **कैफियत** |
|---|---|---|
| १. | छलफल विधि | |

| | | |
|---|---|---|
| २. | प्रश्नोत्तर विधि | |
| ३. | तथ्याङ्क सङ्कलन र विश्लेषण | |
| ४. | स्थलगत अध्ययन | |
| ५. | रेकर्डर विधि | |
| ६. | अन्य | |

## १.४ प्रयोग गरिएका मुख्य विधिहरू

अध्ययनका फरक फरक विधि र पद्धति भए तापनि यसमा मूल रूपमा तीनवटा विधिको अधिक प्रयोग गरिएको छ ।

### (क) समूहगत छलफल

देशको राजधानिबाट टाढा रहेको परिवर्तन गाउँपालिका रोल्पा जिल्लमा रहेको छ । उक्त पालिकामा जम्मा ६ वटा वडाहरू रहेका छन् । गाउँपालिका पुग्नको लागि काठमाडौंबाट करिब दुई दिन लग्दछ । यो गुरुयोजना तयार गर्दा सामूहिक छलफल, जनप्रतिनिधिसंग छलफल तथा स्थानीयबासी, विज्ञ लगायतसँग अन्तरक्रिया गरिएको छ । प्रतिवेदनलाई परिणाममूखि बनाउन आवश्यक सुझाव सङ्कलन गरिएको छ । समूहगत छलफलको क्रममा अत्यन्तै सुक्ष्म र जिवनपयोगी विषयवस्तुको छनौट गरी उक्त विषयवस्तुमाथि सबैको अपनत्व रहनेगरी आवश्यकताअनुसार सोही स्थानमा बसी सबैका राय सङ्कलन गरिएको छ ।

कामको सुरुवात गर्नुअघि लक्षित कामका निम्ति के कस्तो अध्ययन टोली बनाउँदा त्यो बढी प्रभावकारी होला भन्ने विषयमा पनि पर्याप्त सरसल्लाह गरिएको र तत्पश्चात् तोकिएको टोलीले आपसमा छलफल गरेर कामको पहिचान र बाँडफाँड गर्नेदेखि एकआपसमा कसरी समन्वय गरेर काम गर्ने भन्ने बारेमा पनि औपचारिक र अनौपचारिक कुराकानीहरू गरिएको छ । टोलीले गर्नुपर्ने काम, त्यसको क्षेत्र र प्रक्रियागत विषयहरूमा पनि पटकपटकको छलफल र सहमतिबाटै कामको सुरुवात गरिनुले यो दस्तावेज बढी उपयोगी बन्न सक्नेछ ।

परिवर्तन गाउँपालिकामा पर्यटन गुरुयोजनाको सन्दर्भमा यो नै पहिलो र महत्त्वपूर्ण अभ्यास र आधार भएको स्थानीय तथा जनप्रतिनिधिहरूको तर्क रहेको छ । जुन दीर्घकालीन विकासको योजनामा समेत महत्त्वपूर्ण दस्ताबेजको रूपमा रहन सक्नेछ ।

**(ख) स्थलगत अध्ययन**

परिवर्तन गाउँपालिकाको पर्यटन गुरुयोजना बनाउनु पूर्व उक्त स्थानमा जानको लागि जनप्रतिनिधिहरूसँग आवश्यक फोन सम्पर्क गर्नुका साथै समयको सुनिश्चित गरियो । त्यसै गरी उक्त स्थानमा जानुपूर्व अध्ययन टोलिका सदस्यहरू बिचमा समेत बसेर आवश्यक प्रश्नहरू तयार गरी उक्त (Check list) माथि छलफल गरी स्थलगत अध्ययन गर्ने अवलोकन गर्ने आधारहरू स्पष्ट बनाइयो ।

विभिन्न चरणको छलफलमा उक्त स्थानमा पुगी क्रमबद्ध रूपमा तयार गरिएको प्रश्नमाथि छलफल गरी स्थलगत अवलोकनको काम सुरु गरियो । उक्त स्थानमा भएका सम्पदाहरू, दृश्य देखिने स्थान, जातीय संस्कृति, भेषभुषा, खोला, झरना, कुवा, शैक्षिक स्थानहरूको बारेमा आवश्यक स्थानहरू घुम्ने काम गरी यो जुन यस अध्ययनको लागि अत्यन्तै महत्त्वपूर्ण रहेको छ ।

**(ग) दस्तावेज अध्ययन**

अध्ययनबाट वास्तविक निचोड निस्कोस् भन्नका लागि दस्ताबेज अध्ययनको पक्षलाई पनि महत्त्व दिइएको छ । जसअनुसार अध्ययन टोलीले त्यहाँ पुग्नुअघि परिवर्तन गाउँपालिका तथा वडाहरूको बारेमा जानकारी दिने विभिन्न पुस्तक, प्रतिवेदन, पालिकाको प्रोफाईल र अन्य सामग्रीहरूको पूर्व अध्ययन गऱ्यो । यसअघि विभिन्न समयमा विभिन्न संघ/संस्था र निकायहरूले बनाएका योजना र तिनका प्रतिवेदनहरूको पनि अध्ययन गरियो । सोहि क्रममा पालिकालाई आधार मानेर गरिएको पदमार्ग तथा सडक मार्गको दस्ताबेजको अध्ययन, होमस्टेको प्रतिवेदन, पर्यटन क्षेत्रलाई विषयवस्तु बनाएर लेखिएका पुस्तकहरू र पत्रपत्रिकामा प्रकाशित सम्बन्धित विषयका सामग्रीहरू पनि अध्ययन टोलीका सन्दर्भ सामग्रीहरू रहका छन् । साथै पालिकाको योजना तथा कार्यक्रमको सन्दर्भमा पनि अध्ययन गरिएको छ ।

यसरी सम्बन्धित सवै पक्षको अध्ययन र छलफलपछि अध्ययन टोलीका सबै सदस्यहरूको व्यापक छलफल एवं विश्लेषणका आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

**(ग) बुँदागत रूपमा प्रयोग गरिएको विधि**

(क) TOR मा उल्लेख भएअनुसार विज्ञहरूको समावेस गरिएको छ ।

(ख) त्यसरी छनौट भएका सदस्यहरूबिच पटकपटक भेटघाट र छलफल गरिएको छ ।

(ग) भ्रमण दलका सदस्यहरूबिच परिवर्तन गाउँपालिकाका विषयमा प्रकाशित पुस्तक, लेख रचना र प्रतिवेदन आदिको खोज र पूर्वअध्ययन गरिएको छ ।

(घ) सरकारी र गैरसरकारी निकायहरूबाट तथ्यगत सूचनाहरू लिइएको छ ।

(ङ) भ्रमण दलका सदस्यहरूबिच विषयगत विज्ञताका आधारमा कामको बाँडफाँड गरिएको छ ।

(च) सम्बन्धित क्षेत्रको आवश्यकीय अध्ययन भ्रमण गरिएको छ ।

(छ) स्थानीयबासी बिच गराइएका छलफलहरूमा बढीभन्दा बढी जनसहभागिताका साथै विचार अभिव्यक्तिका निम्ति प्रेरित गरिएको छ ।

(ज) प्राप्त सूचना र तथ्यहरूको विश्लेषण गरिएको छ ।

(झ) प्रतिवेदन तयार गर्दा (SWOT Analysis) विश्लेषण विधि अवलम्बन गरिएको छ ।

(ञ) प्रतिवेदन सकेसम्म सरल, बोधगम्य र सम्बन्धित पक्षले अपनत्व ग्रहण गर्ने खालको होस् भन्ने कुरामा ध्यान दिइएको छ ।

प्रतिवेदन तयारीका सन्दर्भमा जनप्रतिनिधिहरू: गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष ज्यू, वडाका अध्यक्ष ज्यूहरू, पालिकाका पूर्व जनप्रतिनिधिहरू, वडा सदस्यहरू, स्थानीयबासी, विज्ञ, बुद्धिजिवी सबैसँग आवश्यक छलफल गरी  अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

### १.५ अध्ययनका सिमाङ्कन

यस प्रतिवेदनमा विशेष गरेर परिवर्तन गाउँपालिकाको ६ वटा वडाहरूलाई आधार क्षेत्र मानिएको छ । जुन विषय प्रस्तावनामा पनि उल्लेख गरिएको छ । उक्त वडाको पर्यटन विकास सम्बन्धि योजनाका निम्ति यो प्रतिवेदन तयार गर्दा सकेसम्म सबै पक्षलाई समेट्ने प्रयास गरिएको छ । त्यसरी नै विश्लेषणात्मक र वैज्ञानिक विधि पद्धतिको अबलम्वन पनि गरिएको छ । संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरूको पर्यटन प्रवर्द्धन सम्बन्धि नीति, योजना र कार्यक्रमहरूसँग तादात्म्यताको प्रयत्न पनि गरिएको छ । तथापि यति महत्त्वपूर्ण विषयमा बनाइएका योजनाहरू कार्यान्वयनको कसीमा घोटिँदा केही थप संसोधनको आवश्यकता हुनसक्ने सम्भावनालाई भने हामीले स्वीकार्नैपर्ने हुन्छ । पर्यटनका अनेकन विधाहरू र आधारहरू भए तापनि त्यसलाई आर्थिक अभावका कारण एकै पटक वा एकै समयमा पूर्णता दिन सकिँदैन । त्यसै गरी यहाँ भएका

विभिन्न प्रकारका बन तथा वन्यजन्तु, जंगली जडिबुटी जसको बहुउपयोगी योजना भए तापनि उक्त प्रयोग र उपयोग गर्नका लागि आवश्यक नीति, नियम, कार्यविधिको पनि आवश्यकता रहन्छ ।

समग्रमा यस अध्ययनले पालिकाका सवै वडालाई विशेष जोड दिएको छ । यस प्रतिवेदनमा अन्य पर्यटनसंग जोड्न सकिने छिमेकी वडा, पालिका, जिल्लासंग हुनसक्ने पर्यटकिय सम्भावनाको बारेमा केही उल्लेख गरीए तापनि त्यो पूर्णता हुन सक्दैन ।

## १.६ स्थलगत अवलोकनका उपलब्धीहरू

१. पर्यटनसँग सम्बन्धित व्यवसायमा लागेका र अन्य पेशा व्यवसायका पनि अधिकांश स्थानीयमा यस क्षेत्रको पर्यटन विकासको चासो र चिन्ता रहेको पाइयो ।

२. स्थानीय बासिन्दाको मनमनमा पर्यटन विकासलाई गौरवको विषयका रूपमा स्थापित भएको पाइयो ।

३. बहुआयामिक विशेषता र महत्त्वका कारणले गर्दा राजनीतिक नेतृत्व, कर्मचारी प्रशासन र अन्य सम्बद्ध सबैले पर्यटन विकासमा आफ्नो योगदान हुन सके हुन्थ्यो भन्ने सदासयता देखाएको पाइयो ।

४. प्रस्तुत विषयमा खुल्ला हृदयले छलफल गर्ने वातावरण बनेको हुँदा त्यसले अध्ययन टोलीलाई सहजता प्रदान गऱ्यो ।

५. परिवर्तन गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारी तथा स्थानीयबासी लगायतको यस अध्ययनप्रति चासो र सहयोग रहेको पाइयो ।

६. स्थानीय बासीको मनमा नयाँ उत्साह थपिएको अनुभूत भएको छ । जसमा सहकार्य समन्वय गर्न तयार भएको अवस्था पाइएको छ ।

७. यस क्षेत्रमा जातीय पहिचान, प्राकृतिक संरचना, भाषा, भेषभुषा, खानपान, उत्पादन आदि महत्त्वपूर्ण रहेको पाइयो ।

८. युवाहरूको चासोमा स्थानीय पालिकाले केही सहयोग प्रदान गरेको पाइयो ।

९. होमस्टेको सञ्चालन गर्नका लागि उत्सुकता रहेको पाइयो ।

१०. विषयगत विभिन्न तालिमको आवश्यकता रहेको देखिएको छ ।

११. पर्यटन विकासका लागि भुउपयोग नीति तयार गरी  सहकार्य गर्न इच्छुक रहेको पाइयो ।

## परिच्छेद – दुई

## २. अध्ययन सामग्रीको समीक्षा

विश्व जगत्मा पर्यटन आज एक महत्त्वपूर्ण व्यवसाय बनेको छ । यसमा आवद्धको संख्या तथा आयआर्जनको विषयमा अध्ययन गर्ने हो भने पनि यो क्षेत्र आकर्षकको केन्द्र नै बन्दै गएको छ । मानिसहरूको सबैभन्दा ठूलो लगानी पर्यटन क्षेत्रमा नै देखिन्छ । यो दिनप्रतिदिन बढ्दै गएको छ । यस्ता व्यवसायलाई मध्यनजर गरी  समयानुकूल विभन्नि नीति, नियम, कानुन, विनियम, कार्यविधिहरू बनाएको पाइन्छ ।

### २.१ सरकारको पर्यटन सम्बन्धी नीति

नेपालका पर्यटनको इतिहासलाई फर्केर हेर्दा केही मानिसहरू वि. सं. २००७ सालमा मोरिस हेर्जोकले अन्नपूर्ण पदयात्रा गरेपछि नेपालमा आधुनिक पर्यटन विकासको सुरुवात भएको भन्ने गर्छन् तापनि यसमा कुनै बलियो तर्क र तथ्य भेटिँदैन । सन् १९५७ मा उद्योग विभागअन्तरगत पर्यटन विकास बोर्डको गठन भएपछि आधुनिक पर्यटन विकासको औपचारिक सुरुवात भएको थियो । योजनागत हिसाबले भन्नुपर्दा फ्रान्स सरकारको सहयोगमा सन् १९५९ मा फ्रान्सेली नागरीक जर्ज लिवरेकले तयार पारेको “General Plan for the Organization of Tourism of Nepal” पहिलो पर्यटकीय योजना हो ।

यसपछिका वर्षहरूमा देशमा पर्यटन विकास सम्बन्धी विभिन्न समयमा नीति तथा कार्यक्रमहरूका घोषणा भएका छन् । सन् १९७२ मा राष्ट्रिय पर्यटन गुरुयोजना बनाइयो । जुन अत्यन्तै महत्त्वपूर्ण दस्तावेजको रूपमा स्थापित भएको छ । नेपालको सन्दर्भमा यो नै पर्यटनको पहिलो गुरुयोजना हो ।  पर्यटन विकासलाई राष्ट्रिय अर्थतन्त्रको एउटा प्रमुख अंगको रूपमा स्वीकार्न थालिएको पनि धेरै भइसकेको छ । पर्यटन नीति २०६५ अन्तर्गत घरबास (Homestay) सञ्चालन कार्यविधि २०६७ बनाई लागू गरिएको छ । यस अनुसार पर्यटकहरू गाउँ गाउँमा पुग्न सकुन् भन्ने अभिप्रायले नयाँ  मोडलको कार्यक्रम लागू भएको छ । त्यस्तै पर्यटन नीति सन् २००५ ले पर्यटन क्षेत्रको लाभ तल्लो तहसम्म पुऱ्याउन ग्रामीण पर्यटनको प्रवर्द्धन तथा विस्तार र विकास गर्ने एवं नयाँ पर्यटकीय गन्तव्यहरूको खोजका साथै विकास र प्रवर्द्धन गर्ने विषयहरूलाई निर्देशित गरेको  छ ।

वि.सं. २०१६ सालमा तत्कालीन अधिराजकुमार हिमालय विक्रम शाहको अध्यक्षतामा पर्यटन बोर्डको स्थापना गरिएको थियो । त्यस पछि वि.सं. २०१८ सालमा श्री ५ को सरकारले निर्माण तथा यातायात मन्त्रालयअन्तर्गत पर्यटन विभागको स्थापना गऱ्यो । पर्यटन क्षेत्रको नियोजित तथा योजनाबद्ध विकास एवं प्रवर्दधन गर्ने उद्देश्यले वि.सं. २०३४ सालमा छुट्टै मन्त्रालयको रूपमा पर्यटन मन्त्रालयको स्थापना भयो । सुरुमा पर्यटन क्षेत्रलाई मात्र आबद्ध गरी पर्यटन मन्त्रालय नामाकरण गरिएकोमा इ.सं. १९८२ मा निर्माण तथा यातायात मन्त्रालयअन्तर्गतको हवाई विभागलाई समेत गाभी यसलाई पर्यटन तथा नागरीक उड्यायन मन्त्रालय नामाकरण गरियो । यसका साथै नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०५७/१/६ गतेको निर्णयबाट युवा खेलकुद तथा संस्कृति मन्त्रालय विघटन गरी संस्कृतिको कार्य समेत यस मन्त्रालयमा थपियो र नयाँ नाम संस्कृति, पर्यटन तथा नागरीक उड्यायन मन्त्रालय राखियो (गौतम, २०१६) ।

नेपालको संविधानअनुसार पर्यटन क्षेत्रलाई संघीयतामा परिणत गर्न विभिन्न १४ वटा ऐन संशोधन गर्नुपर्ने सार निकालेपछि त्यसको प्रकृया अगाडि बढेको थियो । संस्कृति, पर्यटन तथा नागरीक उड्यायन मन्त्रालयअन्तर्गत तीनवटा नीति, १४ वटा ऐन, १९ वटा नियम र २३ वटा गठन आदेशलाई समय सान्दर्भिक संशोधन गरेर जानुपर्ने जानकारी पर्यटन मन्त्रालयले सुझाव दिएको थियो । मन्त्रालयले संघीयता कार्यान्वयनमा जान आवश्यक तयारी स्वरूपमा संघीयता कार्यान्वयन सम्बन्धी प्रतिवेदन तयार पारेको र पर्यटन मन्त्रालयको संघीयता कार्यान्वयन सम्बन्धी प्रतिवेदन २०७२ मा पर्यटनसँग जोडिएका सबै ऐन तथा नियम संशोधन गरेर जाने उल्लेख गऱ्यो । सरकारले पर्यटन प्रवर्द्धन र विकास गर्नकै निम्ति पाँच लाख अन्तराष्ट्रिय पर्यटकको लक्ष्य राखेर सन् १९९८ मा पहिलोपटक पर्यटकीय प्रवर्द्धनको अभियान 'भिजिट नेपाल १९९८' घोषणा गरेको थियो । यसैलाई महत्त्व दिँदै सन् २०११ को पर्यटन वर्ष, सन् २०१२ को लुम्बिनी भ्रमण वर्ष, सन् २०२० सम्ममा वार्षिक २० लाख पर्यटक पुऱ्याउने लक्ष्यका साथ भिजन २०२०, २०१६ देखि २०२५ सम्ममा २५ लाख पर्यटक आकर्षित गर्ने गरी पर्यटन रणनीतिक योजना सार्वजनिक गरेको छ (बास्कोटा, २०१७) ।

नेपालको संविधान २०७२ भन्दा पहिले आएको अन्तरिम संविधान २०६३ र नेपालको संविधान २०४७ मा पनि पर्यटनलाई उल्लेख गरेको पाइन्छ । पर्यटन ऐन २०३५ को आवश्यक संशोधन गरेर संघीयता कार्यान्व्यन गर्ने प्रक्रिया सुरु गरिएकोमा वायुसेवा निगम ऐन २०१९, गैरसैनिक हवाई उडान (नागरीक उड्यायन) ऐन २०१५, पर्यटन ऐन २०३५, नेपाल पर्यटन बोर्ड

ऐन २०५३, नेपाल नागरीक उड्यायन प्राधिकरण ऐन २०५३ संसोधन गर्नुपर्ने आवश्यकता पनि रहेको छ । पर्यटन नीति २०६५, राष्ट्रिय संस्कृति नीति २०६७, होम स्टे सञ्चालन निर्देशिका २०६७ हवाई उड्यायन नीति २०६३ सहितका नीति पनि संसोधन गर्नुपर्छ (बास्कोटा, २०१७ ) । नेपालको संबिधान २०७२ को धारा ५१ (ठ) मा उल्लेखित पर्यटन नीतिमा नेपालको एतिहासिक, धार्मिक, सामाजिक, पुरातात्विक वस्तुहरूको पहिचान र संरक्षण गर्दै अर्थतन्त्रको विकास गर्दै पर्यटनको लाभ जनतालाई हुने गरी पर्यटन नीति निर्माण गरीनेछ । (पर्यटन मन्त्रालय, २०७२)

नेपाल सरकारले सार्वजनिक गरेको नेपालको राष्ट्रिय पर्यटन रणनीति योजना (२०१६-२०२५) कार्यान्वयनमा आएको छ । योजनाको पहिलो चरण (२०१६-२०२०) मा दुवै लक्ष्य साकार पार्न गन्तव्य विविधीकरण र सुधारमा जोड दिएको छ (पर्यटन मन्त्रालय, २०१६ ) । दोश्रो चरण (२०२१-२०२५) मा नयाँ उत्पादनहरूलाई एकीकृत गर्ने उल्लेख छ । त्यसैले यो रणनीतिक योजनालाई यस क्षेत्रको विकासको लागि कोशेढुङ्गा सावित हुने विश्वास लिन सकिन्छ (पर्यटन मन्त्रालय, २०१६) ।

नेपालमा दिगो पर्यटन अवधारणामा मात्र सीमित रहेको छ । व्यापक अनुसन्धानको कमी र नीतिगत स्पष्टताको अभावमा पर्यटन क्षेत्रको विकासमा उल्लेख्य प्रगति हुन नसकेको हो । त्यसैले नेपालमा दिगो पर्यटन कहिलेसम्म भन्ने बारेमा बहस हुनु जरुरी देखिन्छ । हाम्रा पर्यटन क्षेत्रका विशेषताहरूमा अनुपम प्रकृति, जीवन्त संस्कृति र साहसिक क्रियाकलाप आदि पर्दछन् । यसका लागि हामीले कुशल तथा सुरक्षित हवाइ र स्थल यातायात, भौतिक पूर्वाधार निर्माण, पर्यटन क्षेत्रको विविधीकरण र बजारीकरणको आधुनिक व्यवस्था, स्पष्ट र विश्वसनीय जानकारी आदिको व्यवस्था गरी दिगो पर्यटनको लक्ष्य हासिल गर्न सकिन्छ । वास्तवमा दिगो पर्यटनका लागि पर्यटकहरूको आवागमन नै महत्त्वपूर्ण हुन जाने भएकाले कस्ता खालका पर्यटक चाहिएका हुन् ? धेरै खर्चिने वा धेरै दिनसम्म रहने ? स्पष्ट हुनुपर्दछ । दिगो पर्यटनले मूर्तता पाउने खालका पर्यापर्यटन, प्रकृति, नदिनाला लगायतको संरक्षण हुनु जरुरी छ ।

पर्यटनको ऐतिहासिक पक्षलाई हेर्दा जब मानिस संसारमा विभिन्न उद्देश्य राखेर विचरण गर्न सुरु गऱ्यो, त्यो समयदेखि यसको सुरुवात भएको मान्न सकिन्छ (आचार्य, २०१७) । यस्ता पर्यटकहरूलाई सःशुल्क घुमाउने, आवासको व्यवस्था गर्ने, यातायात मिलाउने, दृश्यावलोकन गराउने आदि कार्य गर्ने क्षेत्रलाई पर्यटन भनिन्छ, यस्तो व्यवसायलाई पर्यटन व्यवसाय वा पर्यटन उद्योग भनिन्छ ।

प्राचीन समयमा रोमन रिपब्लिककै समयदेखि ठूला भवनहरू हेर्न, कलाकौशलको मजा लिन, नयाँ भाषा सिक्न, नयाँ संस्कृतिहरूको अनुभव लिन र विभिन्न प्रकारका स्वादिष्ट खानाहरूको स्वाद लिन सम्पन्न मानिसहरू आफ्नो घरबाट टाढाका ठाउँहरूमा जानका लागि निस्कन्थे । यसै क्रममा पर्यटक भन्ने शब्द सन् १७७२ मा र 'पर्यटन' भन्ने शब्द सन् १८११ मा प्रयोग भएका हुन् । फुर्सदको समय पर्यटकका रूपमा बाहिरी वातावरणमा बिताउने प्रचलन बेलायत लगायतका पश्चिमा देशहरूमा औद्योगिक क्रान्तिपछि सुरु भएको हो र यसैको क्रम बढ्दै गएर पर्यटन एउटा विशाल उद्योगको रूपमा विकसित हुन गएको हो । थमस कुकले ट्राभल एजेन्सी मार्फत समूहगत रूपमा पाहुनाहरूलाई घुमाउन थालेपछि यो व्यावसायिक रूपमा विकसित हुन थालेको हो । इन्डोनेसियाको बाली, कोलम्विया, ब्राजिल, क्युबा, मलेसिया, थाइल्याण्ड, अष्ट्रेलिया लगायतका ठाउँहरू हिउँद तथा ग्रिष्म दुवै ऋतुमा उच्च भ्रमण गरीने स्थानमा पर्छन् (सापकोटा, २०७२) । ग्रामीण क्षेत्रमा आर्थिक विकासको लागि सरकारी स्तरबाट विभिन्न योजनाहरू लागू गर्न प्रयत्न गर्नुका साथै जनस्तरमा पनि त्यो दिशामा विकासका कार्यहरू अगाडि बढाउन प्रोत्साहित गर्ने र सहयोग गर्ने सरकारको नीति हुनुपर्दछ । सरकारले प्रस्तुत गरेको पर्यटनसम्बन्धी रणनीतिक योजना (२०१६-२०२५) ले खालि पर्यटनसित सम्बन्धी परम्परागत पक्षप्रति नै जोड दिइएको छ ।

ग्रामीण पर्यटनको विकासका लागि कुनै ठोस योजना बनाइएको छैन । नेपालको आर्थिक विकासका लागि पर्यटनको ठूलो महत्त्व छ । विश्वमा नै पर्यटनले एउटा प्रमुख उद्योगको रूप लिदै गएको छ । विभिन्न देशहरूमा उत्पादन वा आयात निर्यात हुने पदार्थहरू वा सामाजिक सेवाको एउटा ठूलो भाग पर्यटनको क्षेत्रमा खर्च हुन्छ र पर्यटनबाट लाखौं मानिसहरूलाई रोजगारी पनि प्राप्त हुन्छ । नेपाल सरकारले पछिल्लो दशकमा विश्वभरबाट १० लाख पर्यटक नेपाल भित्र्याउने लक्ष्य अनुरूप पर्यटनका लागि सँङसँगै भन्ने नारा सहित सन २०११ मा उक्त योजना सफलताका साथ सम्पन्न भयो । त्यसैगरी पर्यटनको बाह्य र आन्तरिक प्रवर्द्धनका लागि वि.स. २०७३ लाई आन्तरिक घुमफिर वर्षको रूपमा मनाएको छ । दिगो र दीर्घकालीन पर्यटन विकास गर्न सहर देखि गाउँगाउँसम्म होमस्टे, ग्रामिण  पर्यटन, स्थानीय प्रविधि र साधनमा प्राथमिकता दिनुपर्छ (सापकोटा, २०७२) । पर्यटन नीति, २०६५ र नेपाल पर्यटन वर्ष, २०११ ले होमस्टेलाई व्यवस्थित गर्न व्यवसाय सञ्चालन विधि ल्याएको छ । यस कार्यविधि, २०६७ ले व्यवसाय दर्ता गर्दा व्यक्ति वा समुदायले पूरा गर्नुपर्ने, आधारभूत पूर्वशर्त तथा पूर्वाधारहरू, मापदण्ड र आचारसंहितालाई महत्त्व दिई ध्यान दिनुपर्ने विभिन्न कुराको उल्लेख गरेको छ, जसमा जिल्लास्थित होमस्टे व्यवस्थापन समितिहरूबिच समन्वय र सहजीकरण गर्ने, पूर्वाधार विकास र क्षमता अभिवृद्धि सम्बन्धी कार्य, स्वास्थ्य सम्बन्धी

जनचेतना फैल्याउने, आकस्मिक स्वास्थ्यको व्यवस्था, पर्यटकीय सम्पदाहरूको विवरण तयार गर्ने, पर्यटकीय पूर्वाधारको विकास गर्ने आदि कार्यविधि तोकिएको छ ।

त्यस्तै, होमस्टे सञ्चालनका आधारभूत मापदण्डहरूमा कम्तीमा ५ जना घरधनीको रोहबरमा स्तरीय स्थानमा ४ कोठाको प्रयोग, प्रतिकोठा बढीमा दुई संख्या हुनुपर्ने, बिछ्यौनाको ३ गुणा ६.५ लम्बाइ-चौडाइ साइज, भुइँमा गुन्द्री वा कार्पेट, राडीको व्यवस्था, ढोकामा डोरम्याट, ओढ्ने-ओछ्याउने कपडाको स्तर, कोठाभित्र बिजुली वा बत्तीको व्यवस्था, धूवाँरहित कोठा, फोहोर व्यवस्थापन, ऐना, चप्पल, टिटेबल, कुर्सी, शौचालय र स्नानघर, भान्साकोठा र खाने व्यवस्था, सरसफाइको व्यवस्थाजस्ता विविध न्यूनतम स्तरको व्यवस्था गरिएको छ (पर्यटन मन्त्रालय, २०६७) । तसर्थ यो कार्यविधि नेपालको ग्रामीण पर्यटन विकासका लागि एउटा आधारभूत नीति र विधिका रूपमा अगाडि आएको छ (भट्टराई, २०७०) ।

## २.२. पर्यटन सम्वन्धि ऐन नियमहरूको व्यवस्था

प्रथमपटक पर्यटन क्षेत्रको योजनाबद्ध विकास गर्ने उद्देश्यले वि.सं. २०३४ सालमा छुट्टै पर्यटन मन्त्रालयको स्थापना गरियो । त्यतिबेलादेखि नै पर्यटन विकास तथा नियमनका निम्ति ऐन नियमहरूको तर्जुमा गर्न थालियो । हाल देशमा पर्यटन विकास तथा प्रवर्द्धन र विस्तारका निम्ति संस्कृति पर्यटन तथा नागरीक उड्डयन मन्त्रालय कार्यरत रहेको छ । नयाँ संविधान बनेपछि पर्यटन सम्वन्धि १४ वटा ऐन, ११ वटा नियम र २३ वटा गठन आदेशलाई समयानुकुल बनाउन संसोधनको आवश्यकता रहेको कुरा संस्कृति पर्यटन तथा नागरीक उड्डयन मन्त्रालयले जनाएको छ ।

नेपालको संविधान २०४७ र अन्तरिम संविधान २०६३ मा पर्यटन विकासका सम्बन्धमा स्पष्ट उल्लेख भएकोमा पछिल्लो संविधान अर्थात नेपालको संविधान २०७२ को धारा ५१ (ठ) मा पर्यटन नीति अन्तरगत "नेपालको ऐतिहासिक, धार्मिक, सामाजिक, पुरातात्विक वस्तुहरूको पहिचान र संरक्षण गर्दै अर्थतन्त्रको विकास गर्दै पर्यटनको लाभ जनतालाई हुने गरी पर्यटन नीति निर्माण गरीनेछ" भनी महत्त्व दिइएको छ । ऐनहरू बन्ने क्रममा नागरिक उड्डयन ऐन २०१५, वायुसेवा निगम ऐन २०१९, पर्यटन ऐन २०३५, नेपाल पर्यटन बोर्ड ऐन २०५३, नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन २०५३ बनेकोमा अब तिनमा समसामयिक संसोधनको आवश्यकता रहेको कुरालाई सरोकारवाला निकायले स्वीकारी सकेका छन् । यिनै ऐन नियमहरूबाट निर्देशित हुँदै विभिन्न पर्यटन विकास समितिहरू समेत बनाएर कार्यन्वयनमा गएको अवस्था छ ।

**नेपालको संविधान २०७२**

**पर्यटनको संवैधानिक व्यवस्था**

**पर्यटनसम्बन्धी नीति (खण्ड ६५, ठ)**

नेपालका ऐतिहासिक, सांकृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचार-प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकुल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथामिकता दिने ।

**पर्यटन ऐन**

पर्यटन ऐन २०३५

पहिलो संसोधन (ऐन) २०४२

दोस्रो संशोधन (ऐन) २०५३

नेपालमा पहिलोपटक पर्यटन ऐन वि.सं. २०३५ मा बनेको हो । जसलाई आवश्यकताअनुसार पहिलोपटक देशमा वि.सं. २०४२ मा संसोधन गरिएको छ । यसलाई समय सापेक्ष परिवर्तन र पर्यटनमैत्री बनाउनुपर्छ भन्ने उद्देश्यलाई मध्यनजर गर्दै वि.सं. २०५३ मा पुनः दोस्रोपटक संसोधन गरिएको छ । पर्यटनको आयाम र चुनौतिहरू भिन्न हुदै गएकोले यसलाई पुनः परिमार्जन गर्दै लैजानु आजको आवश्यकता भएको छ ।

**पर्यटन प्रर्द्धनका कार्यक्रमहरू**

नेपाल पर्यटन बोर्डको स्थापना सन १९९८

भिजिट नेपाल १९९८ का मुख्य उद्देश्यहरू

नेपाल भ्रमण वर्ष २०११

भिजिट नेपाल २०२०

पर्यटनको १० वर्षे रणनीतिक (कालिक) योजना

(क) पहिलो चरण : अल्पकालीन सन (२०१६ - २०२०) विविधता सुधार

(ख) दोस्रो चरण : मध्यकालीन सन (२०२१ - २०२५) सुदृढीकरण र विस्तार

(ग) तेस्रो चरण : दीर्घकालीन सन (२०२५ पछि) अविछिन्न अभिवृद्धि

**नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना (सन् २०१६ -२०२५)**

नेपालको पर्यटन विकासलाई मध्यनजर गर्दै लामो समयको अध्ययन तथा अनुसन्धानपछि नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना दस्तावेजमा मात्र सिमित रह्यो यसले पर्यटन विकासमा कुनै ठोस नतिजामूलक काम गर्न सकेन, त्यतिमात्र होइन मार्गनिर्देश समेत गर्न सकेन ।

**स्थानीय सरकार सञ्चालन ऐन २०७४**

(क) परिच्छेद ३ गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारअन्तर्गतः धारा (९) सांस्कृतिक वा पर्यटकीय क्षेत्र घोषणा गर्न सक्ने सन्दर्भमा उपदफा (३) को १ मा उल्लेख गरिएकोछ, अन्य धारामा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रका कुनै स्थानलाई सांस्कृतिक वा पर्यटकीय क्षेत्र घोषणा गर्न सक्नेछ ।

(ख) परिच्छेद ३ गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारअन्तर्गत धारा (११) को उपधारा (६) को १२ मा उल्लेख गरिएअनुसार नवीन पर्यटकीय सेवा तथा कार्यहरू सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन गर्न सक्नेछ ।

**पर्यटकिय सेवाहरू**

- होटल तथा रिसोर्ट सेवा
- पदयात्रा तथा पर्वतारोहण सेवा
- ट्राभल तथा टुरसम्बन्धी सेवा
- होमस्टे (घरबास) सेवा
- पर्यटक यातायात/हवाई यातायात सेवा
- जलयात्रा सेवा

**पर्यटकिय कार्यक्रमहरू**

- कायाकिङ/क्यानोनिङ
- प्याराग्लाइडिङ
- स्काई डाइभिङ्ग
- जंगल सफारी, वर्ड वाचिंङ तथा हण्टिङ्ग
- क्याम्पिङ
- हाइकिङ
- स्कीइङ्ग
- जिप फ्लायर
- स्वीङ
- स्काई वाक
- बन्जिजम्पिङ्
- रक क्लाइमिङ
- आइस हक्की
- आइस स्केटिङ
- आइस केभिङ
- माउन्टेन बाइकिङ
- गल्फ
- पोलो
- पोनि ट्रेकिङ्ग
- क्यासिनो
- ग्रामीण पर्यटन
- धार्मिक पर्यटन
- सांस्कृतिक पर्यटन
- पर्या पर्यटन
- कृषि पर्यटन
- शिक्षा पर्यटन
- खेलकुद पर्यटन
- स्वास्थ्य पर्यटन
- योग तथा आयुर्वेद
- चलचित्र पर्यटन
- रिट्रिट व्यवसाय
- पर्यटकीय केबुलकार
- मनोरन्जन पार्क

- बैठक, प्रोत्साहन, सम्मेलन तथा प्रदर्शनी पर्यटन (माइस टुरिजम)

**पर्यटकका लागि आवश्यक पूर्वाधारहरू**

- शान्ति सुरक्षा
- पर्यटकस्तरीय सवारी साधन
- तालिम प्राप्त जनशक्ति
- पर्यटकीय स्थलहरू
- स्तरीय सडक सञ्जाल
- प्रकृति र संस्कृतिको संरक्षण
- व्यवस्थित पदमार्ग
- पर्यटनमैत्रि नीति
- पर्यटकीय वस्तुको उत्पादन
- पर्यटन बजारीकरण
- नयाँ पर्यटकीय गन्तव्य
- पर्यटकीय सम्पदाको अभिलेखीकरण
- पर्यटकीय होटेल, मोटेल, रिसोर्ट, कटेज, रेष्टुरेन्ट, वार, क्लब
- सुरक्षित, नियमित र भरपर्दो हवाई सेवा

**पर्यटनसँग आबद्ध संघसंस्थाहरू**

(१) नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (NATTA) 1966

(२) होटल संघ नेपाल (Hotel Association of Nepal) 1966

(३) ट्रेकिङ्ग एजेन्टस् एसोसिएसन अफ नेपाल (TAAN) १९७२

(४) नेपाल एसोसिएसन अफ ऱ्याफ्टिङ्ग एजेन्टस् (NARA)

(५) नेपाल पर्वतारोहण संघ (NMA) 1973

(६) प्यासिफिक एसिया ट्राभल एसोसिएसन (पाटा) नेपाल च्याप्टर (PATA-Nepal) 1975

(७) नेपाल एसोसिएसन अफ टुर अपरेटर्स (NATO)

(८) सोसाइटी अफ ट्राभल एण्ड टुर अपरेटर्स नेपाल (SOTTO NEPAL) सन् २०१३

(९) गाउँ पर्यटन प्रवर्द्धन मञ्च (VITOF) वि.सं. २०५४

(१०) पोखरा पर्यटन परिषद्

(११) होमस्टे व्यावसायी संगठन

(१२) नेपाल हस्तकला संघ

(१३) मुर्तीकला-चित्रकला संघहरू

(१४) ठमेल पर्यटन परिषद्

(१५) व्यापार-उद्योगसँग सम्बन्धित संघ संस्थाहरू लगायतका रहेका छन्।

(१६) अन्य

**नेपाल सरकारले पर्यटन प्रवर्द्धन गर्नलाई गठन गरेका संस्थाहरू :**

(क) नेपाल पर्यटन वोर्ड सरकारी (निजि साझेदारीमा) सन् १९९८

(ख) तारागाउँ पर्यटन विकास समिति, वि.सं. २०३४

(घ) नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (NATHM) सन् १९७२

(ग) प्रदेशस्तरमा रहेका विभिन्न पर्यटन विकास समितिहरू।

पर्यटन ऐन २०३५ सालमा लागू भएपछि क्रमशः वि.सं. २०४२ र २०५३ मा गरी दुई पटक संशोधन भएको छ । तर पर्यटन व्यवसायका विभिन्न आयामहरूको विकास हुँदा समेत ती व्यवसायहरूलाई समेट्नेगरी कानुनी व्यवस्था गरिएको पाइँदैन । तसर्थ यस क्षेत्रमा २०५३ सालपछि पर्यटन क्षेत्रमा देखा परेका नयाँ पर्यटकीय विधाहरूलाई सम्बोधन गर्नेगरी ऐन समयसापेक्ष संशोधन गर्न आवश्यक छ । साथै पर्यटन व्यवसायलाई राष्ट्रिय प्राथमिकताको उद्योगको मान्यता दिने विषयलाई औद्योगिक ऐन तथा अन्य नियमहरूमा परिमार्जन गरी लागु गर्नु आवश्यक छ भने पर्यटन

व्यवसायलाई निर्यातमूलक व्यवसायको रूपमा परिभाषित गरी निर्यात व्यवसायीले प्राप्त गरेका सुविधा उपलब्ध गरिनुपर्ने देखिन्छ ।

नेपालको संविधान २०७२ ले पर्यटन व्यवसायलाई उद्योगको मान्यता दिए तापनि त्यसको सुविधाको सुनिश्चितता भएको देखिदैन । यसलाई उद्योग वा सेवा भन्ने विषयमा समेत प्रष्ट हुन आवश्यक देखिन्छ । समृद्धि र विकासलाई एकैसाथ अगाडि बढाउन कृषि पर्यटनलाई समेत प्रोत्साहन गर्दै जानुपर्ने देखिन्छ । नेपाली उत्पादनलाई पहिचान र अनुसन्धान गरी ब्रान्डिङ गर्न आवश्यक छ । रणनीतिक सुधारका लागि निम्न आधारहरू लिन सकिन्छ :

- नेपालको पर्यटकीय प्रवर्द्धन गर्नका लागि नतिजामूलक प्रसार प्रचार गर्ने
- दक्ष जनशक्तिको उचित व्यवस्थापन र क्षमता अभिवृद्धि गर्ने
- पर्यटकीय वस्तुमा विविधीकरण गर्ने
- वातावरण तथा प्राकृतिक संपदाको संरक्षण गर्ने
- प्रभावकारी आन्तरिक समन्वय
- योग्यता, क्षमताको आधारमा नियुक्ति गर्ने
- नयाँ पर्यटन गन्तव्यको पहिचान
- प्राथामिकरण, कार्यन्वयन र उपलब्धीमा समस्या
- सम्पदाको पहिचान, सम्वर्द्धन, प्रकासन र बजारीकरण
- मौलिक संस्कृतिको प्रवर्धन तथा संरक्षण
- पूर्वाधारको विकास
- भरपर्दो हवाइसेवा (नयाँ अन्तराष्ट्रिय विमानस्थलको निर्माण)
- नेपाली डायस्पोराको प्रभावकारी परिचालन
- जोखिम न्यूनीकरणको कार्ययोजना महामारीको जोखिम कम गर्ने तथा क्षतिपुर्ती कार्ययोजनाको निर्माण तथा कार्यान्वयन
- नागरिक उड्यायनमा संरचनागत सुधार
- वायुयान लिजसम्बन्धी कानूनको निर्माण
- नेपाल पर्यटन वोर्डको पुर्नसंरचना गर्ने
- हावाई नीतिमा समयसापेक्ष परिमार्जन

- नेपाल वायुसेवा निगमको वर्तमान संगठन संरचनामा परिवर्तन
- पर्यटन प्रवर्द्धनका लागि व्यवसायीहरूको पहुँचलाई सहजीकरण गर्ने
- हिमाल आरोहणको अनुमति क्रमश विस्तार गर्ने ।
- वीमा नीतिमा परिमार्जन गरी पर्यटनमैत्री बनाउने ।
- विदेशमा रहेका नेपाली नियोगहरूलाई पर्यटन प्रवर्द्धनको मुख्य जिम्वेवारी दिने ।
- निजगढ अन्तराष्ट्रिय विमानस्थलको निर्माण कार्य यथाशिघ्र सुरु गर्ने ।
- छिमेकी राष्ट्रहरूबाट पर्यटक भित्र्याउन विशेष अभियान सञ्चालन गर्ने । स्वास्थ्य पर्यटन/खेल पर्यटन/कृषि पर्यटन तथा औद्योगिक पर्यटनलगायतको विकासमा जोड दिने ।
- नेपाल पर्यटन बोर्ड, नेपाल वायुसेवा निगम, नागरिक उड्डयन प्राधिकरण, विकास समिति लगायतलाई स्वयत्तताको अवधारणा अनुरूप खरिद ऐन, नियम, कार्यविधि परिमार्जन गरी छिटो छरितो काम गर्न समयानुकुल बनाउने ।
- कला, ललितकला, हस्तकला, मुर्तीकलाको क्षेत्रमा देखिएका समस्या तथा समाधानका उपायहरू खोज्ने ।
- हाइड्रो टुरिजमलाई बहुआयामिक विकाससँग जोड्ने ।
- उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघ, चेम्बर अफ कमर्स जस्ता संस्थाहरूलाई संरचना निर्माण र पर्यटन विकासका काममा जोड्ने ।
- निजि क्षेत्रमा निर्माण भएका पर्यटनसँग सम्बन्धित संस्थाहरूलाई प्रोत्साहन गरी पर्यटन विकास र प्रवर्द्धनको काममा सहयोगी बनाउने
- राष्ट्रिय ध्वजावहाक जहाजको संख्या थप गरी  पर्याप्त बनाउने
- नेपाल वायुसेवा निगमको पुर्न संरचाना गर्ने

## २.३. योजना, कार्यक्रम र कार्यविधि

राज्यले पर्यटन विकासका निम्ति नीति नियमहरूको तर्जुमा र त्यस सम्वन्धि काम गर्ने निकायहरूको व्यवस्था गरेपछि कार्यान्वयनका लागि योजना, कार्यक्रम र कार्यविधिहरू बन्दै आएका छन् । सरकारले पर्यटन विकास र प्रवर्द्धनका निम्ति ५ लाख अन्तराष्ट्रिय पर्यटकको लक्ष्य राखेर

पहिलोपटक सन् १९९८ मा 'भिजिट नेपाल १९९८' घोषणा गरेको थियो । त्यसपछि सन् २०११ लाई 'पर्यटन वर्ष' घोषणा गरी यो भने सन् २०१२ लाई लुम्विनी भ्रमण वर्ष घोषणा गरेर तद्नुरूपका कार्यक्रमहरू सञ्चालन गरीयो । त्यसैगरी सन् २०20 लाई भिजन २०२०' घोषणा गरी वार्षिक अन्तराष्ट्रिय पर्यटकको संख्या २० लाख पुऱ्याउने लक्ष्य राखिएको थियो । यसरी झण्डै दुई दशकको अवधिमा अन्तराष्ट्रिय पर्यटकको संख्या ५ लाखबाट बढाएर २० लाख पुऱ्याउने तहसम्म पुग्नुलाई पर्यटन विकासका योजना र कार्यक्रमको सफलता नै मान्न सकिन्छ ।

कोभिड १९ जस्तो खतरनाक रोगले विश्व जगतलाई नै मन्दीमात्र होइन मानव जीवनलाई असहज बनाएको अवस्थामा पर्यटनको अवस्था पनि अत्यन्तै नाजुक हुनपुग्यो । त्यसको असर नेपालमा पनि नपर्ने कुरै भएन । जसको कारण आज पनि पर्यटन लगायतका आर्थिक क्षेत्रमा ठूलै मन्दी आएको छ ।

## २.४ पर्यटन विकासका लागि सक्रिय संरचना तथा पूर्वाधार

पर्यटन क्षेत्रमा परम्परागत रूपमा अध्ययन गर्दा होटल संघ नेपाल (हान), ट्रेकिङ्ग एजेन्टस् एसोसिएसन अफ नेपाल (टान), नेपाल एसोसिएसन अफ ट्राभल्स एण्ड टुर्स एजेन्टस् (नाट्टा), प्यासिफिक एसोसिएसन अफ ट्राभल्स एजेन्टस् (पाटा), नेपाल एसोसिएसन अफ ऱ्याफ्टिङ्ग (नारा) र नेपाल पर्वतारोहण संघ (एनएमए) जस्ता संगठनहरूले देशको समग्र पर्यटन व्यवसायीहरूको प्रतिनिधित्व गरिरहेका छन् (श्रेष्ठ, २०१७) । संसारको पर्यटन उद्योगको विकास, प्रवर्द्धन तथा विस्तारको महत्त्वपूर्ण भूमिका निजी क्षेत्रको सक्रियतामा नै भएको देखिन्छ । हरेक मुलुकका सरकारले पर्यटन प्रवर्द्धनको लागि आवश्यक संरचनाहरूको विकास र आवश्यक नीतिहरूको तर्जुमा गरेको देखिन्छ । त्यसकारण पर्यटन कानुनमा समेत निजीक्षेत्रको सहभागितालाई साझेदारीको रूपमा अङ्गीकृत गरेको पाइन्छ ।

पर्यटनको महत्त्वपुर्ण गन्तव्यहरू जस्तो थाईल्याण्ड, सिंगापुर, मलेसिया, दक्षिण कोरिया, साउथ अफ्रिका, केन्या, तान्जानिया, कम्बोडिया, जस्ता देशहरूले निजी क्षेत्रका पर्यटन व्यवसायीहरूको राष्ट्रिय संघठनहरूका प्रतिनिधिहरूलाई मुलुकको पर्यटन प्रवर्धन तथा बजारीकरणको लागि प्रत्यक्ष संलग्नता गराएको देखिन्छ । केन्याको पर्यटन ऐन २०११ को दफा ३२ को १ कोषले केन्याको पर्यटन वोर्डमा २ जना मनोनयन गरी सिफारिस गर्नलाई व्यवस्था गरेको छ जसले निजीक्षेत्रको व्यवसायीहरूको सङ्गठनलाई मान्यता दिएको देखिन्छ । त्यसैगरी दक्षिण कोरीयाको पर्यटन प्रवर्धन ऐनको दफा ४१ र ४२ ले पर्यटन संघ सम्वन्धित व्यवसायीहरूको

सङ्गठनलाई पर्यटन मन्त्रालयमा दर्ता गर्नु पर्ने व्यवस्था गरेको छ । नेपालको संर्दभमा हेर्दा नेपाली पर्यटन व्यवसायीहरूलाई महत्त्व दिई ऐन कानुनमा समेत व्यवस्था गरी निजी तथा सार्वजनिक व्यवस्थापनको अवधारणामा नेपाल पर्यटन वोर्ड ऐन बनाईएको छ । पर्यटन प्रवर्द्धनका सवालमा समेत निजी क्षेत्रका पर्यटन व्यवसायीहरूको सङ्गठनलाई प्राथमिकतामा राखी विभिन्न समारोहहरू तथा नीति निर्माणमा सहभागिता गराइएको पाइन्छ (श्रेष्ठ, २०१७) । आर्थिक वर्ष ०७४ र ७५ को बजेट मार्फत् नेपाललाई आकर्षक गन्तव्यका रूपमा विकास गर्नका लागि देशभरका विमानस्थल निर्माण तथा सुधारलाई विशेष जोड दिने घोषणा गरेको छ । सरकारले त्यसका लागि ठूला विमानस्थल निर्माणको साथै मझौला तथा साना विमानस्थल निर्माण तथा सुधारमा विशेष ध्यान दिने घोषणा गरेको छ । बजेटमा सरकारले चालू वर्षका लागि विमानस्थल निर्माण तथा सुधारका लागि १३ अर्ब ७२  करोड रुपैयाँ विनियोजन गरिएको थियो । आज पनि यो बजेट बढ्दै गएको छ ।

सरकारले पर्यटनको विकासका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सुधारमा ध्यान केन्द्रित गर्ने धावनमार्ग तथा पार्किङ वे विस्तारका लागि कोटेश्वर- सूर्यविनायक खण्डमा सुरुङमार्ग निर्माण गरी विमानस्थल विस्तार गर्ने घोषणा गरेर उक्त कार्य अगाडि बढेको थियो । त्यस्तैगरी प्रस्तावित दोस्रो अन्तर्राष्ट्रिय निजगढ विमानस्थलको चालु वर्ष टेन्डर प्रक्रियामा लगेर निर्माण सुरु गर्ने लक्ष्यसमेत राखिएको छ । पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल तथा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्न भैसकेको छ । पर्यटन प्रवर्द्धन तथा स्थानीय पूर्वाधार निर्माणको जिम्मा स्थानीय तहलाई दिइएको र सरकारले पर्यटकीय प्रचुरता भएका प्रमुख स्थललाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न तयार भएको गुरुयोजना कार्यान्वयन गर्ने, तयार नभएका ठाउँको गुरुयोजना बनाउने र पर्यटकीय पदयात्रा मार्ग निर्माण तथा विकासको कार्यक्रमलाई निरन्तरता दिइएको छ । पर्यटनमा यसअघि देखिनै सञ्चालनमा रहेका पशुपति क्षेत्र विकास गुरुयोजना, गौतम बुद्धको जन्मस्थल बृहत्तर लुम्बिनी क्षेत्रको विकास कार्यक्रम, ग्रेटर हिमायन ट्रेल लगायतको कार्यक्रमले निरन्तरता पाएका छन् (गौतम, २०१६) ।

### २.५ संस्थागत व्यवस्था

पर्यटन भनेको हल्ला हो । जस्तोः लुम्बिनीमा एउटा बर्थिङ सेन्टर बनाउन सकिएला । बच्चा जन्मिनुभन्दा एक महिना अगाडि आएर बुद्ध जन्मेको भूमिमा बुद्ध जस्तै सुन्दर र दिमागदार बच्चा जन्मिन्छ भन्ने कुराले संसारको ध्यान तान्न सक्छ । बुद्ध जन्मेको भूमिको चामल भनेर प्रोमोसन गर्न सक्यौं भने ५० रूपैयाँ किलो बिक्रि हुने चामल पाँच डलरमा बिक्री गर्न सकिँदैन र ? यसमा हाम्रो

एटेन्सन, भ्यालु एडिसन र ब्रान्डिङ हुन सकेको छैन । अहिले पनि सगरमाथाको ढुंगा राखेको भनेर हजारौँ डलरको घडी विदेशमा बिक्री हुन्छ । तर हाम्रै देशको सगरमाथाबाट हामीले खै त्यै अनुसारको लाभ लिन सकेको ? हाम्रा उत्पादनलाई दिगो रूपमा प्रयोग गर्न सकिरहेका छैनौं (उपाध्याय, २०१७) । संस्थागत रूपमा नेपालमा हाल जनतासंगै सिंहदरबार छ, सर्व शक्तिमान स्थानीय सरकार छ, पर्यटनसम्बन्धी नियम कानुन ऐन योजना बनाएर लागु गर्न सक्ने सम्पूर्ण अधिकार स्थानीय सरकारसँगै छ, स्थानीय सरकारले सार्वजनिक निजी साझेदारीमा चाहे जस्ता कार्यक्रम निर्माण र सञ्चालन गर्न सक्दछन्, जनताले सहयोग गर्नुपर्दछ, स्थानीय सरकारपछि अर्को महत्त्वपुर्ण संयन्त्र भनेको प्रादेशिक सरकार हो, स्थानीय सरकारले राम्रो योजना बनाएर मेहेनत गर्ने हो भने प्रादेशिक सरकारले त्यस क्षेत्रलाई बिशेष पर्यटकीय क्षेत्र घोषणा गरेर अगाडि बढ्न सकिन्छ, त्यसपछि फेरी संघीय सरकार, पर्यटन मन्त्रालय, पर्यटन विभाग, र पर्यटन बोर्ड छन्, राम्रो उपभोक्ता समूह बनाएर स्थानीय सरकारदेखि संघीय सरकारसम्म पहल कदमी गर्ने हो भने आफ्नो जन्मभूमिलाई चाहे जस्तो गरी विकास गर्न सकिन्छ । यसका लागि स्थानीय जनप्रतिनिधिहरूसँग स्पष्ट मार्गनिर्देश हुन आवश्यक छ ।

**पर्यटन क्षेत्रमा हामी कहाँ चुक्यौ ?**

पर्यटन क्षेत्र विकास र समृद्धिको बहुआयामिक क्षेत्र हो भन्ने जान्दाजान्दै पनि सोहि अनुरूप प्रतिफलमूलक हुन नसक्नु आजको जटिल समस्याको रूपमा देखा पर्दै गएकोछ । मुख्यतः हामीले बनाएका नीति, हाम्रा नियमक निकाय होस् वा नीति र नियमकसँग जोडिएका नियत हुन्, समस्या यसैमा छ । परिकल्पना मात्र हुँदैमा वा दस्तवेजीकरणमा मात्र जोड दिँदैमा यस क्षेत्रको विकास हुनसक्दैन भन्ने विषय प्रमाणित हुदै गएको छ । पर्यटन क्षेत्रको अध्ययन तथा अनुसन्धान, सांस्कृतिक दर्शनको उपयोग, नयाँ आयामको खोज, पर्यटकीय स्थलको पहिचान, आवश्यक दक्ष जनशक्तिको उत्पादन तथा व्यवस्थापन, पर्यटनमैत्री यातायात सेवा, युवामैत्री कार्यक्रम तथा योजना, पदमार्गको प्रवर्द्धन तथा संरक्षण, पर्यटन वीमा, सरकार र नीजि क्षेत्रका व्यवसायीको सुमधुर सम्बन्ध, राजनीतिक हस्तक्षेप र नियुक्ति प्रकृया, राष्ट्रिय ध्वजावहाक जहाजको कमी, नेपाल वायुसेवा निगमको संस्थागत जटिलता, उपलब्धिमूलक बजारीकरण जस्ता विषयमा हाम्रो ध्यान जानु आवश्यक थियो । तर सोचेजस्तो प्रभावकारी हुन नसक्नु नै पर्यटन क्षेत्रको दुर्भाग्य हो ।

पर्यटन प्रवर्द्धन गर्नको लागि महत्त्वपूर्ण विषय भनेको व्यवसायिक सुशासन पनि एक हो । पर्यटकीय सुशासनको असल अभ्यासले मात्र दीगो विकासको परिकल्पनालाई साकार गर्न सकिन्छ । यसको लागि आवश्यक नीति, योजना तथा कार्यक्रम, कार्यान्वयन तथा त्यसबाट उचित प्रतिफल

देखिनुपर्छ । जसको मापन आर्थिक विकास, देशको समृद्धिसँग तुलना गरेर हेर्न सकिन्छ । सारमा भन्नुपर्दा समग्र पर्यटकीय सुशासनलाई प्रभावकारी बनाउन उपयुक्त नीति र नियत स्पष्ट र पारदर्शी हुन आवश्यक देखिन्छ ।

## २.६. केही सान्दर्भिक विषयहरूको समीक्षा

पर्यटन विकासको नीति तथा कार्यबिधिहरू अत्यन्तै सबल नै रहेका छन् । नीतिगत तथा योजनागत दृष्टिले हेर्दा आवधिक योजना र पर्यटन नीति २०६५ ले पर्यटन उद्योगलाई ग्रामीण तहसम्म विस्तार गरी सघन एवं समन्वयात्मक पर्यटकीय विकासका माध्यमबाट नेपाललाई विश्वको प्रमुख गन्तव्यस्थल बनाउने लक्ष्य राखी यस क्षेत्रको विकासलाई रोजगारी सिर्जना, आर्थिक र क्षेत्रीय विकासको प्रमुख आधारको रूपमा विकसित गर्दै यस उद्योगलाई राष्ट्रिय अर्थतन्त्रको मुख्य आधारको रूपमा योगदान गर्न सक्ने तुल्याउन पर्यटनको विविधिकरण र विस्तार गरी प्रतिवर्ष पर्यटक आगमन संख्या बढाउन सकिन्छ ।

यस क्षेत्रमा यत्तिका संस्था, निकाय तथा नीतिगत व्यवस्थाहरू हुँदाहुँदै पनि नतिजा भने अपेक्षा गरेअनुरूप छैन । नेपाल सरकारले पर्यटन नीति २०६५ मा पर्यटन उद्योगको प्रबर्द्धन गर्ने, पर्यटकीय दृष्टिले आकर्षक र मानव निर्मित सम्पदाहरूको खोज र अनुसन्धान गर्ने, पर्यटकीय पूर्वाधारको विकास र निर्माण गर्ने आदि उद्देश्यहरू राखेको छ । पर्यटन विकासका लागि सन् २००८ मा जारी गरेको दीर्घकालीन दृष्टिकोण 'भिजन २०२०' ले नेपालमा प्राकृतिक, साँस्कतिक, जैविक एवं मानव निर्मित सम्पदाहरूको संरक्षण तथा सम्बर्द्धन गर्दै विश्व मानचित्रमा आकर्षक, रमणीय र सुरक्षित गन्तव्यस्थलको रूपमा विकास गर्ने उल्लेख गरेको छ । **दिगो विकासका १७ वटा लक्ष्यहरूमध्ये ८ र १२ नं बुँदा पर्यटनसँग सरोकार राख्दछन् ।**

नेपाल सरकारले सार्वजनिक गरेको नेपालको राष्ट्रिय पर्यटन रणनीति योजना (२०१६-२०२५) कार्यान्वयनमा आएको छ । योजनाको पहिलो चरण (२०१६-२०२०) मा दुवै लक्ष्य साकार पार्न गन्तव्य विविधीकरण र सुधारमा जोड दिइएको छ (पर्यटन मन्त्रालय , २०१६) । दोस्रो चरण (२०२१-२०२५) मा नयाँ उत्पादनहरूलाई एकीकृत गर्ने उल्लेख छ । त्यसैले यो रणनीतिक योजनालाई यस क्षेत्रको विकासको लागि कोशेढुङ्गा सावित हुने विश्वास लिन सकिन्छ भनी पर्यटन मन्त्रालयले टिप्पणि गरेको छ (पर्यटन मन्त्रालय, २०१६) ।

तर जतिसुकै कुरा गरे तापनि नेपालमा दिगो पर्यटनको कुरा भने अवधारणामा मात्र सीमित रहेजस्तो देखिएको छ । व्यापक अनुसन्धानको कमी र नीतिगत स्पष्टताको अभावमा पर्यटन क्षेत्रको विकासमा उल्लेख्य प्रगति हुन नसकेको हुनसक्छ । त्यसैले नेपालमा दिगो पर्यटन कहिलेसम्म भन्ने बारेमा बहस हुनु जरुरी देखिन्छ । हाम्रा पर्यटन क्षेत्रका विशेषताहरूमा अनुपम प्रकृति, जीवन्त संस्कृति र साहसिक क्रियाकलाप आदि पर्दछन् । यसका लागि हामीले कुशल तथा सुरक्षित हवाइ र स्थल यातायात, भौतिक पूर्वाधार निर्माण, पर्यटन क्षेत्रको विविधीकरण र बजारीकरणको आधुनिक व्यवस्था, स्पष्ट र विश्वसनीय जानकारी आदिको व्यवस्था गरी दिगो पर्यटनको लक्ष्य हासिल गर्न सकिन्छ । वास्तवमा दिगो पर्यटनका लागि पर्यटकहरूको आवागमन नै महत्त्वपूर्ण हुन जाने भएकाले कस्ता खालका पर्यटक चाहिएका हुन् धेरै खर्चिने वा धेरै दिनसम्म रहने ? स्पष्ट हुनुपर्दछ । दिगो पर्यटनले मूर्तता पाउने खालका आध्यात्मिक पर्यटन, पर्या-पर्यटन, प्रकृति, नदिनाला लगायतको संरक्षण हुनु जरुरी छ ।

## २.७ स्रोत परिचालन (परिवर्तन)

परिवर्तन गाउँपालिका देशको राजधानीबाट धेरै टाढा रहेको पालिका हो । भौगोलिक विकटता यसको मुख्य विशेषता हो । मूलतः पर्यटन विकास भनेको एउटा निर्जन ठाउँमा पर्यटकीय गतिविधिहरूको अभिबृद्धि गर्नु हो । यद्यपि परिवर्तन गाउँपालिका को वरिपरि थुप्रै गाउँहरू पनि रहेका छन् । तर यतिबेला हामीले जुन प्रसङ्ग उठाइरहेका छौँ त्यो गाउँको पर्यटकीय विकासद्वारा यस क्षेत्रमा रहेका अन्य समग्र क्षेत्रको समेत विकास गर्न मोडल तयार गर्न खोजिएको छ । त्यसैले यहाँको पर्यटन विकास तथा प्रवर्द्धनका निम्ति आवश्यक पर्ने स्रोत परिचालनको ढाँचा पनि अलिकति फरक प्रकृतिको हुनु स्वभाविकै हो ।

यस क्षेत्रको पर्यटन विकास तथा प्रवर्द्धनका निम्ति धेरै कामहरू गर्नुपर्ने छ । भौतिक पूर्वाधारको निर्माणदेखि स्थानीयको जनचेतना पनि बढाउनुपर्ने देखिन्छ । व्यवस्थापकीय कुरादेखि नयाँ कार्यक्रम संचालनका योजनाहरू पनि छन् । त्यसका लागि चाहिने रकमको अङ्क पनि ठूलै हुनु स्वभाविकै हो । खर्च परिचालनका लागि कानूनी व्यवस्थाअनुसार निर्देशित विधि प्रक्रियाहरू छन् । आवश्यक रकम जुटाउन भने मूलरूपमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह गरी तीन तहका सरकारमाथि भर पर्नु बाहेक अर्को बलियो विकल्प छैन । कहिलेकाहीँ कुनै गैरसरकारी संस्था वा निजि लगानीकर्ताहरूको पनि चासो र सहयोग रहन सक्दछ ।

यहाँ यसो भनिरहँदा अर्को के कुरा पनि त्यत्तिकै महत्त्वपूर्ण छ भने निजी क्षेत्रको सहभागिताबिना यस्ता कार्यक्रमहरूको दीगोपन र सफलता प्राप्त नहुने हुँदा यता पनि ध्यान दिनु जरुरी छ । पर्यटन विकास तथा प्रवर्द्धनमा सहभागी हुन निजी क्षेत्र इच्छुक छ तर उनीहरूले आफ्नो लगानीको सुरक्षा र त्यसको छिटो प्रतिफल प्राप्त गर्ने अपेक्षा गर्दछन् । जुन कुरा स्वभाविक पनि हो । तसर्थ सरकारी लगानी जुटाउँदै र आवश्यक पूर्वाधारहरू तयार गर्दै जाने र उपयुक्त समय र ठाउँमा निजी क्षेत्रलाई समावेस गर्दै जानुपर्ने हुन्छ ।

अर्को कुरा, यस क्षेत्रमा हुने पर्यटन विकासको दीर्घकालीन आधार र प्रतिफल प्राप्तीको पहिलो हकदार भनेका स्थानीय जनता नै हुन् । त्यसैले यस्तो कार्यक्रममा प्रत्यक्ष वा अप्रत्यक्ष जुनसुकै प्रकारले भए पनि स्थानीयको सहभागिता सुनिश्चित हुने गरी कार्यक्रमको तर्जुमा गर्नुपर्दछ । पर्यटकीय हिसाबले हाम्रो सदावहार आयस्रोत हो भन्ने अनुभूति स्थानीयलाई गराउन सक्नुपर्दछ ।

अर्को भुल्नै नहुने विषय के हो भने यहाँको सामुदायिक वन, कबुलियत वन लगायतको आवश्यक प्रयोग गर्नुपर्ने देखिन्छ जसको लागि उक्त वनसँग आवद्ध समिति, स्थानीयबासी लगायतको पनि समन्वय र सहकार्यको आवश्यकता रहेको छ । उक्त स्थानमा केही जातीय पहिचानमा आधारित ऐतिहासिक दाहसंस्कारका संरचना (चियान) पनि रहेका छन् जसले ठूलो क्षेत्रफल ओगटेको देखिन्छ । उक्त चियानलाई जातीय सम्मान तथा अपनत्व रहनेगरी व्यवस्थापनमा पनि स्थानीयको ठूलो सहयोगको आवश्यकता रहेको छ । त्यसैगरी मृत्यु पर्यन्त आवश्यक पर्ने घाटको व्यवस्थित रूपमा निर्माण गर्न आवश्यक रहेको देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मूल्य, मान्यता र अधिकारको सहि प्रयोग गर्न चाहने हो भने स्थानीय सरकारले आफ्ना आवश्यकता तथा अनूकुलताको आधारमा अनेकन कानुन तथा कार्यविधिहरू बनाएर विकासका कार्यहरूलाई सहजै अगाडि बढाउन सक्ने छ ।

### २.७.१ परिवर्तन गाउँपालिकाले तयार गरेका विभिन्न ऐन नियम तथा कार्यविधिहरू

- सामाजिक सुरक्षा कोष सम्वन्धी कार्यविधि २०८२
- डिजिटल रणनीति २०८१/०८२
- खेलकुदा संसोधित कार्यविधि २०८२/०८३
- स्थानीय पूर्वाधार आयोजना सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०८१/०८२

- स्थानीय पूर्वाधार मर्मत सम्भार कोष सञ्चालन कार्यविधि २०८१/०८२
- प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०८१/०८२
- उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०८१/०८२
- अनुगमन तथा सुपरिवेक्षण कार्यविधि २०८१/०८२
- परिवर्तन गाउँपालिका खरिद नियमावली २०७५/०७६
- आर्थिक ऐन र विनियम ऐन २०८१/०८२
- कानुन संग्रह २०७९/०८०
- परिवर्तन गाउँपालिकाको स्वास्थ्य क्षेत्रको पास्वचित्र वस्तुस्थिति विश्लेषण प्रतिवेदन २०७९/०८०
- गाउँपालिकाको राजश्व सुधार कार्य योजना प्रतिवेदन २०८०/०८१
- परिवर्तन गाउँपालिकाको क्षमता विकास योजना प्रतिवेदन २०८०/०८१
- गाउँपालिकाको स्वास्थ्य सरसफाइ तथा पोषण नीति २०७९/०८०
- स्थानीय स्वास्थ्य तथा सरसफाइसम्बन्धी ऐन २०८९/०८०
- गाउँपालिकाको निःशुल्क शिक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७९/०८०
- युवा स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि २०७९/०८०
- गाउँपालिकाको द्वन्द्व प्रभावित परिवार उत्थान कार्यक्रम सम्बन्धी कार्यविधि २०७९/०८०
- जलस्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधि २०७८
- प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी कार्यविधि मापदण्ड २०७८
- आ.व. २०७८/०७९ को विनियोजन ऐन
- आर्थिक ऐन २०७८/०७९
- गाउँपालिकाको सामुदायिक शिक्षक अनुदान कार्यविधि २०७७
- परिवर्तन गाउँपालिकाको सहकारी संस्था दर्ता निर्देशिका २०७७
- गाउँपालिकाको सहकारी संस्था दर्ता निर्देशिका २०७७
- विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५

- गाउँपालिकाको टोल विकास संस्था कार्यविधि २०७७
- गाउँपालिकाको स्थानीय कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७४
- बजार अनुगमन निर्देशिका २०७४
- गाउँपालिकाको सहकारी ऐन २०७४
- गाउँपालिकाको पदाधिकारीहरूको आचारसंहिता २०७४

## २.८ पर्यटन विकासमा लुम्बिनी प्रदेश

नेपालको संविधानद्वारा स्थापित सात प्रदेशहरू मध्ये लुम्बिनी प्रदेश एक हो । लुम्बिनी प्रदेशमा जम्मा १२ वटा जिल्लाहरू रहेका छन् जसमा अधिकांश जिल्लाहरू पहाडी क्षेत्रमा पर्दछन् । उक्त जिल्लाहरू मध्ये एक रोल्पा हो जुन विकासका दृष्टिकोणले केही पछाडि परेको अनुभूति जोकोहीलाई पनि हुने गर्दछ । स्रोत र साधनका दृष्टिकोले हेर्ने हो भने यहाँ धेरै जैविक विविधताहरू रहेका छन् । आजपनि यहाँको उत्पादन, कलासंस्कृति परम्परागत पहिचानमा नै आधारित रहेको छ । यस्ता महत्त्वपूर्ण वस्तु तथा सेवालाई पर्यटनमा जोड्नु दिगो विकासको आधारको रूपमा लिन सकिन्छ ।

### २.८.१ पर्या पर्यटन

पर्याको अर्थ पर्यावरण  यसको परिभाषलाई यसरी सहजै बुझ्न सकिन्छ । पर्यावरणीय क्षेत्रमा पर्यावरणलाई खलल नपर्ने गरी सञ्चालन गरीने पर्यटन सम्बन्धी क्रियाकलापहरू पर्यापर्यटनको मर्म र सिद्धान्त अनुसार सञ्चालन हुन्छन् । पर्यापर्यटनले वातावरणलाई असर पर्ने सामाग्रीहरूको प्रयोगमा निषेध गर्दछ (ऋतुविचार, २०१५) । (Take only Photographs and leave only foot-print) भन्ने हो । त्यसकारण पर्यावरणीय पर्यटन अति वातावरण मैत्री हो जसले पर्यटकहरूलाई जतिसक्दो कम वातावरण असर कम गराउने वा वातावरणलाई असर मुक्त गराउने अवधारणा राख्दछ । पर्यालाई अंग्रेजीमा (Eco ) भनिन्छ, यो शब्द ग्रीक भाषाको (OIKOS) ग्रीक भाषाबाट आएको हो ।

पर्या पर्यटनविद् इदवार्ड इनस्कीपको शब्दमा प्रकृति (वनस्पति, जीव, विभिन्न प्राकृतिक सौन्दर्यता) गाउँघर कृषि क्षेत्र (खेतबारी) आदिमा स्थानीय बासिन्दाकै पथप्रदर्शन र व्याख्यामा निर्देशित हुँदै थोरै यात्रुहरूले नियन्त्रित रूपमा गरीने यात्रा या भ्रमण हो (ऋतुविचार, २०१५) । त्यसै गरी  संयुक्त राष्ट्र संघको महासभाले सन् २००२ मा पर्या पर्यटनलाई अन्तराष्ट्रिय वर्षको रूपमा मनाउने निर्णय गरेको थियो । यसरी सारमा भन्नु पर्दा प्राकृतिक वातावरणलाई खलल नहुने गरी प्रकृतिमैत्री यात्रा या

भ्रमण पर्या पर्यटन हो । तर भ्रमण आर्थिक क्रियाकलापसँग विशेष सम्बन्ध राख्दछ । हुन त पर्यटन संरक्षणमूखी नै हुन्छ तर पर्यापर्यटन विशेष संरक्षणमूखी अवधारणाको सिद्धान्तबाट निर्देशित हुन्छ । यसको अर्थ हुन्छ, परिवार तथा आश्रय स्थल भन्ने बुझाउँछ, त्यसकारण शाब्दिक अर्थमा पर्या पर्यटनले प्रकृतिसँगको निकट आश्रय स्थलको गन्तव्यलाई परिभाषित गर्दछ । प्रकृति पर्यटन, हरियाली पर्यटन, प्रकृतिमूखी पर्यटन, जंगलप्रधान पर्यटन, साहसिक पर्यटन, वैकल्पिक पर्यटन, दीगो पर्यटन, उचित पर्यटन, पर्यावरणीय पर्यटन, र शान्त पर्यटन इत्यादी बढी प्रचलनमा रहेका छन् । यसरी सारमा भन्नु पर्दा विनाश विहिनको पर्यटन नै पर्या पर्यटन हो । पर्या पर्यटन वातावरणप्रतिको उत्तरदायित्वलाई महशुस गरी वरिपरिको प्राकृतिक र सांस्कृतिक धरोहरहरूको संरक्षणका लागि प्रोत्साहन गर्दै स्थानीय बासिन्दाहरूको सामाजिक तथा आर्थिक सहभागितामा जोड दिँदै थोरै यात्रीहरूद्वारा स्वच्छ प्राकृतिक क्षेत्रमा गरिने यात्रा वा भ्रमण हो (ऋतुविचार, २०१५) । नेपालको पर्यटन विशेष संरक्षणमूखी क्षेत्रहरूमा आधारित छ, यसैमा पनि ८० प्रतिशत भन्दा गाउँ गाउँले भरिएको दर्जनौ सांस्कृतिक सम्पदा अनि विविधता र त्यसैको आधारमा उपलब्ध वनजंगलदेखि जैविक विविधता हिमाल नदीनाला ताल तलैया इत्यादी पर्याका खानी नै हुन् । त्यस्तै एउटा उदाहरणीय क्षेत्र हो परिवर्तन गाउँपालिका ।

### २.८.२ कृषि पर्यटन

रोल्पा जिल्लामा अवस्थित परिवर्तन गाउँपालिकाका अधिकांश जमिन कृषियोग्य रहेका छन् । यि वडाहरूमा एग्रो टुरिज्म सञ्चालनमा रहेका छन् । यसमा पाइने सेवा सुविधा साथै आत्मीय आतिथ्यता, आफ्नै कृषि बालीबाट उत्पादित अर्गानिक खानपानले पर्यटकहरूलाई प्रलोभित र आकर्षित गर्दछ । स्थानीय मौलिक संस्कृति, रहनसहन र परम्पराअनुसारको सांस्कृतिक नाचगान, क्रियाकलापले झनै पर्यटकहरूलाई मन्त्रमुग्ध बनाउन सक्दछ । मगर जनजातिहरूको सांस्कृतिक सम्पदा, भेषभुषा र उनीहरूले आगन्तुक पाहुनाहरूलाई देखाउने नाच तथा गानको नाम नाचगानहरू बिर्सिनसक्नु हुन्छ । यहाँ उत्पादन हुने रसिलो आलुको परिकार, मुला, लसुन, प्याज, लोकल कुखुरा, कोदोको रक्सी, सिस्नु, काउली, स्कुसका परिकारहरू लोभलाग्दा भेटिन्छन् । पैदल यात्रा होस् वा सवारी साधन माध्यमबाट बाटो र बस्तीहरूमा भेटिने काफल, ऐंसेलु, चुत्रो, आरु, बखरा, नास्पाति लगायत अन्य कन्दमुलहरू यात्राका क्रममा रमाउने खाद्य पदार्थहरू हुन् । यस्ता प्रकारका जंगली फलफूलहरूले पनि पर्यटकहरूलाई आकर्षण गर्दछ ।

## २.९ ग्रामिण /होमस्टे पर्यटन

ग्रामीण क्षेत्रका स्थानीय जनतामा स्वरोजगारका अवसर सिर्जना हुने तथा आम्दानी वृद्धिको माध्यमबाट जीवन स्तरमा सुधार ल्याउने प्रकृतिका ग्रामीण पर्यटन पूर्वाधारको दिगो विकासको माध्यमबाट सबै खाले समुदायको समेत सङ्लग्नता रहने गरी पर्यटन व्यवसायबाट प्राप्त हुने लाभलाई समुदायको पहुँच भित्र ल्याउने संरचनाको निर्माण र विकास गर्ने पर्यटन नीति २०६५ अनुसार नेपालका ग्रामीण भेगमा तथा शहरी भेगमा समेत घरबास कार्यक्रम सञ्चालन गरी रोजगारका अवसरहरू सृजना गरी गरीबी न्यूनीकरणमा सहयोग पुऱ्याउने अपेक्षा राखी यो कार्यक्रम सञ्चालन हुन थालेको हो । यो कार्यक्रमले अतिथिसँग आत्मीयतापूर्ण सत्कारको आदानप्रदान गर्ने संस्कारको विकास, शान्त वातावरण जस्ता  विशिष्ट पहिचान दिनमा यो अभियान अति नै समय सापेक्ष र गाउँको हितमा रहेको मानिन्छ । तसर्थ, नेपाल जस्तो ग्रामीण बहुलता भएको देशको निम्ति यो अपरिहार्य अवधारणा हो । गाउँ नै गाउँले भरिएको नेपाल ग्रामीण पर्यटनका लागि एक महत्त्वपूर्ण गन्तव्य बन्दै आएको छ । विशेष गरी, सिरुवारी (स्याङ्जा), घलेगाउँ (लम्जुङ), बन्दिपुर ( तनहूँ), कपन (काठमाण्डौं), ल्वाङ (कास्की) आदि होमस्टेले नेपालमा महत्त्वपूर्ण गन्तव्य बनाउँदै आएका छन् । नेपालका धेरै गाउँहरूमा होमस्टेका सम्भावना रहेका छन् । पहिलेदेखि नै परम्परागत रूपमा अतिथिहरूलाई सत्कार गर्दै आएको गाउँमा घरबास सञ्चालन गर्नसके ग्रामीण क्षेत्रका बासिन्दाको आय आर्जनमा वृद्धिका साथै पर्यटकीय रूपमा पनि ठाउँको महत्त्व बढ्न सक्ने देखिन्छ ।

पर्यटन विकासको महत्त्वपूर्ण पक्ष मध्ये साहसिक पर्यटन पनि महत्त्वपूर्ण मानिन्छ । नेपालमा पर्यटन विकासको सुरुआत पनि साहसिक पर्यटन (पर्वतारोहण) बाट सुरु भएको हो । साहसिक पर्यटनको रूपमा हाल आएर नदीहरूमा गरी ने ऱ्याफ्टिङ, अग्लो भागबाट उड्ने प्याराग्लाइडिङ, नदीका कहाली लाग्दा खोँचहरूमा गरीने बन्जी जम्प, पहाडी भागमा गरीने माउन्टेन बाइकिङ, झरनाहरूमा गरीने क्यानोइङ, पहराहरूमा गरीने रक क्लाइम्बिङ, आदि रहेका छन् । नेपालमा हालसम्म पदयात्रा पर्यटनको रूपमा मुलतः हिमाली क्षेत्र मात्र सङ्लग्न रहेको पाइन्छ । पदयात्रा पर्यटन व्यवस्थित रूपमा पहाडी र तराई क्षेत्रहरूमा सञ्चालन हुन सकेको छैन । हिमाली क्षेत्रमा अत्याधिक चापको कारणले गर्दा वातावरणीय सन्तुलनमा समेत असर पर्न थालिसकेको छ । यसरी पहाडी तथा तराईमा पदयात्रा पर्यटनको विकास गर्न सके आय आर्जन र रोजगारीका अवसर सिर्जना हुन सक्दछ ।

ग्रामीण पर्यटन वा होमस्टे पर्यटनको नाम फरक भए तापनि यसको मुलभूत उदेश्य एकै प्रकारको रहेको छ । जसको माध्यमबाट ग्रामीण क्षेत्रको विकास गर्नु नै हो । पछिल्लो समय होमस्टे पर्यटनलाई विकासको औजारको रूपमा प्रयोग गर्दै गएको देख्न सकिन्छ । संघ, प्रदेश र स्थानीय तिनै तहका सरकारले यसप्रतिको चासो बढाएको छ । त्यतिमात्र होइन होमस्टे प्रवर्द्धनको लागि आवश्यकताअनुसार सरकारले बजेट समेत विनियोजन गर्दै आएको छ । आज करिव ७० वटा जिल्लामा होमस्टे सञ्चालनको अवस्थामा रहेका छन् ।

### २.९.१ होमस्टेका प्रकारहरू

नेपाल सरकारको कार्य विधि २०६७ ले होमस्टेलाई दुई भागमा वर्गीकरण गरेको छ । जसमा सामुदायिक र नीजिको सन्दर्भमा स्पष्ट परिभाषा उल्लेख गरेको पाइन्छ । आज जति पनि होमस्टे सञ्चालन रहेका छन सोही अनुरूप व्यावसायिक बन्दै गएका छन् । पछिल्लो समय प्रदेश सरकार र स्थानीय सरकारले समेत यसको आ-आफ्नै कार्यविधि तयार गरी  स्थानीय पालिकामा नै दर्ता गरी सञ्चालन गर्न सकिने व्यवस्था रहि आएको छ ।

### २.९.२ होमस्टेका आधारहरू

होमस्टे सञ्चालन गर्नु पूर्व त्यसका सांस्कृतिक, प्राकृतिक वा मानव निर्मीत आकर्षणका आधारहरूको पहिचान गरिन्छ यसै सन्दर्भमा स्थलगत अवलोकनका क्रममा प्राप्त भएका तथ्याङ्कहरूलाई समेत यहाँ उल्लेख गरिएको छ ।

**(क) स्थानीय कृषि उत्पादन** : होमस्टेको महत्त्वपूर्ण आधार र पहिचान स्थानीय उत्पादनसँग जोडिएको छ । होमस्टेमा आउने पाहुनालाई खानको लागि सकेसम्म स्थानीय उत्पादन खुवानुपर्ने कार्यविधिमा उल्लेख गरिएको छ । जस अनुरूप कृषि उत्पादनको संरक्षण, जमिनको उपभोग, रोजगारीको सृजना, आयआर्जनको भरपर्दो आधार कृषिलाई मानिएको छ ।

**(ख) स्वच्छ वातावरण** : होमस्टेको अर्को महत्त्वपूर्ण काम भनेको स्वच्छ वातावरण वा वातावरणमैत्री बनाउनु पनि हो । यसको माध्यमबाट फोहोरमैलाको व्यवस्थापन, हरियाली संरक्षण, धुवारहित

भान्छाघर, वन र वन्यजन्तुको संरक्षण, सौचालय, खानेपानी आदिको उचित व्यवस्थापन रहेको छ ।

(ग) **संस्कृतीमैत्री** : होमस्टे भन्नासाथै उक्त स्थानको संस्कृती, जातिय पहिचान, भेषभुषा, जात्रामेला, रितिरिवाज, कला, जातीय पहिचानका वस्तुहरू, हस्तकला चित्रकला, मुर्तीकला, सम्पदा आदि पनि आउने गर्दछन् । यसको पहिचान, संरक्षण, प्रवर्द्धन र प्रसारमा पनि होमस्टेको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

(घ) **बहुआयामिक क्षेत्र** : सर्मद्ध समाज बन्नकालागि मानिसहरूको अनेकन क्षेत्रको विकास आवश्यक रहन्छ । जस्तै शिक्षा, स्वास्थ्य, सरसफाइ, भौतिक पूर्वाधर, स्थानीय संग्राहलय, सामुदायिक भवन, विद्युत्, सञ्चार आदिको विकासमा होमस्टेको प्रत्यक्ष संलग्नता रहनु पर्दछ । त्यसैले होमस्टेलाई विकासको औजारको रूपमा पनि लिन सकिन्छ ।

**(ङ) होमस्टेका लागि घर, कोठा र शैया**

१. प्रत्येक सामुदायिक होमस्टेका लागि भिन्न स्वामित्व भएका कम्तिमा ५ घर भएको हुनुपर्ने ।

२. आपसमा सहज पहुँचका लागि बाटोको प्रबन्ध भएको, घरहरू मौलिक संकृति झल्कने र हावाहुरी, जंगली जनावर आदिबाट सुरक्षित हुनुपर्ने, हिलो तथा धुलो रहित र सफा सुग्घर हुनु पर्नेछ ।

३. पाहुनाका लागि कम्तिमा १ अलग्गै कोठा र बढीमा ४ कोठा छुट्टयाउने ।

४. एउटा कोठा बढीमा दुई ओटा ओछ्यान र ओछ्यान कम्तीमा ६.५ फिट लम्बाई र ३ फिट चौडाईको हुनु पर्ने ।

५. भुइँमा कार्पेट/राडी/गुन्द्री ओछ्याइएको र ढोकामा खुट्टा पुछ्ने बोरा/डोरम्याट हुनुपर्ने ।

६. नरम खालको सफा तन्ना भएको र सफा खोल भएको ओढ्ने व्यवस्था हुनुपर्ने ।

७. भित्तामा लुगा झुण्ड्याउने व्यवस्था हुनुपर्ने ।

८. सुत्ने कोठामा धुँवा आउन नहुने ।

९. कोठामा बिजुली बत्ती/लाल्टीन/मैन/टुकी बाल्ने व्यवस्था हुनुपर्ने ।

१०. फोहोर फाल्ने एउटा टोकरी/डस्टवीनको व्यवस्था हुनुपर्ने ।

११. प्रत्येक पाहुनाका लागि एक जोर चप्पल/स्लिपरको व्यवस्था हुनुपर्ने ।

१२. सम्भव भएसम्म कोठामा आधा शरिर देखिने ऐनाको व्यवस्था हुनुपर्ने ।

१३. सम्भव भएसम्म कोठमा टि-टेवल र दुई ओटा कुर्ची राख्नुपर्ने ।

**(च) शौचालय र स्नानगार**

१. सुविधायुक्त र सफा शौचालय हुनुपर्ने ।

२. नुहाउने प्रबन्धका लागि छुट्टै बाथरुम वा छेकिएर नुहाउन सकिने सुविधायुक्त ठाउँ हुनुपर्ने ।

३. स्नानगारमा पानीको बाल्टीन, मग, साबुन, रुमाल आदिको व्यवस्था हुनुपर्ने ।

४. भान्छा र खाना खाने व्यवस्था हुनुपर्ने ।

५. पाहुना राख्ने घर/कोठा नजिक गाई, भैंसी/भेडा-बाखा/सुंगुर/कुखुरा आदि बाँध्न/पाल्न नहुने (सकेसम्म घरदेखि टाढा राख्ने) ।

६. धेरै धुँवा नहुने भान्सा (उन्नत/सुधारिएको चुल्हो भएको) हुनुपर्ने ।

७. पानीको सुविधा मिलाउनु पर्ने र खानेपानी फिल्टर/उमालेर मात्र दिनुपर्ने ।

८. स्थानीय खानाको परिकारलाई स्वस्थकर ढङ्गले पकाउने र खुवाउने ।

९. नेपालीलाई पलेटी कसी बसेर खान मिल्ने ठाउँ, विदेशीलाई सानो डाइनिङ टेबुलको प्रबन्ध भएको हुनुपर्ने ।

**(छ) स्वास्थ्य, सरसफाइ तथा सुरक्षा**

१. मुसा, लामखुट्टे, उडुस, उपिंया, आदिबाट सुरक्षित हुनुपर्ने, सामुदायिक रूपमा प्राथमिक उपचारको व्यवस्था हुनुपर्ने ।

२. खुला नाली र ढल हुन नहुने, दुर्गन्ध नआउने हुनुपर्ने ।

३. वातावरण मैत्री पर्यटन क्रियाकलाप, पर्यटकीय सम्पदाको संरक्षण सार्वजनिक शौचालयको व्यवस्था, वृक्षारोपण हुनुपर्ने ।

यी बाहेक नेपाली कला संस्कृति झल्कने सजावट, लुगा धुने प्रबन्ध गर्नुपर्ने, बाथरुम, पङ्खा, हिटरको व्यवस्था प्राथमिक उपचारको व्यवस्था, संचारका लागि रेडियो/टि.भी. पनि हुनुपर्ने ।

**(ज) होमस्टेमा गर्नुपर्ने कार्यक्रमहरू**

१. स्थानीय सांस्कृतिक नाचगान तथा फूलमालाका साथ पर्यटकीय स्वागत ।

२. पर्यटकीय मौलिक संस्कृति वा परम्परामा आधारित सांस्कृतिक कार्यक्रम, मेला, जात्रा जस्ता गतिविधिहरू आयोजना गरी सहभागी गराउने ।

३. सांस्कृतिक सम्पदा, सङ्ग्रहालय, घरेलु, तथा हस्तकला सामग्री उत्पादन केन्द्र स्थल, दृश्यावलोकन, जंगल, वन्यजन्तु तथा चरा अवलोकन गर्ने व्यवस्था गर्ने ।

४. स्थानीय कृषि घरेलु तथा हस्तकला, प्रविधिमा सहभागी गराई पर्यटक तथा स्थानीय जनताबिच जीवनशैली, कला संस्कृति आदि विषयमा अनुभव तथा ज्ञानको आदान प्रदान गराउने ।

५. पर्यटकीय विदाइ गर्दा स्थानीय संस्कृति झल्कने मायाको चिनो सहित फुलमाला पहिऱ्याउने ।

**(झ) होमस्टे सञ्चालकमा आवश्यक प्रकृया**

होमस्टे सञ्चालन गर्न निश्चित मापदण्डहरू रहेका हुन्छन् । यसका लागि नेपाल सरकारको होमस्टे कार्यविधि वा त्यसलाई आधार मानी प्रदेश तथा स्थानीय सरकारले तयार गरेको कार्यविधिको आधारमा दर्ता गरी  सञ्चालन गर्न सकिने छ ।

**(ञ) होमस्टे दर्ताको लागि गर्नुपर्ने कार्यहरू**

१. होमस्टे सञ्चालन गर्न चाहनेले स्थानीय तहले तयार गरेको घरबास सञ्चालन कार्यविधिअनुसारको स्थानीय सरकारको होमस्टे सञ्चालन कार्यविधिको ढाँचामा भएको निवेदन सम्बन्धित कार्यालयमा दिनुपर्ने छ ।

२. सामुदायिक होमस्टेका लागि कम्तीमा ५ जना घरधनीले आ-आफ्नो घरमा सामूहिक रूपमा होमस्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिवद्धता तथा निजीका लागि सम्बन्धित पालिकाको सिफारिस, जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी, गाउँपालिका क्षेत्रको हकमा नक्सा पास भएको प्रमाण ।

३. होमस्टे सञ्चालकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

यी बाहेक सामुदायिक होमस्टे सञ्चालन गर्न चाहने सञ्चालकको साधारण भेला गरी होमस्टे सञ्चालक तथा व्यवस्थापन समिति गठन गर्नुपर्ने, समितिका प्रत्येक घर साधारण सदस्य र सञ्चालन तथा व्यवस्थापन समितिमा अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सदस्य, सदस्य सचिव सहित कम्तीमा ५-११ जनासम्मको समिति बनाउन सकिने छ । यो समावेशी किसिमको हुनुपर्नेछ । प्रत्येक ५ वर्षमा नवीकरण गर्नुपर्ने, जसमा विगत ५ वर्षको आय-व्यय पर्यटकको लागत तथा विवरण, समितिको प्रतिवेदन समेत पेश गर्नुपर्ने छ । प्रचार प्रसार तथा बजारीकरणका लागि होडिङबोर्ड, साइनबोर्ड, पोष्टर, ब्रोसर, सिडी, आदि उत्पादन गर्ने, रेडियो, टेलिभिजनसँग समन्वय गरी प्रचार प्रसार गर्ने, नेपाल पर्यटन बोर्ड तारा गाउँ विकास समिति, निजी ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीसँग सहकार्य गरी प्रचार प्रसार तथा बजारीकरण गर्नुपर्ने ।

**(ट) होमस्टे व्यवस्थापन, क्रियाकलाप, र कार्यक्रमहरू**

गाउँमा रहेको परम्परागत संस्कृति, रैथाने बालीको उत्पादन, जीवनशैली, धार्मिक, तथा संस्कृति सम्पदाको अवस्था, भौगोलिक, बनावट र प्राकृतिक वातावरणको मौजुदा अवस्थाको लेखाजोखा गर्दा त्यस स्थानले पर्यटन विकास र प्रवर्द्धनमा उच्च प्राथमिकता प्राप्त गर्नुपर्ने देखिन्छ । पर्यटन विकासका गतिविधी र कार्यक्रमलाई गाउँपालिका, जिल्ला स्तरीय योजना मार्फत एकीकृत पर्यटन विकासका कार्यक्रमहरूसँग समन्वय कायम गर्दै प्रबर्द्धन गर्नुपर्ने देखिन्छ । यस योजनामा उल्लेख गरीएका उद्देश्य पूरा गर्न यिनैको सेरोफेरोमा रही क्रियाकलाप सञ्चालन गर्नुपर्छ र यस क्षेत्रमा रहेका ऐतिहासिक, भौतिक तथा प्राकृतिक स्थलहरूको संरक्षण, पर्यटकीय सम्पदाको खोजी,

पर्यटन तथा वातावरण सचेतना, प्रचारप्रसार प्रवर्द्धन तथा बजारीकरण, पर्यटन स्वास्थ्य, सुरक्षा, सूचना तथा सञ्चार सुविधा, पूर्वाधार विकास, अध्ययन अनुसन्धान, पर्यटनमा आयमूलक तथा उद्यमशिलताको विकास गर्नका लागि मुख्य क्रियाकलाप र प्रस्तावित कार्यक्रमलाई समावेश गरिएको छ । यो योजना तर्जुमा गर्ने सन्दर्भमा सर्वप्रथम सूचनाका श्रोतहरू विभिन्न प्रकृयाद्वारा सङ्कलन गरी विद्यमान स्रोत साधनको प्राचुर्यताका आधारमा स्थानीय बुद्धिजीवी, समुदाय, स्थानीय निकायबाट प्राप्त जानकारी, सल्लाह, सुझाव तथा स्थलगत अध्ययनको क्रममा प्राप्त जानकारी, स्थानीय आवश्यकता, सम्भावना, समस्या एवं स्थानीयवासीको माग तथा प्राविधिक दृष्टिले सम्भावना देखिएको आधारमा प्राथमिकता क्रमानुसार आगामी दिनमा सञ्चालन गरीने योजना तथा कार्यक्रमलाई प्रस्ताव गरिएको छ ।

### (ठ) होमस्टे सञ्चालन तथा विकासका लागि कार्यान्वयन रणनीति तथा सुझाव

गाउँमा होमस्टे सञ्चालनका लागि माथि उल्लिखित कार्यक्रमहरूको प्रस्तावना गरिएको छ । यो गुरुयोजना तर्जुमाको क्रममा छलफल, अन्तरक्रिया र सहभागीबाट उठाइएको अत्यावश्यक सवालहरूलाई ध्यानमा राखी योजना तर्जुमा टोलीबाट देहायका रणनीतिक उपायहरू तय गरिएको छ :

१. होमस्टे सञ्चालनका लागि सम्पूर्ण स्थानीयबासीलाई सचेत गराउँदै दर्ताको लागि पहल गर्नुका साथै प्रस्तावित घरहरूमा यथाशिघ्र भौतिक संरचनाको व्यवस्थापन गर्ने ।

२. पर्यटनमा संलग्न हुने जनशक्ति विकासका लागि सरोकारवाला निकायसँग समन्वय गरी तालिमको व्यवस्था गर्ने ।

३. प्राकृतिक र सांस्कृतिक वातावरणबिच सुमधुर सन्तुलन कायम राखी पर्यटकीय सम्पदाको खोजी, संरक्षण तथा सम्वर्द्धन गर्ने ।

४. स्थानीय उद्यमशिलता र कृषि विकासमा, युवा, महिला र विपन्न वर्गलाई समेत संलग्न गराउने ।

५. स्थानीय, जिल्ला र केन्द्रीय स्तरका पर्यटनसँग सम्वद्ध संस्थाहरूबिच समन्वय गर्ने ।

६. स्थानीय स्रोत सामाग्रीको उपयोग गरी आर्थिक उपलब्धीतर्फ अग्रसर हुने ।

७. होमस्टे विकास र व्यवस्थापन सन्दर्भमा यथार्थ विवरण दिने पुस्तिका प्रकाशन गरी व्यवसायी पर्यटक गाइडलाई जानकारी गराउने ।

८. प्रचारप्रसार प्रवर्द्धन र बजारीकरणका लागि नेपाल पर्यटन बोर्ड, पर्यटन तथा नागरिक उड्यायन मन्त्रालय लगायत अन्य सम्बन्धित निकायहरूसँग समन्वय गर्ने ।

९. कार्यक्रमको सञ्चालन पश्चात स्थानीय गाउँपालिकाले पर्यटन विकास एंव प्रबर्द्धन गर्ने ।

१०. सरोकारवाला निकायवाट कार्यान्वयन र अनुगमन गर्ने ।

### २.१० दिगो तथा जिम्मेवार पर्यटन

पर्यटन व्यवसाय विश्वकै एक प्रमुख उद्योगको रूपमा स्थापित भइसकेको छ । वर्तमान समयमा यो विश्वको सबभन्दा ठूलो एवम् द्रुत रूपमा बढिरहेको उद्योग हो । नेपालमा पनि राजनीतिक सहमतिको वातावरण निर्माण र शान्ति प्रक्रियाको विकाससँगै विदेशी र स्वदेशी पर्यटकहरूको संख्यामा वृद्धि हुँदै गइरहेको छ । जसले सकारात्मक परिवर्तन ल्याएको छ । पर्यटनबाट सकारात्मक मात्र नभई कहिलेकाहीँ नकारात्मक परिवर्तन ल्याउन सक्ने पनि देखिन्छ । यही परिप्रेक्षमा रौता क्षेत्र ऐतिहासिक र पूरातात्विक दृष्टिले महत्त्वपूर्ण छ । यी गन्तव्यहरूका आफ्नो मौलिकता र विशिष्टतालाई लामो समय जोगाइ राख्नका लागि सही संरक्षण, व्यवस्थापन र नियन्त्रण हुनुपर्छ, यसको निमित्त दिगो तथा जिम्मेवार पर्यटन योजनाले मात्र अपेक्षित नतिजा प्रदान गर्न सक्दछ । प्रत्येक पर्यटकीय गतिविधिदेखि नीति निर्माण तहसम्म स्थानीय समुदायलाई समेट्नु पर्छ, उनीहरूलाई लाभ हानीमा जिम्मेवार बनाइएन भने सामाजिक-सांस्कृतिक, आर्थिक तथा वातावरणीय प्रभावहरू फरक ढङ्गले बढ्दै जाने पनि हुन सक्दछ् । तसर्थ, यसका लागि परिवर्तन गाउँपालिकाको सर्वाङ्गीण दिगो विकासका लागि समुदायमा आधारित नियन्त्रित तथा जिम्मेवारीपूर्ण पर्यटन एक उत्तम विकल्प हुनसक्छ । आर्थिक दिगोपनका लागि ग्रामीण पर्यटन, होमस्टे, स्थानीय उत्पादनको प्रयोगमा जोड, स्थानीय खानामा जोड, लाभको उचित बाँडफाँड, स्थायी रोजगार, क्षमता अभिवृद्धि र सहकार्य जस्ता गतिविधिहरूलाई प्राथमिकतामा राखी पर्यटनको विकास गर्नु उपयुक्त देखिन्छ । त्यस्तै गरी सामाजिक दिगोपनका लागि सामाजिक मूल्य, मान्यता, व्यवहार र परम्पराको यथोचित संरक्षण तथा संबर्द्धन गर्नु आवश्यक पर्दछ ।

पर्यटकीय गतिविधिलाई समाजका सबै तहमा सकारात्मक बनाई अपनत्व विकास गर्नका लागि लाभमा सबैको पहुँच पुऱ्याउने संयन्त्रको निर्माण गर्नु आवश्यक देखिन्छ । यसै गरी मौलिक पहिचान, संस्कृति, नगुमाइकन अझ सकिन्छ भने त्यति बेलाका संस्कृतिहरूको पहिचान दिने किसिममा वस्तु सेवाहरूको प्रचार प्रसार गरेर सांस्कृतिक सम्पदा तथा मूल्य मान्यताको संरक्षण गर्ने किसिमको सांस्कृतिक दिगोपना हुनुपर्दछ । जिम्मेवार पर्यटन अन्तर्गत पर्यावरणको स्तरमा पनि दिगोपना हुनु जरुरी हुन्छ ।

पदयात्रा मार्ग, पिकनिक स्थल, लगायत जात्रा महोत्सव क्षेत्रहरूमा पनि खाली बोतल, प्लाष्टिक, टिनका बट्टा, ब्याट्री लगायतका खेर गएका सामानहरू व्यवस्थित रूपमा व्यवस्थापन गर्नुपर्दछ । मुख्यतः व्यवस्थापकीय पक्षमा जल, जमिन, जंगलको उचित संरक्षण गर्दै प्रदुषणलाई

न्यूनीकरण गर्ने, नवीकरणीय वस्तुको उपयोग गर्ने नवीकरणीय वस्तुको उचित व्यवस्थापन, पर्यावरणीय सचेतना कार्यक्रम सञ्चालन गर्ने साथै जैविक तथा प्राकृतिक सम्पदाहरूको उचित संरक्षण र सम्बर्द्धन गर्नु पर्दछ । स्थानीय स्तरमा उपलब्ध प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक सवै पक्षको उपयोग पर्यटनका निमित्त गर्दा पनि पर्यापर्यटनको शैलीमा गरीनु पर्दछ । ती सवै पक्षको मौलिकतामा कहीँ कतै पनि आँच नल्याएर पर्यटनका निमित्त उपयोग गर्नु पर्दछ । प्रत्येक पर्यटकीय गतिविधि सामाजिक न्याय र समुचित बाँडफाँडको तौरतरिकामा आधारित भएर गरिनु पर्दछ, त्यसो गर्न सकेमा मात्र पर्यटन दिगो र जिम्मेवार ठहर्दछ ।

## २.११ पर्यटन विकास व्यवस्थापनका पक्षहरू

धेरै पर्यटकीय गन्तव्यहरू प्राकृतिक, सामाजिक, सांस्कृतिक र निर्मित सम्पदाहरू तथा यसैका आधारमा स्थापित भएका मूल्य र मान्यतामा नै आश्रित रहेको पाइन्छ । यिनै विशेषताहरूले नै गन्तव्यको मौलिकता, भिन्नता, जीवनशैली, इतिहास र सभ्यतालाई झल्काई राखेको हुन्छ । जुन पर्यटक आकर्षणका प्रमुख तत्त्वहरू हुन् । यस्ता विशेषताहरूलाई सही तरिकाले सही समयमा जोगाउन र व्यवस्थापन गर्न सक्नुपर्दछ । गन्तव्यको संरक्षण र सम्बर्द्धन गर्दै नियन्त्रित रूपमा दिगो पर्यटनको विकास व्यवस्थापनमा निम्न पक्षलाई हेर्नु पर्दछ :

१. क्षमता भार र पर्यटन सङ्ख्या व्यवस्थापन

२. पर्यावरण तथा संस्कृतिमैत्री पूर्वाधारको विकास र व्यवस्थापन

३. सम्पदा, संस्कृति र विविधताको पहिचान, संरक्षण तथा प्रकाशन

४. जैविक विविधताको संरक्षण र व्यवस्थापन

५. पर्यापर्यटनका लागि दक्ष मानव संशाधनको विकास र व्यवस्थापन

६. फोहोरमैला व्यवस्थापन

७. प्रभाव अनुगमन र मूल्याङ्कन

८. सूचना केन्द्रको व्यवस्थापन

९. कृषि तथा होमस्टे पर्यटनलाई परिपूरक बनाउनु

१०. अन्य आवश्यक कार्यविधि तयार गरी होमस्टे प्रवर्द्धन गर्नु

## २.१२ पर्यटन बजारीकरण

पर्यटकीय गन्तव्यको बजारीकरण नभई सो क्षेत्रको प्रचार हुन सक्दैन । तसर्थ पर्यटनका लागि बजारीकरण गर्नु आवश्यक हुन्छ । सम्बन्धित गन्तव्य स्थानका वरपर रहेका सम्पदाहरूको यथार्थ विवरण दिने खालका सूचना गाइड बुक, पदमार्ग नक्सा, पर्यटन म्यागजीन, दैनिक पत्रिका, ब्रोसर आदि प्रकाशन गर्नु पर्दछ । यी साधनहरूको माध्यमबाट आफ्नो क्षेत्र भित्र र अन्य क्षेत्रका पर्यटन व्यवसायी एवम् गाइडहरूलाई जानकारी गराउनुपर्छ, सो गर्ने महत्त्वपूर्ण जिम्मेवारी गाउँपालिका र पर्यटन समितिले गर्नुपर्छ । त्यसै गरी परिवर्तन गाउँपालिकाका सांस्कृतिक पर्व तथा पर्यटकीय गतिविधि बारेमा समय तालिका खुल्ने गरी क्यालेण्डर प्रकाशन गरी वितरण गर्ने, अन्य विविधताको बारेमा जानकारी लिन सजिलो हुने गरी वेभपेज बनाउने, नेपाल स्थित लुम्बिनी, पोखरा, काठमाडौँ, चितवन, लगायत भारतका विभिन्न शहरका पर्यटन व्यवसायीसँग समन्वय गर्ने काम समेत गर्नुपर्दछ । सामाजिक सञ्जाल फेसबुक, ट्वीटर, मार्फत पर्यटकीय सम्पदाको प्रचार प्रसारमा जोड गर्नुका साथै पर्यटकीय सम्पदाको बारेमा डकुमेन्ट्री, सीडी, डीभीडी, निर्माण गरी टेलिभिजन कार्यक्रम प्रसारण गरी प्रभावकारी रूपमा पर्यटनको बजारीकरण गर्न जरुरी हुन्छ ।

त्यसैले नेपाल एक अनुपम सौन्दर्य, प्रशस्त जैविक विविधता, बहुभाषिक, बहुजातीय, बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण पर्यटकीय गन्तव्यको रूपमा परिचित भै सकेको छ । विज्ञान, प्रविधि र सञ्चारको द्रुततर विकासले सम्पूर्ण विश्व नै एक गाउँको रूपमा परिणत भएको अवस्थामा नेपालले यी सम्पदाको पहिचान, संरक्षण, सम्बर्द्धन र प्रचार प्रसार गरी विश्व पर्यटन बजारलाई आकर्षित गरी लाभ लिन सक्नुपर्दछ । यसै विषयलाई मध्यनजर गर्दै पर्यटन नीति २०६५ ले अर्थतन्त्रको विकासको प्रमुख आधार पर्यटन मानी यस व्यवसायको विविधिकरण र विस्तारबाट आम नागरिकको जीविकोपार्जन र रोजगारिका अवसर बृद्धीगरी जनताको जीवनस्तर सुधार गर्न विविध सम्पदाको समूचित रूपमा यसको उपयोगमा दिगो र गुणात्मकता बनाउनु अति आवश्यक छ । वर्तमानमा कृषिमा निर्भर यहाँको जीवनयापन प्रक्रियालाई प्रचुर संभावना भएको पर्यटन ब्यवसायको माध्यमबाट यस क्षेत्रका जनताको आय स्तरमा समेत बृद्धी गर्न सकिन्छ । यसै तथ्यलाई मध्यनजर गरी व्यवस्थित र  योजनाबद्ध रूपमा यहाँका विभिन्न स्थानहरूको समग्र पर्यटन क्षेत्रको विकास गर्न पर्यटन गुरु योजनाको खाका तयार पारी प्रस्तुत गरिएको छ ।

**(क) २०८२/०८३ को बजेटको प्राथमिकता**

परिवर्तन गाउँपालिकाले आफ्नो स्रोत र साधनको आधारमा आर्थिक वर्ष २०८२/०८३ को लागि विभिन्न शीर्षकमा बजेट विनियोजन गरेको छ । जसमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा पनि पर्यटन विकासमा टेवा पुग्ने कार्यक्रम राखिएको छ भने पर्यटन प्रवर्द्धनकै शिर्षकमा भने रु. ८ लाख विनियोजन गरिएको छ ।

तालिका नं. ३ २०८२/०८३ को बजेटको प्राथमिकता

| क्र. सं. | विवरण | रकम |
|---|---|---|
| १ | आर्थिक विकास | २११६५१९४६ |
| २ | कृषि | ७१०४८८५ |
| ३ | उद्योग | ४९३७६८० |
| ४ | पर्यटन | ८००००० |
| ५ | सहकारी | २००००० |
| ६ | सिचाई | ३७७५००० |
| ७ | पशुपन्छी विकास | ३३२५००० |
| ८ | भुमि व्यवस्था | १५०९३८१ |
| ९ | सामाजिक विकास | २८६७८३०९५ |
| १० | पूर्वाधार विकास | ९२१८७९९२ |
| ११ | भवन आवास तथा शहरी विकास | १८३४५३५३ |
| १२ | उर्जा | ३८५०००० |
| १३ | शुसासन तथा अन्तर सम्वन्धित क्षेत्र | ९२४१७६९ |
| १४ | विपद व्यवस्थापन | ३३५५००० |
| १५ | शान्ति तथा सुव्यवस्था | ३३०००० |
| २४ | कार्यलय सञ्चालन तथा प्रशासनिक | १०७२४३५१६ |

बजेट विनियोजन गर्दा सिमित स्रोतको आधारमा पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखेको देखिन्छ । विविध क्षेत्रको विकास गर्नुपर्ने भएकोले पर्यटनकालागि सानो आकारको बजेट विनियोजन गरेको देखिन्छ ।

## परिच्छेद – तीन

## स्थलगत अवलोकन

### ३.१ पृष्ठभूमी

सामान्यतया कुनै व्यक्ति आफ्नो बासस्थान छोडी केही उद्देश्यपूर्तिको लागि अर्को ठाउँमा भ्रमण गरी निश्चित अवधिको लागि आफ्ना क्रियाकलापहरू सञ्चालन गरी उद्देश्य पूरा गर्दछ भने त्यस्तो व्यक्तिलाई पर्यटक भनिन्छ । आफ्नो स्थायी बासस्थान छोडी कम्तीमा पनि २४ घण्टा बाहिरी क्षेत्रमा गएर विभिन्न उद्देश्य लिएर यात्रा गर्ने तर स्थायी बसोबास नगर्ने यात्रीलाई पर्यटक भनिन्छ । यिनीहरू जलयात्रा, पदयात्रा, पर्वतीय पर्यटन, प्राकृतिक सौन्दर्य, वातावरणीय पर्यटन, स्वास्थ्य उपचार, व्यापार र व्यावसायिकता, वन्यजन्तु अवलोकन, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदा क्षेत्रको भ्रमण, अन्य विशेष खालका इच्छाअनुसार क्रियाकलापहरूको लागि भ्रमण गर्छन् । पर्यटकलाई २ भागमा बाँड्न सकिन्छ । आन्तरिक पर्यटक र बाह्य पर्यटक । कुनै व्यक्ति आफ्नो मुलुकभित्र एक ठाउँबाट अर्को ठाउँमा भ्रमण गरी आफ्नो उद्देश्य पूरा गर्दछ भने त्यसलाई आन्तरिक पर्यटक भनिन्छ । त्यसैगरी कुनै व्यक्ति आफ्नो  मुलुक छाडी खास उद्देश्य पूर्तिका लागि अर्को मुलुकको भ्रमण गर्दछ भने त्यसलाई बाह्य पर्यटक भनिन्छ । यस प्रकारको आन्तरिक र बाह्य पर्यटकहरू आफ्नो देशको भौतिक सम्बृद्धिले सृजना गरेको कोलाहलपूर्ण सांस्कृतिक वातावरणबाट टाढा रही केही समय भए पनि ग्रमीण क्षेत्रको सुन्दर प्राकृतिक तथा सांस्कृतिक वातावरणमा रमाउन चाहन्छन् ।

### ३.२ रोल्पा जिल्ला

पर्यटकीय दृष्टिकोणले रोल्पा जिल्ला अत्यन्तै महत्त्वपुर्ण मानिन्छ । यहाँ गरिने उत्पादन, वन, जंगल, झरना, ताल खोलानाला, दृश्य अवलोकन लगायतका वस्तुहरू यहाँका पर्यटकीय आकर्षणका रूपमा स्थापित भएका छन् । पश्चिम नेपालको लुम्बिनी प्रदेशमा अवस्थित रोल्पा जिल्ला एक महत्त्वपूर्ण भू-भागको रूपमा रहेको छ । यस जिल्लाको पहिचानका रूपमा यहाँका संस्कृतिक, साहसिक र कताकता राजनीतिक परिवर्तनसँग पनि जोडिएको पाइन्छ ।  यस जिल्लामा अधिकांश बसोवास मगर समुदायको रहेको छ । रोल्पा जिल्ला पर्यटन र जलविद्युत्मा ठूला सम्भावना भएको मानिन्छ । यहाँका अधिक मानिसहरू ग्रामीण र कृषिमा निर्भर रहेका छन् । यसको चुनौतीपूर्ण भू-बनोटको बाबजुद, जिल्लाले आश्चर्यजनक प्राकृतिक सौन्दर्य, धार्मिक स्थलहरू र गहिरो ऐतिहासिक

विरासत प्रदान गरेको छ ।  यसको उत्तरमा रुकुम, पश्चिममा सल्यान, दक्षिणमा प्यूठान र पूर्वमा बागलुङ अवस्थित छन् ।

**(क) परिवर्तन गाउँपालिकाको भौगोलिक अवस्था**

अक्षांश : 28°24'N देखि 28°34'N

देशान्तर : 82°28'E देखि 82°39'E

क्षेत्रफल : १६३.०१ वर्ग कि.मि.

सबैभन्दा ठूलो क्षेत्रफल भएको वार्ड : १

सबैभन्दा कम क्षेत्रफल भएका वार्ड : ३

हावापानी : उष्ण, समशितोष्ण र शीत

तापक्रम : ३.६ देखि ३१.२ डिग्री सेल्सियससम्म .

वर्षा    : औषत १३.८८ देखि १८.३६ मिलीमिटर

**(ख) परिवर्तन गाउँपालिका**

हालको परिवर्तन गाउँपालिकाको पृष्ठभूमी रोल्पा जिल्लासँग जोडिएको छ । नेपालको एकीकरणपूर्व अन्य बाइसे चौबिसे राज्यहरूमा जस्तै यस भेगमा पनि छुट्टै राजाहरूले राज्य गर्दथे । तथापि यहाँका राजाहरूले अन्य राजाहरू जस्तो प्रख्याति पाएको भने सुनिदैनथ्यो । त्यसको कारण सम्भवतः राज्यको क्षेत्र सानै भएर हुनसक्छ । गजुलकोटमा काठमा लेखिएको वि.सं. १७०३ को अभिलेख पाइएबाट त्यहाँ राजदरबार रहेको प्रमाणित हुन्छ । सेन राजा गजुलमा सुरुदेखि नै बसेको भने पाइँदैन । गजुल क्षेत्रमा राज्य व्यवस्था त थियो तर त्यहाँ केही समय राजा नभएकोले त्यहाँका काजीहरू राजगुण भएको प्रतिभाशाली व्यक्तित्वको खोजीमा थिए भन्ने जनश्रुति छ । उनीहरूले गजुलमा एउटा पोखरी खन्ने क्रममा नजिकैको चौतारीमा शिरको फेटा फुकालेर जो व्यक्ति बस्छ उसैलाई राजा बनाउने गुप्त सल्लाह गरेका थिए । यस्तैमा जाजरकोट जक्तिपुरबाट आएका तुथासेन त्यही चौतारीमा आई काजीहरूको गुप्त सल्लाहअनुसारको प्रकृतिबाट बसेपछि उनलाई नै राजा बनाइयो । तुथासेन त्यहाँ आई पुग्ने अवस्था पनि मार्मिक रहेको पाईन्छ जुन यस प्रकार छ : तुथासेन जाजरकोट जक्तिपुरका राजा थिए । उनी निकै धार्मिक प्रकृतिका व्यक्ति थिए । उनका

भाईको दुर्भाग्यवश निधन भएपछि विधवा भाइ बुहारीलाई उनले नै विवाह गर्नपर्छ भनी बाध्य गराउन थाल्दा सो कुरा नमानी विरक्तिएर राज्य समेत ब्राम्हणहरूलाई दान गरेर मुक्ति क्षेत्रतर्फ हिडेका बखत सोही क्रममा उनी गजुलकोट आई चौतारामा बसेका रहेछन् । उनले त्यहाँको राजा हुन स्वीकारेपछि उनको विवाह रुकुम दरिजेनमका राजाकी छोरी तुरुवावतीसँग गराइयो । त्यसबखत गजुल राज्य अन्तर्गत १८ गाउँ थिए । तुथासेनका ५र ६ पुस्ता पछिका धैर्यपाल गजुल मै राजा भए र उनका भाइ कर्णपाल खुँग्रीकोटका राजा भए । उनलाई राज्य रजौटा उन्मुलन पश्चात् पनि भत्ता उपलब्ध भईरहेको थियो । त्यसरी भत्ता प्राप्त गर्ने अन्तिम राजा भने फत्ते प्रचण्डबहादुर सिंह हुन् । उनको वि.सं. २०४९ सालमा मृत्यु भयो ।

वि.सं. २०१८ सालमा नेपालका ३४ जिल्लाहरूलाई ७५ जिल्लामा विभाजन नगर्दासम्म रोल्पा जिल्लाको वर्तमान क्षेत्र प्युठान र सल्यान जिल्लामा पर्दथ्यो । पछि सात सय सखी, आठ हजार बुढागाउँ, नौसय माडिखोला, रोल्पा बाईसखुवा र कालाशेष थुम (मौजा) का नामले चिनिने वि.सं. २०१८ साल पूर्वको रोल्पा क्षेत्र वि.सं. २०१८ सालमा सल्यान र प्युठानको केही क्षेत्र मिलाई बनाइएको र त्यस वखत ३३ गाउँ पञ्चायत रहेको थियो । वि.सं. २०३४ सालमा सीमाना हेरफेर गरी ५१ गाउँ पञ्चायत बनाइयो । गाउँपालिका गाउँ विकास समितिलाई बिस्तार गरेर बनाइएको नेपालको नयाँ निर्मित स्थानीय तह हो । हालै सरकारले गाविस विघटन गरी  गाउँपालिका बनाएको हो । २०७३ सालमा सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले ७४४ स्थानीय तह लागू गर्दा गा.वि.स. विघटन गरी ४ सय ७९ गाउँपालिका बनाएको थियो । मन्त्रालयले साबिकका ३५ वटा गाउँपालिकालाई नगरपालिका बनाएको कारण साबिक ४ सय ७९ गाउँपालिकाको सङ्ख्या घटेर ४ सय ६३ कायम भएका छन । रोल्पा जिल्लाका साबिकका राङ्कोट, राङ्सी, कुरेली, इरीवाङ र पाछावाङ गाउँ विकास समितिहरूलाई समेटेर दुईखोली गाउँपालिका घोषणा गरिएको थियो जुन हाल परिवर्तन गाउँपालिकाको नाममा रोल्पा जिल्लामा अवस्थित छ । २०७४ भदौ २७ गते प्रथम गाउँसभाले सर्वसम्मत रूपमा गाउँपालिकाको नाम परिवर्तन गर्ने निर्णय गर्दा दुइखोली गाउँपालिकाको नाम परिवर्तन गाउँपालिका भएको हो । त्यस्तै, राङकोटमा रहेको केन्द्रलाई सवैको पायक पर्ने र उपयुक्त भौगोलिक वनावटको कारणले 'पुतलाचौर' मा सारिएको छ । यस गाउँपालिका उपराष्ट्रपति नन्दबहादुर पुन तथा नेतृ जयपुरी घर्तीमगरको घर रहेको गाउँपालिका समेत हो । दशवर्षे सशस्त्र जनयुद्धका क्रममा सहादत प्राप्त गरेका उच्च तहका नेतृत्वकर्ता नेपबहादुर केसी 'परिवर्तन' को नामबाट 'परिवर्तन' गाउँपालिका राखिएको हो ।

(ग) **सडक :** सडक पूर्वाधार विकासको मूल आधार हो । सडकको विकासबिना अन्य विकासका आधारहरू स्थापित गर्न कठिन तथा खर्चिलो हुन्छ । गाउँको प्रभावकारी विकासका लागि पनि सडक सञ्जाल अन्यन्त जरुरी हुन्छ । यस गाउँपालिकामा पनि सडक सञ्जालको विकासका लागि योजना तथा कार्यक्रमहरू सञ्चालन भइरहेका छन् भने कतिपय कार्यक्रमहरू सञ्चालन हुने क्रममा छन् । साथै नयाँ गाउँको रूपमा भर्खर मात्रै जिम्मेवारी सम्हालेको कारण पनि कतिपय योजना अझै निर्णय प्रक्रियाकै रूपमा रहेका छन् । यसै सर्न्दभमा यस गाउँपालिकाका सबै वडा सडक सञ्जालमा भने आबद्ध भइसकेका छन् तर पनि सडकको स्तरोन्नती गर्ने कार्य प्राथमिकतामा रहेको देखिन्छ ।

(घ) **सञ्चार :** परिवर्तन गाउँपालिकामा रहेका हुलाक तथा हुलाक सेवा केन्द्रलाई महत्त्वपूर्ण सञ्चारको रूपमा लिन सकिन्छ । सञ्चारको सबैभन्दा पुरानो र औपचारिक साधन हुलाक हो । हालका दिनहरूमा हुलाकको कार्य गर्ने विविध स्वरुपका सञ्चारका साधनहरू आए तापनि कार्यलयीय सञ्चारका कार्यहरूमा औपचारिकता तथा आधिकारिकताका लागि हुलाकको नै बढी प्रयोग हुने गर्दछ । कुनैबेला सूचना तथा जानकारी आदानप्रदान गर्न भ्याई नभ्याई देखिने हुलाक सूचना तथा सञ्चार प्रणालीमा आएको आधुनिक स्वरुपसँगै नयाँ-नयाँ सेवा स्वरुपलाई अबलम्वन गर्दै परिमार्जन हुने क्रममा रहेका छन् । यसै क्रममा राज्यले दिएका हुलाकको साबिक प्रवृतिभन्दा नयाँ स्वरुपका कार्यहरू जस्तै विभिन्न सेवामा दरखास्तको लागि फर्म दर्ता गराउने, बचतका कार्यक्रमहरू सञ्चालन गर्ने लगायतका नयाँ जिम्मेवारीको वहन गर्दै आफूलाई परिमार्जन गराउँदै गइरहेका छन् ।

(ङ) **स्वस्थ्य :** गाउँपालिकाको सम्पूर्ण वडामा स्वास्थ्य चौकिहरू रहे पनि भएका स्वास्थ्य चौकीहरूको स्तरोन्नती गर्नुपर्ने आवश्यकता देखिन्छ । पालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरूको नाम यस प्रकार रहेको छ ।

तालिका नं. ४ स्वास्थ्य संस्थाहरूको नाम

| वडा | स्वास्थ्य संस्थाको नाम | भवनको प्रकृति |
|---|---|---|
| १ | कुरेली स्वास्थ्य चौकी | पक्की |

| | | |
|---|---|---|
| २ | राङ्सी स्वास्थ्य चौकी | पक्की |
| | सामुदायिक स्वास्थ्य ईकाई केन्द्र डाडा गाउँ राङ्सी | |
| ३ | केवरी स्वास्थ्य चौकी इरीवाङ | कच्ची |
| | सामुदायिक स्वास्थ्य इकाई केन्द्र | |
| ४ | पाछावाङ स्वास्थ्य चौकी | पक्की |
| ५ | राङकोट स्वास्थ्य चौकी | |
| ६ | सामुदायिक स्वास्थ्य इकाई केन्द्र ओवाङ | कच्ची |

(च) **शिक्षा** : शिक्षा मानव जिवनको अभिन्न पाटो हो । जसले मानवलाई जीवनको उचाईसम्म पुग्नलाई मद्यत पुऱ्याउँदछ । शिक्षाको महत्त्व तथा आवश्यकता आजको समयमा दिनानुदिन बढ्दै गइरहेको अवस्था छ । आजको समयमा शैक्षिक क्षेत्रमा उचित व्यवस्थापन गर्न सकिए मात्र गाउँको मुहार फेर्न सकिन्छ । बर्तमान समयमा शिक्षाको शैलिहरू परिवर्तन हुँदै गइरहेका छन् । हिजोका दिनमा जस्तो पारम्परिक रूपले आजको समाज अगाडी वढ्न सक्दैन । यसका लागि शिक्षा क्षेत्रको उचित विकासमा ध्यान दिनुपर्ने आवश्यकता रहेको छ । यस पालिकामा उच्च मा.वि. एक, मा. वि. तीन, नि.मा. वि. आठ, प्रा. वि. २० लगायत रहेका छन् ।

(छ) **प्राविधिक शिक्षा** : यस गाउँपालिकाले प्राविधिक धारलाई विशेष जोड दिंदै कक्षा (९-१२) सञ्चालित एउटा प्राविधिक विद्यालय सञ्चालनमा रहिआएको छ । यससँग सम्बन्धित पूर्वाधारको विकास गर्ने योजना तथा कार्यक्रम रहे तापनि प्रभावकारी रूपमा सञ्चालन हुन सकेको देखिदैन ।

(ज) **दक्ष जनशक्ति :** पर्यटनको प्रचुर सम्भावना रहेको स्थान भएता पनि यहाँ दक्ष वा तालिम प्राप्त जनशक्ति पाउन सकिँदैन । गाइड तालिम, ट्रेकिङ तालिम, कुक तालिम, नेचर गाइड आदिको जनशक्ति देखिदैन । स्थानीय सरकारले उत्पादन गर्न सक्ने स्थानीय सम्पदाको बारेमा जानकार, स्थानीय गाइडहरू पनि पाउन सकिने अवस्था देखिदैन ।

(झ) **घरेलु तथा साना उद्योग :** यस क्षेत्रमा स्थानियबासीहरूले सञ्चालन गरेको साना उद्योगको रूपमा अल्लोबाट केही वस्तुहरू उत्पादन गरेको पाइन्छ । युवायुवतीहरू भने प्रसस्तै रहेता

पनि उनिहरूलाई लक्षित गरी सञ्चालन गरेका व्यवसाय तथा हस्तकला सामाग्रीहरूको उत्पादन गरेको देखिदैन ।

(ञ) **पशुपन्छी पालन :** स्थलगत अवलोकनको आधारमा यी वडाहरूमा सबैले केही न केही पशुपालन गरेको देखिन्छ । उनिहरूले गाई, भैसी, गोरु, बाखा, खसी, कुखुरा, आदि घरायसी प्रयोजनको लागि पालेका छन । तर यसैलाई व्यासायीकरण भने पूर्ण रूपमा गरेको देखिदैन । केही युवाहरूले भने यसलाई अलि बढी चासो दिएर व्यवसायको रूपमा गर्न खोजेको देखिन्छ ।

(ट) **नयाँ कृषि बाली** : यस क्षेत्रको जमिन उर्भरा भूमिको रूपमा रहेको छ । मानिसहरूको कृषि काममा लगनशिलता देखिन्छ । परम्परागत खेतीको संरचना नै चलिआएको छ । नयाँ बाली तथा फलफूल खेतीको केही अभ्यास हुन खोजेको देखिन्छ तर त्यसले आय आर्जन गर्न थालेको देखिन्छ ।

(ठ) **संस्कृती** : यहाँ बसोवास गर्ने मानिसहरू अधिकांश मगर समुदायका रहेका छन् । उनीहरूको भाषा, संस्कार, संस्कृती, रितिरिवाज, खानपान तथा सांस्कृतिक कार्यक्रमहरू देख्न सकिन्छ । सानादेखि ठूलासम्मले आफ्नो जातीय भाषाको प्रयोग गरेको देखिन्छ । पछिल्लो समय केही अन्तरजातीय विवाह भएको पनि देखिन्छ उनीहरूमा संस्कृती तथा भाषाको समस्या हुने अवस्थाको अनुमान गर्न सकिन्छ ।

(ड) **जातीय पहिचान** : अधिकांश मगर भएकोले उनिहरूको भाषिक लगायतको पहिचान देख्न सकिन्छ जुन आजसम्म परम्परागत नै चलि आएको छ ।

(ढ) **हावापानी** : यस क्षेत्रमा चिसो हावापानी रहेको छ । विहान बेलुका केही जाडो हुने र दिनमा केही गर्मी भए तापनि त्यसको महशुस भएको पाइँदैन ।

(ण) **खानेपानी :** यस क्षेत्रमा ठूलो समस्याको रूपमा स्वछ खानेपानी रहेको छ । पालिकाको समन्वय र सहयोगमा यसको लागि पहल गरिए तापनि उचित व्यवस्थापन गर्न सकिएको छैन । हाल उक्त स्थानमा एक घर एक धारा लागुगरी पानीको वितरणलाई व्यवस्थापन गरिँदै आएको छ । पानीकै कारण तरकारी तथा कृषिबालीहरूको व्यावसायिक खेती गर्न समस्या भएको स्थानीयहरू बताउछन् ।

(त) **बसाइँसराइ :** यस क्षेत्रबाट बसाई सरेर जानेको केही संख्या रहे तापनि आउनेको संख्या न्यून रहेको छ । केही अध्ययनको क्रममा र केही व्यवसाय तथा रोजगारीको क्रममा गाउँ छोड्ने क्रम बढ्दो रहेको छ । यसको प्रभाव केही जमिनहरू खरिद विक्री गर्ने गरेको पाइएको छ ।

(थ) **खानपान :** अझै पनि यहाँ जातीय स्थानीय खानाको अवस्था सुरक्षित रहेको छ । यहाँ खाइने परम्परागत ढिँडो सागसब्जी, अचार, काँको लगायतका खानेकुरा स्थानीय उत्पादनमा नै आधारित रहेका छन् । विशेष गरेर यहाँका स्थानीयहरूले खानाको रूपमा ढिँडो प्रयोग गरेको पाइन्छ ।

(द) **उत्पादन** : स्थानीयबासीहरूले घरपरिवारलाई पुग्ने तरकारी तथा खाद्ययवस्तु उत्पादन गरेको पाइन्छ जुन अधिकांशले जीवन निर्वाहको रूपमा खेती गर्ने गरेको पाइन्छ ।

(ध) **आवास** : यस क्षेत्रमा ठूला होटल तथा गेष्ठ हाउसहरू रहेका छैनन् तर सामान्य प्रकारका होटलहरूले आवासको व्यवस्थापन गर्दै आएका छन् ।

(न) **दृश्य अवलोकन** : परिवर्तन गाउँपालिकाबाट विभिन्न दृश्यहरू देख्न सकिन्छ जुन पर्यटकीय दृष्टिकोणले महत्त्वपुर्ण रहेका छन् ।

(प) **बनभोज स्थान** : बनभोज लगायतका कार्यक्रमहरू सञ्चालन गर्नको लागि यहाँ प्रशस्तै उपयुक्त स्थानहरू रहेका छन् जसमा केही स्थानको पहिचान गरी बनभोज स्थलको रूपमा विकास गर्न सकिन्छ ।

(फ) **तालिम :** यस क्षेत्रमा अनेकन तालिमका गराउन सकने सम्भावनाहरू रहेका छन् । उक्त सम्भाव्यतालाई आधार मानेर हेर्ने हो भने केवल कृषि तथा जनचेतनामूलक कार्यक्रमलाई प्राथामिकतामा राखेर प्रारम्भिक तालिममात्र उपलब्ध गरिएको पाइन्छ । अधिकांशले यसको महत्त्व तथा प्रयोग गरेको भने देखिदैन ।

(ब) **स्थनीय सरकारको चासो :** स्थानीय सरकारले पालिकाभित्रका विभिन्न स्थानहरूलाई पर्यटनको दीर्घकालिन विकासको लागि कार्यक्रम पहिचान, समन्वय तथा सहकार्य गर्न खोजेको छ । यसबाट परिवर्तन गाउँपालिकाको पहिचान, स्थानीयको आर्थिक तथा रोजगारीको अवसर तयार गर्नका लागि उक्त स्थानलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न लागि परेको छ । उक्त स्थानमा पर्यटकीय तालिमकेन्द्र, होमस्टे, सांस्कृतीक संग्राहलय, कृषि पर्यटनको विकास गर्नका

लागि समयसमयमा आवश्यक छलफल गरी कार्यक्रमको तय गर्दै आएको छ । यसमा स्थानीयको समेत चासो र बुझाई सकरात्मक हुन थालेको देखिन्छ ।

कुनै पनि क्षेत्रको विकासका लागि सो क्षेत्रसँग सम्बन्धित सम्पूर्ण पूर्वाधारहरूको समुचित विकास गर्नु अनिवार्य हुन्छ । नेपालमा पर्यटनको प्रचुर सम्भावना भएतापनि पर्यटन पूर्वाधारको अभावका कारण पर्यटन क्षेत्रको व्यापक विकासमा बाधा सिर्जना भएको छ । पर्यटन पूर्वाधारअन्तर्गत सहज यातायात सुविधा, होटल, लज तथा रेष्टुरेन्ट, पर्यटन गाईड, सूचना केन्द्रहरू, उद्धार संयन्त्र, सञ्चार, सूरक्षा तथा पर्यटकीय गतिविधिहरू नै हुन् । पर्यटनको सम्भावना हेरी यी पूर्वाधारहरूको आवश्यकताका आधारमा क्रमशः विकास गर्नु पर्यटन विकासका लागि अपरिहार्य छ । यस्ता प्रकारका अपरिहार्य संरचनाहरूको विकास र प्रवर्द्धन गर्नकालागि स्थानीय सरकार निरन्तर लागिपरेको देखिन्छ ।

### ३.३ पर्यटकीय वस्तु तथा गन्तव्यहरू

लुम्बिनी प्रदेशका १०९ वटा पालिकाहरूमध्ये परिवर्तन गाउँपालिका एक हो जुन रोल्पा जिल्लामा रहेको छ । प्राकृतिक दृष्टिले यो पालिका धेरै नै सम्पन्न छ । यहाँबाट देख्न सकिने हिमश्रृंखला, बिचमा मनोरम पहाडी भूभाग, विविधता हाम्रा गौरवका विषय हुन् । गाउँपालिकाभित्र रहेका तालतलैया, नदीनाला, बनजंगल, झरना आदि प्रशस्त छन् । यस्तै प्राकृतिक सम्पदाहरूले विभिन्न स्थानहरूलाई आकर्षक बनाएको छ । उक्त पालिकाभित्र रहेका वडाहरूलाई सुक्ष्म अध्ययन गर्दा पर्यटकीय दृष्टिकोणले विभिन्न प्रकारका सम्भावनासँग जोड्न सकिने यस अध्ययनले देखाएको छ ।

तालिका नं. ५ पर्यटकीय तथा धार्मिक स्थलहरूको विवरण

| क्र.सं. | नाम | वडा नं. | पर्यटकीय गतिविधि |
|---|---|---|---|
| १ | फूलबारी, जोडी दह, बर्खेखुटी, थाम, देउरालीडाँडा, गल्सुका | वडा नं. १ | धार्मिक तथा पर्यटकीय |
| २ | इरिवाङ मन्दिर | | साँस्कृतिक तथा धार्मिक |
| ३ | पाछावाङ मन्दिर | | साँस्कृतिक तथा धार्मिक |
| ४ | मौलाकोट मन्दिर | | साँस्कृतिक तथा धार्मिक |

| | | | |
|---|---|---|---|
| ५ | टिमुरबोट मन्दिर | | साँस्कृतिक तथा धार्मिक |
| ६ | छड्केहुरी मन्दिर | | साँस्कृतिक तथा धार्मिक |
| ७ | साहकवारी मन्दिर | | साँस्कृतिक तथा धार्मिक |
| ८ | सुकीदह पर्यटकिय क्षेत्र | वडा नं. ५ | पर्यटकिय क्षेत्र |
| ९ | थुनिकोट मन्दिर | वडा नं. ३ | साँस्कृतिक तथा धार्मिक |
| १० | राग्माधारी मन्दिर | | साँस्कृतिक तथा धार्मिक |
| ११ | कालिमाईदेवी मन्दिर | | साँस्कृतिक तथा धार्मिक |
| १२ | राङसीमा रहेको चर्च | | साँस्कृतिक तथा धार्मिक |
| १३ | शिवपार्वती मन्दिर | वडा नं. २ | साँस्कृतिक तथा धार्मिक |
| १४ | नौलोदेवी भगवती मन्दिर | वडा नं. २ | साँस्कृतिक तथा धार्मिक |
| १५ | बराह मन्दिर | | साँस्कृतिक तथा धार्मिक |
| १६ | छड्केघुरी थान | वडा नं. ५ | साँस्कृतिक तथा धार्मिक |
| १७ | बागमारा स्थित चर्च | | धार्मिक स्थल |
| १८ | परिवर्तन पार्क | वडा नं. ३ वागमारा | पर्यटकीय, पिकनिक स्पट |
| १९ | युद्ध पर्यटन स्थान | | |
| २० | गुरिल्ला ट्रेक | | |
| २१ | शहिद राजमार्ग | | |
| २२ | जलजला (युद्धस्थान) | | |
| २३ | पाँचपुन्नि मन्दिर | वडा नं. २ | धार्मिक स्थल |
| २४ | कल्याणी माता मन्दिर | | साँस्कृतिक तथा धार्मिक |
| २५ | माईस्थान मन्दिर | | साँस्कृतिक तथा धार्मिक |

| | | | |
|---|---|---|---|
| २६ | देउराली डाँडा | वडा नं. १ | पर्यटकीय तथा दृश्यावलोकन |
| २७ | पारीमारी पोखरी | | पर्यटकीय तथा दृश्यावलोकन |
| २८ | रालेखोला पाछावाङ | | पर्यटकीय तथा दृश्यावलोकन |
| २९ | घुइलचौर पाछावाङ | | पर्यटकीय तथा दृश्यावलोकन |
| ३० | वोजोवारी थान | वडा नं. ५ | धार्मिक स्थल |
| ३१ | माउन्टेन  वाइक ट्रेकिङ् | वडा नं. ५ | पर्यटकिय स्थल |
| ३२ | वोजोवारी दह | वडा नं. ४ | पर्यटकिय स्थल |
| ३३ | घोयलचौर थान | वडा नं. ४ | धार्मिक स्थल |
| ३४ | युद्ध पर्यटन केन्द्र | वडा नं. २ | ऐतिहासिक |
| ३५ | नौलादेवी मन्दिर | वडा नं. २ | धार्मिक स्थल |
| ३६ | राल्वाङ मन्दिर | वडा नं. २ | धार्मिक स्थल |
| ३७ | कोइवाङवाल उद्यान | वडा नं. २ | पर्यटकीय स्थल |
| ३८ | जोडीदह मन्दिर | वडा नं. २ | धार्मिक स्थल |
| ३९ | पर्यटन केन्द्र डाँडागाउँ | वडा नं. २ | पर्यटकीय स्थल |
| ४० | छड्के धुरी थान | वडा नं. ५ | धार्मिक स्थल |

*स्रोत : गाउँ प्रोफाइल*

**अन्य पर्यटकीय सम्भावनाका क्षेत्रहरू**

परिवर्तन गाउँपालिकालाई स्थलगत अध्ययन तथा स्थानीय सरकारसँग छलफल गर्दा अन्य पर्यटकीय स्रोतहरूको पनि ठूलो सम्भावना देखिएको छ ।

तालिका नं. ६ अन्य पर्यटकीय सम्भावनाका क्षेत्रहरू

| क्र.सं | विवरण | सम्भावना |
|---|---|---|
| १ | जीवित संग्राहलय | पालिकाको उपयुक्त पुरानो पहिचानको बस्ती छनौट गरी परम्परागत खानपान, संस्कृति तथा जिवनशैलीको संरक्षण गरी सिंगो गाउँलाई नै आकर्षक केन्द्रको रूपमा विकास गर्ने |
| २ | कृषि पर्यटन | प्रत्येक वडाको उत्पादनलाई मध्यनजर गरी विशेष कृषि उत्पादन पकेट क्षेत्र घोषणा गर्ने, कृषि उत्पादनमा परम्परागत चलिआएका रैथाने तथा आधुनिक बालीको समेत उत्पादन गर्ने |
| ३ | पदमार्ग | परम्परागत पदमार्ग बचाउने, पुरानो वाटो–नयाँ पाइलाको अभियान चलाउने |
| ४ | दृश्य अवलोकन | आवश्यकताअनुसार उपयुक्त स्थानहरूमा भ्युप्वाइन्ट निर्माण गर्ने जसमा स्थानीय कच्चापदार्थ र संस्कृति झल्केको देखियोस् |
| ५ | होमस्टे | सहज जीविकोपार्जन तथा दीगो विकाससँग जोडेर पालिकाभित्र दुई स्थानमा होमस्टे सञ्चालन गर्ने यसले विकासको औजारको रूपमा सहयोग गर्दछ |
| ६ | जंगली जडिबुटि | चलनचल्तीमा रहेका जडिबुटिको संरक्षण उत्पादन र प्रवर्द्धन गर्ने |
| ७ | कोसेली घर | पालिकाभित्र भएका रैथाने उत्पादन, हस्तकला, अल्लो तथा लोक्ताबाट तयार गरीएका सामाग्री लगायत बस्तुहरूको विक्रि वितरण गर्न एक कोसेलीघर निर्माण गर्ने |
| ८ | पर्यापर्यटन | स्थानीय स्तरमा पाईने वन, वन्यजन्तु, किरा, मौरि, भमरा, |

| | | |
|---|---|---|
| | | बारुला लगायतको संरक्षण गर्दै पूर्वाधारका कामहरू अगाडि बढाउने |
| ९ | स्थानीय पहिचानमा आधारित संग्राहलय | पालिकाभित्र कुनै एक स्थानमा स्थानीय पहिचानमा आधारित संग्राहलय निर्माण गर्ने |
| १० | युद्ध पर्यटन (डार्क टुरिजम) | युद्धका अवशेसहरूलाई संरक्षण तथा युद्ध (सम्झना सर्किट) को स्थापना गर्ने, युद्धमा प्रयोग भएका सबै पदमार्ग तथा मुख्य सेल्टरहरूको कनेक्टिभिटी बनाउने (वडा नं. २ प्रचण्डले सेल्टर लिएको स्थालनलाई संरक्षण गर्ने) |
| ११ | योगा पर्यटन | उपयुक्त स्थान पहिचान गरी आधुनिक योगा घरको निर्माण गर्ने |
| १२ | जल पर्यटन | साना खोलानालाको संरक्षण, त्यसमा माछा तथा अन्य जलचर जिवहरूको संरक्षण गर्ने, आकर्षक डेम, पोखरी, रिभर रिसोर्टको योजना बनाउने |
| १३ | खेल पर्यटन | वार्षिक रूपमा साहसिक, माउन्टेन वाईक, रक क्लामिङ, स्थानीय मेला जात्रामा खेलिने खेलहरूलाई प्राथामिकतामा राख्ने |
| १४ | पर्यटन महोत्सव | सांस्कृतिक परम्पराअनुसार, सरौठी नाच, भुमे नाच, पैसरी नाच, बैजरु नाच, मयुर नाच, पन्चे बाजा, साइला बरई लोकभाका जस्ता स्थानीय गतिविधिको माध्यमबाट पर्यटन महोत्सव मनाउने |

### ३.५ साझा सहमति र प्रतिबद्धता

जैविक विविधताको केन्द्र यो क्षेत्र हामी सबैको गौरव हो, जसको संरक्षण र विकासमा हामी सबैको बराबरी दायित्व रहेको हुन्छ । यसको विकासका लागि सबैले साझा सहमति कायम गर्न आवश्यक छ । तसर्थ यसलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्नका लागि निम्नानुसारको साझा सहमतिमा हामी प्रतिवद्ध छौं ।

(क) यस क्षेत्रमा रहेका पर्यटकीय क्षेत्रका जंगल, पाखापखेरा, पोखरी र जलस्रोत क्षेत्रको प्राकृतिक अवस्थालाई जस्ताको त्यस्तै राखी संरक्षण र संवर्द्धन गर्दै जाने ।

(ख) प्रवेशद्वार तयार गरी पर्यटकीय गतिविधि क्षेत्र बाहेकका जंगल र पाखापखेरा जलाशय क्षेत्रमा सिमसार सिमेन्ट, कंक्रिट निर्माण कार्यलाई निषेध गर्ने ।

(ग) यहाँ रहेका धार्मिक तीर्थस्थल, गुफा लगायतका क्षेत्रभित्र अज्ञानताबस कसैद्वारा फोहोरमैला फ्याँकिएको भेटिएमा टिपेर व्यवस्थित गरौं ।

(घ) यस क्षेत्रलाई पर्यटनमैत्री बनाउन तपाईं हामी सबैको सहभागिता रहनेछ । यस क्षेत्रको गुरुयोजना तयार भइरहेको छ । गुरुयोजना निर्माणमा सबैको सहभागिता, गुरुयोजना अन्तरगत रहेका कुनै पनि कार्यहरूमा हामी सबैको योगदान रहन सक्नेछ ।

(ङ) पर्यटकीय क्षेत्र निर्माणका हरेक गतिविधिहरूमा चासो राख्नेछौं र सहभागी बन्नेछौं ।

(च) पर्यटकीय सम्पदाका स्थानहरूमा निर्माण कार्य, खाना खाने, फोहोमैला गर्ने र दिसा पिसाब गरिने छैन ।

(छ) पर्यटकलाई सूचना तथा आवश्यक सहयोगको लागि स्थानीय बासिन्दा सक्रिय हुनेछौं ।

(ज) पर्यटन क्षेत्र वरपर पर्यटकीय बजार व्यवस्थित गर्ने र स्थानीय कृषि उत्पादन र हस्तकला आदि आफ्ना गाउँका सीप सृजनाहरू प्रदर्शन गर्ने ।

(झ) स्थानीय जातजाती र भाषाभाषी, संस्कृति र परम्पराहरूलाई संरक्षण गर्दै परम्परागत उत्सवहरूका अवसरका साथै पर्यटकीय प्रायोजनका निमित्त समेत सांस्कृतिक प्रदर्शन गरिनेछ । साथै गाउँ क्षेत्रमा समेत सांस्कृतिक केन्द्र स्थापना गरीनेछन् ।

(ञ) घरपालुवा जिवजन्तुहरू जंगल क्षेत्रमा प्रवेश निषेध गर्ने ।

(ट) घरेलु बोटविरुवाहरू जंगल र जलाशय क्षेत्रमा रोपण नगर्ने ।

(ठ) सिकारी प्रतिबन्धित गर्ने र डढेलो लगाउन रोक्ने, लागेमा नियन्त्रण गर्ने ।

(ड) पुराना रुखहरू व्यवस्थापन, झाडी फडानी गर्न, लहरा कटान गर्न र ढुङ्गा फुटाउन तथा निकाल्न प्रतिकुलताको अध्ययन गर्ने ।

(ढ) खुकुरी, बन्चरो, गुलेली जंगल प्रवेशमा पूर्ण रूपमा प्रतिबन्ध लगाइने ।

(ण) वनभोज उत्सव आदिमा ढोल बाजागाजा निश्चित क्षेत्रमा मात्र प्रयोग गर्ने ।

(त) प्लाष्टिकजन्य पदार्थ पूर्ण रूपमा निषेध गरिने ।

(थ) तीर्थस्थल क्षेत्रभित्र चिहान बनाउन नहुने कुरालाई अवलम्वन गरिने ।

(द) धार्मिक क्षेत्रभित्र मद्यपान, धुम्रपान पूर्ण रूपमा निषेध गरिने ।

(ध) जोखिममा र घाउचोट परेका जीवजन्तु पंक्षीहरू उद्दार र संरक्षण गर्ने ।

(न) गुराँस, चिमाल र सुनाखरी लगायत लोपोन्मुख जातिका वनस्पति संरक्षणको सूचीमा राखी संरक्षण गरिने ।

(प) जंगल र सिमसारका रैथाने वनस्पति बिना अनुमति काँटछाँट गर्न नपाइने ।

(फ) जलासय, जलश्रोत क्षेत्र, ओडार र झाडी क्षेत्रहरूको संरक्षण गरिने ।

(ब) यस क्षेत्रलाई अद्वीतय पर्यटकीय क्षेत्र र पर्यटकीय गाउँ बनाउनका निमित्त एकजुट हुँदै सम्बन्धित सबैको साझा सहमति तयार गरिएको छ ।

(भ) सरोकारवालाहरूको साझा सहमतिमा सृजना गरिएको गुरुयोजनाको पूर्ण रूपमा अनुसरण गरिनेछ ।

(म) स्थानीय निकायहरूले उच्च प्राथमिकताका आधारमा यस क्षेत्रको विकास निर्माणमा सहयोग गर्ने ।

## ३.६ सम्भावनाको र पुष्ट्याई

प्राकृतिक छटाले भरिपूर्ण, रमणीय, स्थानमा रहेको जैविक क्षेत्र विकासका आफ्नै विशेषता रहेका छन् । यी विशेषताहरू नै यहाँका सम्भावनाहरू हुन जसलाई निम्न अनुशार स्पष्ट पारिएको छ ।

**सम्भावनाहरूको पुष्टि**

१. पालिकाका विभिन्न स्थानबाट देखिने दृश्य, अवलोकन अत्यन्तै सुन्दर र पर्यटकीय आकर्षणको रूपमा रहेको देख्न सकिन्छ ।

२. अध्ययन गरिएको स्थानमा मगर लगायतका जातजातिहरूको विविध सांस्कृतिक एवं मौलिक उपस्थिति रहेको छ ।

३. गाउँपालिकामा रहेका विभिन्न प्राचिन एवं प्राकृतिक स्थलहरूले धार्मिक तथा पर्यटकीय स्थलको रूपमा विकास गर्न सम्भावना बोकेका छन् ।

४. गाउँपालिकाका प्रायः सबै वडाहरूमा कच्ची सडकको पहुँच पुगेको भए तापनि स्तरउन्नती गर्न आवश्यक छ ।

५. प्राकृतिक जैविक विविधता, गृष्मकालीन चिसो हावापानी भएका कारण जाडोमा रमाउने ठाउँको रूपमा विकास गर्न सकिने सम्भावना छ ।

६. कृषि र वन्यजन्तु (घोरल, चितुवा, दुम्सी, मृग) लगायतका जैविक विविधता जस्तै ऐंसेलु, काफल र लालीगुराँस प्रशस्त मात्रामा उपलब्ध भएका कारण पनि यस क्षेत्रको पर्यटन विकासमा थप टेवा पुग्ने देखिन्छ ।

७. स्थानीय हस्तकला उत्पादनको प्रवर्द्धन र विकास गर्न आवश्यक छ ।

८. सडक, स्थानीय बजार, खोलानाला लगाएतको सरसफाई गरी पर्यटनमैत्री बनाउन आवश्यक देखिन्छ ।

९. पर्यटनमैत्री वातावरणको अवसरलाई प्रभावकारी बनाउन आवश्यक रहेको छ ।

## ३.७ स्थानीय सरोकारवालासँगको छलफल र निष्कर्ष

यस गुरुयोजनालाई प्रभावकारी बनाउन विभिन्न सरोकारवाला निकाय तथा स्थानीय जनप्रतिनिधिहरूसँग पटक पटक छलफल तथा अन्तरक्रिया गरिएको छ । यसमा उनीहरूबाट प्राप्त भएको प्रतिवद्धता तथा सुझावहरूलाई पनि दस्तावेजीकरण गरिएको छ ।

**(क) सुक बहादुर बुढा मगर - परिवर्तन गाउँपालिका अध्यक्ष**

परिवर्तन गाउँपालिकाको सबैभन्दा महत्त्वपूर्ण विषय भनेको पर्यटन र कृषि नै हो । यसको माध्यमबाट मात्र यस क्षेत्रको विकास गर्न सकिन्छ । पर्यटकीय कार्यक्रम बढ्नु भनेको पर्यटकहरूको अकर्षण वढ्नु हो । यसबाट स्थानीय होटल, होमस्टे, स्थानीय रैथाने उत्पादन आदिको स्वत विकास हुँदै जान्छ । जसले जनताको प्रत्यक्ष आर्थिक त्रियाकलापमा सुधार, रोजगारी जस्ता महत्त्वपूर्ण विषयमा सकरात्मक प्रभाव पार्दछ । यस पालिकामा भुबनावटको आधारमा पनि अत्यन्तै उपयोगी रहेको छ । यस क्षेत्रमा हुने उत्पादन, तरकारी, फलफूल, जातीय संस्कार र संस्कृती, भेषभुषा, उक्त स्थानबाट देखिने हरियाली लगायतका दृष्य, जंगल तथा जंगली जनावरहरू, खोलानाला, युद्धका अवशेषहरू आफैमा पनि महत्त्वपूर्ण रहेका छन ।

यतिमात्र होइन यहाँ रहेको सार्वजनिक जमिन, जंगली जडिबुटी, स्थानीय रैथाने खानाका परिकार, युवामैत्रि पर्यटनको विकास गरेर धेरै भन्दा धेरै युवाहरूलाई रोजगार बनाउन सकिन्छ । पर्यटन विकास एक प्रकृया हो निरन्तरको लगावपछि मात्र यसबाट प्रतिफल प्राप्त गर्न सकिन्छ । त्यसैले धर्यताका साथ अगाडी बढौं, एक भएर लागौं यस क्षेत्रको विकासमा पालिकाको पूर्ण चासो र सहयोग रहन्छ ।

पर्यटनको विकास गर्नलाई अरुको धेरै देखासेकि गर्ने भन्दा पनि यहाँको भैरहेको अवसरहरूलाई पहिचान गरी त्यसैको प्रवर्द्धन गर्न आवश्यक रहेको छ । हामीसँग जे छ त्यसको पहिले पहिचान गरौ, त्यसैलाई संरक्षण, विकास र बजारीकरण गर्न सकियो भने नागरिकहरू धेरैभन्दा धेरै लाभान्वित हुने सम्भावना रहेको छ ।

**(ख) कलादेवी खत्रैनी - परिवर्तन गाउँपालिका उपाध्यक्ष**

पर्यटनको विकासबाट मात्र हाम्रो परिवर्तन निश्चित छ । हामीसँग रहेका कला, भौगोलिक अवस्था, भावनाबाट सबैलाई पर्यटनसँग जोड्नको लागि नै यो कार्यक्रम गरिएको छ । यो विकास आजको भोलि हुने होइन तर यो सुरुवात भएको छ । पर्यटनका विभिन्न आयामहरूको पहिचान गर्दै हामीले दिगो रूपमा त्यसको विकास गर्नुपर्ने आजको आवश्यकता रहेको छ । यसप्रति हामी सवैको सोच र ध्यान जान आवश्यक देखिन्छ ।

**(ग) प्रमुख प्रशासकीय अधिकृत : नीम बहादुर के. सी.**

परिवर्तन गाउँपालिकाको विकासमा पर्यटनको ठूलो योगदान रहन सक्छ । यसको लागि आवश्यक नीति, कार्यक्रम तथा योजना बनाउन आवश्यक रहेको छ । पर्यटन मार्फत विकास गर्नलाई निरन्तर लाग्नुपर्ने, भौतिक पूर्वाधारको विकास गर्नुपर्ने, स्थान विशेष पहिचान तथा सम्भावनको खोजि गर्दै अगाडि बढ्नुपर्ने देखिन्छ । योजना तथा कार्यक्रमअनुसार नै प्रदेश तथा सङ्घीय सरकारको सहयोग लिनुपर्ने र निजि क्षेत्रलाई आकर्षक योजनाहरू समेत तयार गर्न आवश्यक रहेको छ ।

**(घ) परिवर्तन गाउँपालिका वडा अध्यक्षहरू**

वडा नं. १ का अध्यक्ष मैते बुढा मगर, वडा नं २ का अध्यक्ष हरि प्रसाद बुढा मगर, वडा नं. ३ का अध्यक्ष मानसिंह बुढा वडा नं. ४ का अध्यक्ष, खिम विक्रम चन्द, वडा नं. ५ का अध्यक्ष दिल बहादुर वली, वडा नं. ६ का अध्यक्ष भरत कुमार बुढा सवैको पर्यटन विकासप्रतिको चासो उस्तै रहेको छ ।

जहाँसम्म आजको छलफल तथा कार्यक्रम हामी सबैको हितमा रहेको छ । वास्तवमा नै पर्यटन विकास विना हाम्रो उन्नती हुन सक्दैन । त्यसैले हामीले यसको बारेमा बुझ्न र बुझाउन आवश्यक छ । हामीले हामीसँगै भएका वस्तुको मूल्य नै थाहा पाएका रहेनछौं । यस स्थानमा पर्यटकहरूको आवागमन बढ्न थालेपछि स्वत हामी सबैको जीवनस्तर माथि उठ्न सक्छ । त्यसैले हामी जनप्रतिनिधिहरूले गर्नुपर्ने कार्यमा पूर्ण साथ सहयोग र समर्थन रहन्छ भन्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छौं ।

हामी सबै वडाहरूलाई पर्यटन मार्फत विकास र समृद्धि गर्न चाहन्छौं । यसका लागि अब बन्ने पर्यटन गुरुयोजनाले दीर्घकालीन विकासमा ठुलो योगदान गर्न सक्ने अपेक्षा पनि लिएका छौं ।

**(ङ) पूर्व जनप्रतिनिधि**

यस क्षेत्रको विकास गर्ने क्रममा मैले मेरै कार्यकालमा पनि धेरै सोचेको हो । तर सबै कुरा भनेजस्तो नहुन सक्छ समय लाग्न सक्छ यसमा हामीले धैर्यता गर्न आवश्यक छ । धैर्यता र लगनशिलताले मात्र हामीलाई सफल बनाउछ । कहिलेकाहिँ गलत व्यक्तिको गलत सुझावले यस्ता

कामहरूलाई असर पर्न सक्छ । यसमा स्थानीयबासी सचेत हुन पनि अनुरोध गर्दछु । आज यस क्षेत्रको विकास गर्न सबैको चासोको विषय बनेको छ । पर्यटनको लागि आवश्यक पर्ने केही पूर्वाधारहरू बाटो, पानी, सभाहल, होमस्टे आदिको व्यवस्थापन हुँदै गएको छ । पर्यटनलाई जोडेर काम गर्न सकियो भने परिवर्तन गाउँपालिकाको मात्र होइन रष्ट्रिय गौरवको योजना समेत यहाँ बनाउन सकिन्छ । यस्ता योजना तथा कार्यवाट युवा रोजगारको सृजना समेत गर्न सकिने हुँदा हामी सबै यसमा सकारात्मक भएर अगाडि बढ्नु पर्दछ ।

**(च) होटल सञ्चालक**

हाम्रो क्षेत्रलाई लक्षित गरेर पालिकाले गरेको कार्यक्रममा हाम्रो पूर्ण सहमती रहन्छ । यसले एक जना व्यक्तिको मात्र नभई समग्र समाज, बस्तीको नै विकास हुने हुँदा स्थानीयबासी सबै एक भएर अगाडि बढ्नुको विकल्प छैन । यसका लागि हामीले गर्नुपर्ने साथ सहयोगको कुनै कमी हुन दिन्नैं । हामी निरन्तर सेवा तथा व्यवसाय व्यवस्थित गर्ने कार्यमा लाग्नेछौं । हाम्रा व्यवसायहरू पर्यटनमैत्री बनाउनमा हामी निरन्तर लागिरहनेछौं । स्वच्छ खाना, सफा वातावरण बनाउन तथा आवश्यक तालिम लिन समेत हामी तयारी छौं ।

पाहुनाहरू सबैभन्दा पहिला गाडीमा र त्यसपछि होटल व्यवसायसंग जोडिने हुँदा हामी यसप्रति व्यवसायमूलक सेवा गर्न तत्पर रहेका छौं ।

**(६) कृषि व्यवसायी**

यस क्षेत्रलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकियो भने हामी सबैले यसको फाइदा लिन सक्छौं । हाम्रा होटल, होमस्टे, कृषि उत्पादन आदिलाई पनि व्यवसायिक बनाउन सकिन्छ । जसबाट हामी जस्ता धेरै युवाहरूले रोजगारी पाउन सकिने अवस्था रहेको छ । सिंगो गाउँपालिका तथा वडाका जनप्रतिनिधिहरूले यस्तो महत्त्वपूर्ण विषयको जानकारी दिदै यहाँका अनेकन सम्भावनाको सन्दर्भमा छलफल गरेर कार्यक्रम नै तय गरी  अन्तरक्रिया गरेकोमा हामी आभारी रहेका छौं । यस्ता कार्यक्रममा हामी स्थानीयबासीको पूर्ण सहयोग रहन्छ ।

यस पालिकाभित्रका विभिन्न स्थानहरूको पहिचान गरी कृषि पकेट वा कृषि नमुना क्षेत्रको रूपमा विकास गर्न सकिन्छ । यहाँ हुने उत्पादनमा सुन्तला, कागती, एभोकार्डो, अदुवा, लसुन, आलु, मकै, खुर्सानी, सिमी, भाङो आदिको ठुलो सम्भावना रहेको छ । यसलाई व्यावसायिक रूपमा प्रवर्द्धन गर्ने र पर्यटनसँग जोड्ने हो भने यहाँका मानिसहरूले ठुलो लाभ प्राप्त गर्न सक्ने अवस्था हामीले

महसुस गरका छौँ । जुन विषय हाल बनिरहेको पर्यटन विकास गुरुयोजनामा पनि समेटिने हामीले आसा लिएका छौँ ।

**(ज) अन्य व्यवसायीहरूको सुझाव**

परिवर्तन गाउँपालिका ठुलो सम्भावना बोकेको स्थान हो । यसलाई बुझ्न सक्नुपर्ने आजको आवश्यकता रहेको छ । पर्यटनले धेरै विषयवस्तुसँग समन्वय गर्ने हुँदा यसका क्षेत्रहरूको सुक्ष्म अध्ययन नै पहिलो आवश्यकता हो । मानिसहरूको सोच, शिक्षा, स्वास्थ्य, यातायात लगायतमा पनि यसको घनिष्ठ सम्बन्ध रहेको हुन्छ । त्यसैले पर्यटन भन्नासाथै सबै क्षेत्रको विकास साथसाथै हुन आवश्यक हुन्छ । पर्यटनका लागि आवश्यक पूर्वाधारहरू तयार गरेर मात्र पर्यटनबाट दिगो आय आर्जन गर्न सम्भव हुन्छ । यसको लागि दीर्घकालीन योजना तथा कार्यक्रम आवश्यक रहन्छ तर सबै विषयको अन्तर सम्बन्ध भने आर्थिक अवस्थासँग गएर जोडिएको हुन्छ ।

**(झ) छलफलको निष्कर्ष :** यस क्षेत्रलाई पर्यटकीय आकर्षणको केन्द्र बनाउनका लागि परिवर्तन गाउँपालिकाको पहिलो प्रथामिकतामा रहेको पाइएको छ । यसका लागि पालिकाको कार्ययोजना, कार्यक्रम बजेटमा समेत यसलाई उच्च प्राथामिकतामा राखेको पाइयो । वडाका जनप्रतिनिधि तथा पूर्व जनप्रतिनिधिहरू, स्थानियबासी सबैको विकासमा सहकार्य समन्वय देखिएको छ । स्थानीय रूपमा आवश्यक सहयोग गर्नका लागि एकबद्धता समेत रहेको पाइएको छ । यसका लागि साधन र स्रोतको व्यवस्थापनको आवश्यकता रहेको देखिन्छ । कार्यक्रम तथा योजनाहरू प्रभावकारी रहे तापनि त्यसको लागि आर्थिक स्रोतको केहि कठिनाइले गर्दा विकास हुन र त्यसबाट प्रतिफल प्राप्त गर्न केही समय पर्खनुपर्ने अवस्था छलफलको चरणमा प्राप्त भएको छ ।

## ३.८ प्रश्नावलीको आधारमा प्राप्त गरिएका सूचना (जनप्रतिनिधि तथा स्थानीयबासी)

तालिका नं. ७ प्रश्नावलीको आधारमा प्राप्त गरिएका सूचना

| ाविषय | पर्यटकीय वस्तुको स्केल (१-५) | धेरै राम्रो ( ५) | राम्रो (४) | मध्यम (३) | कम (२) | छैन (१) |
|---|---|---|---|---|---|---|
| पर्यटनको जानकारी | | | | | ● | |
| यहाँ भएका पर्यटकीय वस्तुहरू | | | | | ● | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पर्यटकीय वस्तुको हालको अवस्था | | | | | ● | |
| पर्यटकीय वस्तुको बारेमा स्थानीय बासीलाई कुनै प्रकारको जनचेतनामूलक कार्यक्रम/तालिम | | | | | ● | |
| तालिम प्रभावकारी भयो वा भएन | | | | | ● | |
| पर्यटकिय सम्पदाको अभिलेखिकरण | | | | | ● | |
| पर्यटकीय वस्तुको संरक्षण | | | | | ● | |
| पर्यटकीय वस्तुको पूर्वाधारमा संरक्षणमा बजेट विनियोजन | | | | | ● | |
| पर्यटकीय वस्तुको पूर्वाधारमा प्रतिवर्ष कति बजेट विनियोजन | | | | | ● | |
| वार्षिक अनुमानित पर्यटक | | | | | ● | |
| आउने पर्यटकहरूको उद्देश्य | | | | | ● | |
| पर्यटक सुरक्षाको अवस्था | | | | ● | | |
| पर्यटक आकर्षण गर्न केही नयाँ कार्य | | | | | ● | |
| पर्यटकको लागि शान्ती सुरक्षाको अवस्था | | | | ● | | |
| पर्यटन व्यवसायबाट आय आर्जनको अवस्था | | | | | ● | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पर्यटन व्यवसायमा खपत भएको जनशक्ति | | | | | ● | |
| पर्यटकीय आवासको अवस्था | | | | ● | | |
| पर्यटनका लागि कुनै दीघकालीन योजना | | | | | ● | |
| सार्वजनिक जमिनको अवस्था | | ● | | | | |
| पर्यटन प्रवद्धनका लागि तालिम प्राप्त जनशक्ति | | | | | ● | |
| पर्यटन प्रति स्थानीयबासीको चासो | | | | ● | | |
| कुनै पर्यटनको तालिम केन्द्र सञ्चालन गर्न सकिन्छ | ● | | | | | |
| पर्यटन पूर्वाधारको स्थलगत अवस्था | | | | | ● | |
| शैक्षिक संस्थाको अवस्था | | | | | ● | |
| तालिम प्राप्त जनशक्ति | | | | | ● | |
| सांस्कृतिक पहिचान | | | | | ● | |

## परिच्छेद - चार

## योजना तथा कार्यक्रम

जुनसुकै पर्यटकिय क्षेत्रको विकास गर्न, प्रवर्द्धन गर्नका लागि योजना तथा कार्यक्रमको आवश्यकता पर्दछ । यदि राम्रो र प्रभावकारी योजना बनाउन सकियो भने विकासको गती पनि तिब्र हुन्छ र उपयुक्त कार्यक्रम बनाउन सकिएन भने त्यसले प्रभावकारी प्रतिफल दिन सक्दैन ।

### ४.१ परिवर्तन गाउँपालिकामा पर्यटन विकासका लागि योजना र कार्यक्रमहरू

यस शीर्षकअन्र्गात केही नीतिगत व्यवस्थाहरू, दीर्घकालीन महत्त्वका योजनाहरू र अल्पकालीन कार्यक्रमहरू प्रस्तुत गरिएको छ । यी कार्यहरू यतिबेला देशमा कार्यरत रहेका संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह सबैको दायित्वभित्रका कुरा हुन् । प्रस्तुत विषयहरूमा कतिपय कार्य संघीय सरकारकै तहबाट गर्नुपर्ने पनि छन् र कतिपय विषयहरू प्रदेश सरकार वा स्थानीय तहबाट गर्न सकिने खालका छन् । संघीय सरकारबाट हुने सहकार्यहरूमा पनि प्रदेश सरकार र स्थानीय तहको त्यत्तिकै बलियो साथ र सहयोग आवश्यक हुन्छ भने प्रदेश सरकार वा स्थानीय निकायबाट गर्न खोजिएका कार्यहरूमा संघीय सरकारको समर्थन वा सहयोगको आवश्यकता पर्दछ । मूल कुरा यस क्षेत्रमा पर्यटन विकास तथा प्रवर्द्धनका कार्यहरूमा अनुभुति गर्न सकिने गरी नतिजाहरू प्राप्त हुनु हो । यसैलाई तीनै तहका सरकारहरूले आफ्नो लक्ष्य ठान्नुपर्दछ । यहाँ स्थानीय तह भन्नाले परिवर्तन गाउँपालिका सम्झनुपर्छ ।

### ४.२. केही नीतिगत व्यवस्थाहरूको आवश्यकता

यस क्षेत्रका केही मौलिक विशेषताहरू छन् जसका कारण यहाँको पर्यटन विकास तथा प्रवर्द्धनका लागि राज्य तहबाटै केही नीतिगत व्यवस्था हुनु जरुरी छ । ती यसप्रकारका छन्–

#### ४.२.१. नियम, कानूनमा संसोधनद्वारा सहजीकरण

परिवर्तन गाउँपालिकामा ठूलो भुभाग वन क्षेत्रले ओगटेको छ । नेपालको कानुन तथा वन संरक्षण नीतिले उक्त प्रयोग गर्न वा वनपैदावरसंग सम्बन्धित रहेर उद्योग धन्दा सञ्चालन गर्न समेत सहज परिस्थितीको सृजना गरेको देखिँदैन । यति धेरै वनजंगल हुँदाहुदै पनि विदेशी काठका सामानहरू खरिद गरी रहेको देखिन्छ । त्यसैले यस्ता विषयमा नेपाल सरकारले सुक्ष्म अध्ययन गरी

कानुनी सहजता सृजना गरी कानुनको व्यवस्थापन गर्न आवश्यक रहेको छ। यदि त्यसो नगर्ने हो भने यथास्थितिमा पर्यटन विकास र प्रवर्द्धनको अपेक्षित लक्ष्य हासिल गर्न सकिदैन।

### ४.२.२. समन्वय र सहकार्यको वातावरण निर्माण

अध्ययन स्थल र यसको सेरोफेरोको पर्यटन विकास स्थानीय स्तरको मात्र नभई सिंगो लुम्बिनी प्रदेशको पनि हो। त्यसैले यसको विकास तथा प्रवर्द्धनका लागि संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, पर्यटन विकास तथा प्रवर्द्धन समितिबिच कुनै किसिमको असमझदारी उत्पन्न भएर पर्यटन प्रवर्द्धनका कार्यहरू अवरुद्ध हुने र वर्षौंसम्म त्यस्ता कार्यक्रमहरू अलपत्र पर्ने हुनु हुँदैन। त्यस्तो नहोस् भन्नका लागि ऐन नियमकै परिधिभित्र रहेर पनि अधिकतम लचकताका साथ समन्वय र सहकार्य गर्ने विशेष निर्देशन दिदै नियमनकारी भूमिका संघीय सरकारले गर्न आवश्यक छ।

### ४.२.३. समितिको स्थायित्व र उत्तरदायित्व

पर्यटन विकासका सन्दर्भमा गाउँपालिका स्वयंमले पनि विकास समितिको निर्माण गर्न सक्दछ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले उक्त विषयमा निर्देश गरेको छ। समिति तयार गरी उनिहरूलाई उत्तरदायी बनाउन सकियो भने त्यसको सकरात्मक भूमिका निर्वाह गर्न सक्दछ। यसमा पर्यटन विज्ञ लगायतको एक विज्ञ समूहको सहयोग पर्यटन क्षेत्रमा मात्र नभई विकासका सबै क्षेत्रमा आवश्यक पर्दछ।

### ४.२.४ गरिबी निवारणमा अनुदान

सबैलाई थाहा भएकै विषय हो– यो क्षेत्र केही पिछडिएको छ। यहाँ गरिबी, अशिक्षा र पछौटेपन व्याप्त छ। दैनिक बिहान बेलुका हातमुख जोड्ने समस्याबाट पिरोलिएको मान्छेले अरु कुरा सोच्न सक्दैन। यस क्षेत्रमा पर्यटन विकास तथा प्रवर्द्धनको कुरामा पनि यही पक्ष हावी भएको छ। पर्यटन विकाससँग सम्बन्धित विभिन्न विषयका तालीम लिने, पर्यटकले रुचाउने सामानहरूको उत्पादन गर्ने र केही समयसम्म घाटामै गएर भए पनि होटल लगायतका व्यवसायलाई निरन्तरता दिने कुरामा गरिबीले गर्दा यहाँका बासिन्दालाई टिक्न दिदैन। त्यसैले यस्ता कार्यहरू गर्नका लागि ढाडस दिन यहाँका स्थानीयलाई केही अनुदान प्याकेजको व्यवस्था गरिनु पर्दछ। उत्पादनमूलक कार्यमा आकर्षण गर्नु आवश्यक रहेको छ।

### ४.२.५. जडिबुटी सदुपयोगको योजना

एकातिर यस क्षेत्रमा सयौं बहुमूल्य जडिबुटीहरू छन् र अर्कोतिर यस आसपासका जनतामा व्यापक गरिबी र बेरोजगारी छ । यो विडम्वनायुक्त अवस्थाको अन्त्यका लागि राज्यले सोच्नुपर्दछ । धेरैजसो जडिबुटीहरू मौसमी हुने र निश्चित समयावधिपछि ती नासिएर/मासिएर जाने हुन्छन् भने टिप्दा अर्को सिजनमा फेरि त्यसरी नै उत्पन्न हुने गर्छन् । त्यसैले जनताको गरीवी हटाउन सुरक्षित र व्यवस्थित प्रक्रिया मिलाएर त्यस्ता जडिबुटी सङ्कलन र विक्री गर्ने ब्यवस्था मिलाउनु उचित हुन्छ । स्थानीय जनताले त्यस्तो अवसर पाएमा उनीहरूमा वन तथा वातावरणप्रतिको अपनत्व र सम्मानभाव बढ्न जानेछ । यसका लागि बनभित्र जडिबुटिको पहिचान, संरक्षण, उत्पादन र बजारीकरणको व्यवस्थापन गर्न आवश्यक छ ।

### ४.२.६ परिवर्तन पालिका महोत्सव

परिवर्तन गाउँपालिकाको सबैभन्दा महत्त्वपुर्ण पर्यटकीय स्थान तथा आकर्षणको पहिचान गरेर प्रसार प्रचार गर्न आवश्यक रहेको छ । यसको महत्त्वलाई बुझेर दीर्घकालीन योजना तथा कार्यक्रमको आवश्यकता रहेको छ । साथै यस स्थानको प्रचार प्रसारको पनि आवश्यकता छ जुन पर्यटनको लागि अत्यन्तै महत्त्वपूर्ण रहेको हुन्छ । पर्यटन भनेको हल्ला र हल्ला चलाउने अभियान पनि हो । हल्ला विनाको पर्यटन सम्भव नै हुनसक्दैन त्यसैले यस स्थानलाई आधार मानेर उक्त स्थानमा वार्षिक महोत्सवको अवश्कता रहेको छ । जसमा पर्यटनसंग आवद्ध संघसंस्था, व्यावसायी, सरोकारवाला निकाय, सबैलाई यो स्थानको अवलोकन गराउन आवश्यक छ र गराइनुपर्छ । सम्भव भएसम्म उक्त महोत्सवमा स्थानीय खानाका परिकार, कलासंस्कृति, हस्तकला, जडिबुटिको प्रदर्शन पनि गरिँदा अझ प्रभावकारी हुनेछ ।

## ४.३ दीर्घकालीन योजनाका रूपमा गर्नुपर्ने महत्त्वपूर्ण कार्यहरू

यस क्षेत्रलाई दीर्घकालीन विकास गर्नका लागि पर्यटन विकल्प देखिँदैन । यसका लागि केही सुधारात्मक कार्यहरू गर्न अवश्यक रहेको छ । जसले यस क्षेत्रलाई विकास गर्न लामो समयसम्म सहयोग पुग्दछ । यसका केही पूर्वाधारहरू रहेका छन ।

**(क) सुविधाजनक पदमार्गको व्यवस्था**

हाल पालिका तथा वरिपरिका विभिन्न स्थानहरूमा सडक मार्गबाट पुग्न सकिन्छ । ती सडकहरू पनि व्यवस्थित हुने क्रममा रहेका छन् । पर्यटककहरूले नयाँ अनुभुतिको अपेक्षा गरेका हुन्छन् । सडक, गाडी त सवैले उपभोग गरी रहेका हुन्छन् तर पदमार्गको नयाँ अनुभुति हुन सक्छ । यसको लागि उक्त पालिकाका विभिन्न स्थानसम्म जानका लागि वैकल्पिक बाटोको खोजी आजको अपरिहार्यता हो । पदमार्ग हाल लोप हुन लागेको छ त्यसको खोजी र व्यवस्थापन गर्न सकियो भने हजारौँ पर्यटकहरू पदमार्गको माध्यमबाट आउन सक्नेछन । यतिमात्र होइन यस स्थानमा  जान सकिने अन्य पदमार्ग पनि खोजि गर्न सकिने सम्भावना पनि रहेको छ ।

**(ख) मोटरबाटोको सुविधा**

उक्त स्थानसम्म जानको लागि एउटै मोटरबाटो बनाउनु उपयुक्त देखिन्छ । हाल एक मात्र सडक मार्ग (कच्ची) भए तापनि सो स्थानसम्म जान  सुविधाजनक मोटरबाटोको आवश्यकता रहेको छ । हाल भएको बाटोमा वर्षायाममा गाडी जान केही असहज नै देखिन्छ । यसलाई व्यवस्थित गरी  सहजै गाडीको आवतजावत गरिनु पर्छ ।  पर्यटन प्रवर्द्धनको लागि यो नै पहिलो र भरपर्दो आधार हो ।

**(ग) सम्पदाको अभिलेखीकरण**

यस पालिकाभित्र रहेका सम्पदाहरूको सुक्ष्म अध्ययन गरी अभिलेखीकरण गर्नुपर्ने देखिन्छ । यहाँ रहेका मन्दिर, गुफा, ढुंगेधारा, वनजंगल, पहरा, भिर, चराचुरुंगी, जडिबुटी, हस्तकला, खानपान, भेषभुषा, लगायत सवैको अभिलेखीकरण सहित संरक्षण गर्नुपर्ने आवश्यकता छ ।

**(घ) संग्राहलयको निर्माण**

स्थानीय पहिचानमा आधारित संग्राहलयको स्थापना गर्नु आवश्यक देखिन्छ । जसको अवलोकन गर्न आउने पर्यटकहरूको संख्या र उक्त स्थानमा उनीहरूको वसाई समेत यसको माध्यमबाट लम्ब्याउन सकिन्छ ।

**(ङ) योगा हल**

यस क्षेत्रको हावापानी मानव समुदायको लागि लाभदायक छ । यहाँ आधुनकि प्रकारको योगा हलको निर्माण गर्न सकियो भने देशी तथा विदेशी पर्यटकहरू समेत आएर लामो समयसम्म रहन सक्ने अवस्था देखिन्छ । यसमा स्थानीय सरकार वा सरोकारवाला निकायले गर्न सक्ने छ । यसलाई व्यवसायिक रूपमा पनि विकास गर्न सकिन्छ ।

**(च) जिवित संग्रहालय**

उपयुक्त बस्ती छनौट गरी परम्परागत संस्कार संस्कृतिलाई संरक्षण प्रबर्द्धन गर्दै एक जीवति संग्राहलयको स्थापन गर्न आवश्यक देखिन्छ । यसले उक्त स्थानको प्राचिन अवस्थालाई झल्काउने र एक अध्ययन केन्द्रको रूपमा समेत विकास गर्न सकिने अवस्था रहेको छ ।

**(छ) धारा, चौतारा संरक्षण गर्ने**

यहाँ रहेका केही धारा, पधेरा, कुवा पनि ऐतिहासिक रहेका छन जसको संरक्षण गरी पर्यटनमैत्रि बनाउन सकियो भने पर्यटकहरूको अझ आकर्षण बढ्ने देखिन्छ । यस्ता वस्तुहरूको ऐतिहासिक महत्त्व रहेको हुन्छ । पर्यटकहरूले नयाँ सँगसँगै यस्ता पहिचान र महत्त्वका वस्तुहरूको अवलोकन तथा कथा सुन्न पनि रमाउने हुँदा यसको बचावट गर्नुपर्ने हुन्छ ।

**(ज) प्रकाशन र सहज उपलब्धता**

यस क्षेत्रमा कुनै पनि उपयुक्त पुस्तकालय, इ-पुस्तकालय देखिँदैन यसको लागि आवश्यक स्थानको पहिचान गरी उक्त विषयको सम्बोधन गर्न आवश्यक देखिन्छ । जहाँ मानिसहरूले अध्ययन गर्ने, साहित्य सृजना गर्ने अवसरको सृजना हुन सक्छ । यसबाट अध्ययन गर्ने बानीको विकास हुनुका साथै साहित्य सृजनामा पनि मद्धत पुग्दछ ।

**(झ) पाठ्यक्रम र पाठ्यपुस्तकको तर्जुमा**

स्थानीय सरकारले पाठ्क्रम तयार गर्दा वा पाठ्यपुस्तक छपाई गर्दा पर्यटकीय वस्तुमा ध्यान दिनुपर्ने देखिन्छ । यस स्थानमा भएका भौतिक तथा अभौतिक पर्यटकीय वस्तुहरूको बारेमा स्थानीय विद्यालयमा अध्ययन हुनुपर्छ । यसबाट स्थानीय बालबालिकाले पनि आफ्ना वरिपरि रहेका वस्तुको बारेमा जानकारी तथा महत्त्व सहजै बुझ्न सक्दछन ।

**(ञ) पैदलमार्गको निर्माण**

पालिकाभित्रका विभिन्न पर्यटकीय स्थानसम्म जानको लागि पैदलमार्गको पहिचान गरी निर्माण गरीनुपर्दछ । सडकमार्ग र पदमार्गलाई एकै स्थानमा जोड्नु हुँदैन । पदमार्गको संरक्षणले भविष्यमा ठूलो महत्त्व राख्ने पर्यटकिय गतिविधि बढ्ने देखिन्छ । पदमार्गको महत्त्वदिन प्रतिदिन बढ्दै जानेछ । यसको लागि स्थानीय सरकारले नीतिगत निर्णय समेतर गरेर पदमार्गको संरक्षण गर्नुपर्ने हुन्छ ।

### (ट) स्वास्थ्य तथा शान्ती सुरक्षा

पर्यटन प्रवर्द्धन गर्नका लागि सबैभन्दा महत्त्वपूर्ण विषय वस्तु भनेको स्वास्थ्य तथा शान्ती सुरक्षा हो । पर्यटनमैत्री स्वास्थ सेवा तथा शान्ती सुरक्षा हुन आवश्यक हुन्छ । विरामी हुँदा औषधी तथा चिकित्सकको सेवा लिन सक्नुपर्छ । त्यसैगरी  पर्यटक आउँदा वा जाँदा भौतिक तथा मानसिक स्वास्थ्य अवस्थाको सृजना गरिनुपर्छ । यस अन्तर्गत खानपान, बसाई, हिडाई तथा अन्य सवै सेवामा सुरक्षित हुनुपर्छ ।

### (ठ) पर्यटकीय होटलको विकास गर्ने

समय सापेक्ष होटेल, रिसोर्ट तथा गेष्ट हाउस लगायतको विकास गरिनुपर्छ । सचेत नागरिकहरूले आउँदा यस्ता विषयको धेरै ख्याल गर्दछन् । पर्यटन क्षेत्रमा आवासलाई अत्यन्तै सहज बनाउनुपर्छ । यसका लागि निजि क्षेत्रको अकर्षणलाई बढाउनुपर्ने हुन्छ ।

### (ड) प्रचार प्रसार

पालिका लगायत वरिपरि भएका पर्यटकीय वस्तु तथा संरचनाहरूको प्रचार प्रसार गर्न जरुरी हुन्छ । जसमा आधुनिक प्रविधि तथा समाजिक सञ्जाल लगायतको प्रयोग गरी व्यापक रूपमा पर्यटकहरूको आगमन बढाउन सकिन्छ ।

## ४.४ पर्यटन विकासका लागि तत्काल गर्नुपर्ने कामहरू

(क) सडकमार्ग र पदमार्ग दुबैलाई व्यवस्थित बनाउनुपर्छ ।

(ख) सम्भव भएमा मानव निर्मित पोखरी बनाउन आवश्यक छ ।

(ग) सरसफाई र पर्यटनमैत्री वातावरण आवश्यक छ ।

(घ) जनचेतनामूलक कार्यक्रम आवश्यक छ ।

(ङ) आय आर्जन तथा रोजगारीको अवसरहरू सृजना गर्नुपर्छ ।

(च) सेवामूलक तथा व्यवसयहरूलाई प्रोत्साहित कार्यक्रम तय गरिनुपर्छ ।

**(क) खेलकुद हवको निर्माण**

यस क्षेत्र खेलकुदका निम्ति पनि उपयुक्त ठाउँ हो र खेलकुद पनि पर्यटन विकास तथा प्रवर्द्धनको एउटा मुख्य आधार हो । यस क्षेत्र आसपासका वडा तथा पालिकासँग समन्वय गरी पर्यटकीय आकर्षण गर्न विभिन्न खेलको आयोजना गर्न सकिन्छ । यसका लागि साहसिक खेलको समेत योजना गरी  सञ्चालन गर्न सकिन्छ । जस्तै दौड, भलिबल, फुटबल, आदि ।

**(ख) दूग्धजन्य उत्पादनको विकास तथा व्यवस्थापन**

यो क्षेत्र हरिलो भरिलो ठाउँ हो । यहाँ आसपासका मानिसहरूले प्रशस्तै गाई भैँसी पाल्ने र चराउने गर्छन् । यहाँ पाइने घाँस औषधीय गुणयुक्त घाँस खाएका गाई भैँसीले प्रशस्तै दूध दिने गर्छन् तर त्यो दुधको परम्परागत प्रयोग बाहेक व्यावसायिक उपयोगबाट किसानहरू लाभान्वित हुन सकिरहेका छैनन् । त्यसैले यहाँ दूध सङ्कलन गर्ने, चिज लगायतका दूग्धजन्य पदार्थका व्यवस्थित उत्पादन गर्ने र काठमाडौं लगायत देशका मुख्यमुख्य शहरहरूमा तिनीहरूको व्यवस्थित विक्रीकक्ष राख्ने गर्नु पर्दछ । यसबाट यहाँका कृषकहरूको जीवनस्तर छिटो माथि उठ्ने छ ।

**४.५ अल्पकालीन योजनाका रूपमा गर्नुपर्ने केही महत्त्वपूर्ण कार्यहरू**

१. पर्यटकहरूलाई अवाश्यक पर्ने आवासको उपयुक्त व्यवस्था गर्ने ।

२. यस स्थानमा जानकालागि प्रवेश द्धारहरूको निर्माण गर्ने, स्वागत गेट तयार गर्ने ।

३. स्थानीयलाई होमस्टे सञ्चालन र पर्यटक पथप्रर्दशकको तालिम दिने ।

४. वडाभित्रका विभिन्न बस्तिमा पर्यटकिय संस्कृतिको तयारी गर्ने ।

५. यहाँ सञ्चालित होटल तथा गेष्ट हाउसको  स्तरोन्नति गर्ने ।

६. होटल तथा गेष्ट हाउसमा आधारभूत आवश्यकता परिपूर्ति हुने गरी भवनहरूको मर्मत सम्भार, विस्तार र सुविधा थपको व्यवस्था गर्ने ।

७. यहाँ सञ्चालित गेष्ट हाउस र होटलको सरसफाइमा विशेष ध्यान दिने । त्यहाँ कार्यरत कर्मचारीहरूलाई सम्वन्धित विषयको आधारभूत तालिमको व्यवस्था गर्ने ।

८. पर्यटकहरू घुम्ने र हराउन सक्ने सम्भाव्य ठाउँहरूमा दिशा निर्देशका लागि सूचना बोर्डहरूको व्यवस्था गर्ने ।

९. पदमार्गबाट घुम्न जाने पर्यटकले अनिवार्य रूपमा पथप्रदर्शक लिएर जानुपर्ने व्यवस्था मिलाउने ।

१०. घुम्न जाने पर्यटकले चाहेको खण्डमा केही समयभित्र बोलाउन सक्ने गरी नजिकका गाउँहरूमा वैकल्पिक पथप्रदर्शकहरूलाई तयारी अवस्थामा राख्ने ।

११. विभिन्न पत्रपत्रिका र विद्युतीय सञ्चारमाध्यममा यस क्षेत्रको पर्यटनका बारेमा जानकारीमूलक सामग्रीहरूको प्रचारप्रसार गर्ने ।

१२. काठमाडौंमा रहेका पर्यटन व्यवसायी तथा होटलहरूसँग समन्वय र सहकर्य गर्ने तथा प्याकेज बनाउने ।

१३. उक्त स्थानमा पर्यटक लक्षित स्थानीय उत्पादनको बिक्री कक्ष खोलेर त्यस्ता उत्पादनहरू नै खरिद गर्ने व्यवस्था मिलाउने ।

१४. पर्यटकका कारण उत्पन्न फोहरको यथोचित ब्यवस्थापन गर्ने ।

१५. यहाँ भू-क्षय (भूस्खलन) धेरै भएकोले ती रोक्ने व्यवस्था गर्ने ।

१६. मरेका गाईवस्तुका हड्डीका कारण फोहर भएकाले ती जम्मा गरी खाडलमा पुर्ने व्यवस्था मिलाउने ।

१७. विगतमा विभिन्न प्रयोजनका लागि बनाउन सुरु गरीएका तर निर्माणाधीन अवस्थामा रहेका घर टहरा आदिको निर्माण कार्य सम्पन्न गरी प्रयोगमा ल्याउने ।

१८. स्थानीयको अपनत्व रहने गरी  दिगो कार्ययोजना बनाउने ।

१९. यस क्षेत्रको पर्यटनलाई आकर्षण गर्ने राम्रो बृत्तचित्र बनाएर प्रदर्शन गर्ने ।

२०. ड्रोनको सहायताले यस क्षेत्रको सम्पूर्ण सूचना सङ्कलन गरी त्यसको यथोचित व्यवस्थापन र उपयोग गर्ने ।

२१. सबैलाई मान्य हुने महावाणीहरू उल्लेखित बोर्ड तयार गरी विभिन्न ठाउँमा राख्ने ।

२२. स्थानीय सग्राहलयमा राख्ने स्थानीय, डालो, डोको, ढिकी, ओखल, राडी, पाखी जस्ता वस्तुको अभिलेख तयार गर्ने ।

२३. वरिपरिका क्षेत्रहरूमा होमस्टे सञ्चालनको जागरण ल्याउने । होमस्टे सञ्चालनको लागि समूह तयार गरेर तालिमको व्यवस्था गर्ने र प्रारम्भिक चरणमा होमस्टे सञ्चालनका लागि बीऊ पुँजी (Seed money) को व्यवस्था गरी दिने ।

२४. पर्यटन विकासका लागि उक्त क्षेत्रमा पर्यटन विकास समितिको निर्माण गर्ने ।

२५. यस क्षेत्रको प्रचारप्रसारका लागि भजन, लोकदोहरी गीतका अडियो, भिडियोहरूको उत्पादन गरी प्रचारप्रसार गर्ने ।

२६. यस क्षेत्रमा बसोवास गर्ने स्थानीय बासीहरूको आयआर्जनको अवसरहरूको पहिचान गरी रोजगारी बढाउने ।

### ४.६ केही महत्त्वपूर्ण उपलब्धीहरू

**(क) नीतिगत अर्थात् अन्य उपलब्धीहरूः**

.१. केही वर्ष यता यस क्षेत्रको नाम थोरै मात्र भए पनि चर्चामा आउन थालेको छ ।

२. पर्यटनको विकासलाई नै आधार मानेर विभिन्न अध्ययन तथा प्रतिवेदनहरू सार्वजनिक भएका छन् ।

३. यस क्षेत्रको पर्यटन विकासको कुरा तीनै तहका सरकारका योजनाभित्र पर्ने गरेका छन् ।

४. सरकारी, कबुलियत, निजि बन संचालक समितिहरूले पर्यटन प्रबर्द्धन गर्नुपर्ने कुरालाई स्वीकारेका छन् ।

५. यस क्षेत्रको पर्यटन विकासलाई यस क्षेत्रको मात्र होइन, मुलुककै एकिकृत पर्यटन विकाससँग जोड्नुपर्छ भन्ने कुरामा समेत छलफल हुँदै आएको छ ।

६. स्थानीय व्यवसायीबिच पर्यटन व्यवसाय पनि अरु व्यवसाय जत्तिकै महत्त्वपूर्ण विषय हो भन्ने आधारभूत मान्यता र समझदारी स्थापित हुँदै गएको छ ।

७. यस क्षेत्रलाई महत्त्व दिएर केही सञ्चारकर्मी र अनुसन्धानकर्ताले त्यस क्षेत्रको भ्रमण गरेका छन् र सामग्रीहरू सार्वजनिक गरेका छन् ।

८. स्थानीयहरूमा आफ्नो उत्पादनको महत्त्वको बारेमा प्रारम्भिक चेतनाको विकास हुनुका साथै त्यसले यथोचित मूल्य पाउनुपर्छ भन्ने सचेतना पनि बढेको छ ।

९.आसपासका जिल्लाहरूले पनि यहाँको पर्यटकीय कार्यक्रममा सहभागी हुन चाहेका छन् ।

१०. स्थानीय सरकारले यस क्षेत्रको पर्यटन विकास गर्नलाई अग्रस्थानमा राखेर सोहिअनुसारको दृष्टिकोण सार्वजनिक गर्दै आएको छ ।

**(ख) भौतिक अर्थात निर्माणसंग सम्बन्धित उपलब्धीहरू**

१. वडाका अधिकांश बस्तीमा कच्ची सडक पुगेको छ ।

२. केही स्थानमा सार्वजनिक कार्यक्रम हल बनेका छन् ।

३. शहिद स्मृति रंगशाला धामाचौर, परिवर्तन पार्क, शहिद स्मृति पार्क सानै तहमा भए पनि केही पूर्वाधारका कामहरू भएका छन् ।

४. विभिन्न स्थानमा मोटर बाटो पुगेको छ ।

५. यहाँ घुम्न हेर्नका लागि केही पार्क बनाइएको छ ।

६. अन्य विकासका पुर्वाधार अगाडि बढेको छ ।

७. पालिकाले आवश्यकताको आधारमा विभिन्न प्रकारका ऐन, कानुन, कार्यविधि तयार गरेको पाइन्छ ।

## ४.७ पर्यटकीय स्थलहरूको अन्तरसम्बन्ध

पर्यटन यस्तो विषय हो जसलाई विभिन्न कोणबाट हेर्न, बुझ्न र ग्रहण गर्न सकिन्छ । कुनै पनि एक स्थानबाट अर्को स्थान जोड्नको लागि एक्लै पर्यटकीय क्षेत्रको रूपमा राख्न सकिदैन । यससँग अन्तरसम्वन्धित हुने वा जोडिने ठाउँहरूको यात्रा पनि अर्थपूर्ण रहने देखिन्छ । उद्देश्यपरक

ढङ्गबाट यात्रा गरिने ठाउँहरूलाई एकअर्कासँग अन्तरसम्बन्धित गराएर जोडन सकिन्छ । ती भौगोलिक निकटताका आधारमा वा पर्यटनको उद्देश्य मिल्ने आधारमा, पर्यटकिय गतिविधिका आधारमा वा अन्य जोडिन सक्छन् । जस्तैः थवाङ, जलजला, महत, तक्सेरा जाने पर्यटकहरूको लागि परिवर्तन गाउँपालिकालाई ट्रान्जिट प्वाइन्टको रूपमा विकास गर्न सकिन्छ । यसरी हेर्दा विभिन्न गतिविधिहरूको अन्तरसम्बन्ध स्थापित गर्दै पर्यटनमैत्री अवस्थाको सृजना गरी पालिकाको समग्र विकासमा पर्यटनको भूमिका रहन सक्छ ।

१) यस क्षेत्रमा ७ दिनसम्मको पदमार्गको तय गर्न सकिन्छ । यसमा प्रकृति र संस्कृतिमा इच्छुक पर्यटकहरू लक्षित हुन्छन् ।

२) छिमेकी पालिकाबाट २ देखि ५ दिन सम्मको पदमार्गको पहिचान गर्न सकिन्छ ।

३) अन्य छोटो दुरीको पदमार्ग तयार गर्न सकिन्छ ।

४) यसको लागि परम्परागत लोपोन्मुख भएका पदमार्गको खोज गरिनुपर्छ । पुराना पाइला नयाँ बाटोको अभियानले पनि पर्यटनको विशेष आयाम थप गर्न सक्छ ।

५) पर्यटनको माध्यमबाट विभिन्न विश्वविद्यालय, कलेज, सहकारी, बैंक, विद्यालय लगायतको लागि पर्यटन प्याकेज तयार गर्न सकिन्छ ।

### ४.८ सबल, कमजोर, अवसर, र चुनौतीका पक्षहरू (SWOT)

स्थलगत अध्ययन तथा छलफलका क्रममा यहाँको वस्तुस्थितिको बारेमा अझ बढी जानकारी तथा सुचनाहरू प्राप्त भएका छन । जसमा केही महत्त्वपूर्ण पक्ष भनौ वा केही जटिल चुनौति पनि रहेका छन् जसलाई बुँदागत रूपमा नै उल्लेख गरिएको छ ।

### ४.९. अध्ययन स्थलका मुख्य सम्भावनाहरू

**१. कृषि :**

कृषिजन्य वस्तुहरूमा हालसम्म देखापरेका परनिर्भरता हटाई उत्पादनमूलक कृषि प्रणालीको विषयलाई स्थानीय तहबाटै विश्लेषण गर्नु पर्ने आवश्यकता छ । यस गाउँपालिकामा कृषिजन्य वस्तुहरू, विभिन्न जडिबुटीहरू, फलाम तथा स्लेट खानीको चरम सम्भावना हुँदा हुँदै पनि सिंचाई, आधुनिक कृषि प्रणालीको ज्ञान, दक्ष जनशक्ति, श्रोत तथा साधनको कमिले गर्दा उल्लेख्य रूपमा

प्रगति भएको देखिदैन । कृषी मार्फत क्षेत्र तथा देशलाई योगदान पुर्‍याउनको लागि कमसेकम निम्नलिखित बुँदाहरूको विस्तृत अध्ययन गर्नु पर्ने देखिन्छ ।

(क) सम्भावित क्षेत्रहरूको पहिचान गरी नगदे तथा तरकारी बालीको पकेट क्षेत्रहरूको घोषणा गर्ने ।

(ख) जडिबुटी पकेट क्षेत्रको रूपमा विकास गर्ने ।

(ग) आधुनिक प्रविधियुक्त कृषि कार्यक्रमलाई प्रोत्साहन गर्ने । पशुपंक्षी पालन र कृषीमा लगानी बढाउँदै अण्डा, मासु, तरकारी र खाद्यान्नमा आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गर्ने ।

(घ) कीटनाशक औषधीको प्रयोगलाई क्रमश निरुत्साहित गर्दै लैजाने ।

(ङ) एक घर एक रुखको विरुवा नीति अवलम्वन गर्ने ।

(च) वृक्षारोपण र सामुदायिक वनको संरक्षण र उचित उपयोग गर्दै जाने ।

(छ) कुखुरा तथा बंगुर फार्मको लागि उपयुक्त स्थानको लागि अनुमति प्रदान गर्ने ।

(ज) कृषिजन्य उत्पादन भण्डारणको लागि आधुनिक कोल्डस्टोर निर्माण गर्ने ।

(झ) मासुजन्य उत्पादन भण्डारणको लागि आधुनिक कोल्डस्टोर निर्माण गरी बजारीकरणमा स्थानीय तहबाट पहल गर्ने ।

(ञ) विभिन्न स्थानहरूमा खानी (फलाम, स्लेट आदी) को अध्ययन गर्ने ।

(ट) बिसादिरहित उत्पादनमा जोड दिने ।

(ठ) स्थानीय रैथाने खाद्य वस्तुको संरक्षण तथा प्रवर्द्धन गर्ने ।

(ड) परम्परागत बिउको संरक्षण तथा उत्पादनमा जोड दिने ।

(ढ) पर्यटकलाई स्थानीय उत्पादन खुवाउन प्रोत्साहित गर्ने ।

(ण) स्थानीय खानपानको पहिचान, सुरक्षा तथा सरसफाईमा ध्यान दिने ।

**२. पर्यटन** :

पर्यटनका बहुआयामिक क्षेत्रहरू रहेका हुन्छन । यसको विकास तथा प्रवर्द्धनमा प्रचार प्रसारको ठूलो भूमिका रहेको हुन्छ । यस गाउँपालिकामा पर्यटनको प्रचुर सम्भावना भएको विभिन्न पर्यटकीय स्थलहरूको पहिचान तथा संरक्षण र विकास गर्नु पर्ने आवश्यकता देखिन्छ । यसबाहेक निम्न बुँदाहरूमा अध्ययन गर्न सकिन्छ ।

(क) होमस्टे, प्राचिन संस्कृतिको अध्ययन, संग्रहालय, पिकनिक स्पोटको निर्माण गर्ने ।

(ख) उपयुक्त स्थानहरूमा पार्कहरूको निर्माण गर्ने ।

(ग) उपयुक्त पर्यटकीय स्थानको पहिचान गरी भ्यू प्वाइन्ट निर्माण गर्ने ।

(घ) शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२ को पूर्ण पालनमा जोड दिने ।

(ङ) पर्या पर्यटन, ग्रामीण पर्यटन, साहसिक पर्यटन, खेल पर्यटन, प्रकृतिक पर्यटन, संस्कृति पर्यटन, पदमार्ग पर्यटन, धार्मिक-आध्यात्मिक पर्यटन र अध्ययन अनुसन्धानको उद्देश्यमा आधारित सबै किसिमका पर्यटनका लागि प्रशस्तै सम्भावनाहरू रहेका देखिन्छ ।

(च) नजिकका छिमेकी मुलुकबाट समेत पर्यटकहरू आउन सक्ने प्रवल सम्भावना रहेको ।

(छ) मगर समुदायमा आधारित जीवित संग्राहलयको स्थापन गर्न सकिने ।

(ज) परिवर्तन गाउँपालिका वडा नं. १ मा फूलबारी पर्यटन क्षेत्र, धवलागिरी तथा अन्नपुर्ण हिमाल देखिने दृश्य, भूमे नाच, वराह क्षेत्रको दह वर्षमा एकपटक लाग्ने जनाई पूर्णिमा मेला, अल्लो उद्योग आदिको सुक्ष्म अध्ययन गरी पर्यटन विकाससँग जोड्न सकिने अवस्था रहेको छ ।

(झ) वडा नं. २ मा रहेको हेलो टावर, शिव पार्वती मन्दिर, युद्ध पर्यटन केन्द्र डाँडा वाछिर धुरीदह लगायतका क्षेत्रलाई पर्यटन आकर्षणको स्थानको रूपमा विकास गर्न सकिन्छ ।

(ञ) वडा नं. ३. मा रहेको फलाम खानी, भगवती नवदुर्गा मेला, पञ्चेवाजा, अल्लो उद्योग, परिवर्तन पार्क जस्ता पर्यटकीय गतिविधिको विकास गरी अत्यधिक पर्यटकहलाई भ्रमण गराउन सकिन्छ ।

(ट) वडा न.४ मा रहेको तेह्रकुने दह-मन्दिर, पिक्नीक स्प्रोट, शिवगुफा-खोला गाउँ आदिको पनि पर्यटन दृष्टिकोणले महत्त्वपूर्ण रहेका छ ।

(ठ) वडा नं. ५ मा पञ्चेबाजा, छड्के धुरी धार्मिक पर्टि, गलसुका-पूजा, मौलाबोट-कोट, गोरीचौर शहीद स्तम्भ, प्रचण्डले सेल्टर लिएको घर/ठाउँ (संरक्षण), रईज रुख, जलजला जाने रुट, फलामखानि, युद्ध पर्यटन वाइक माउन्टेन ट्रेकिङ आफैमा ऐतिहासिक र महत्त्वपुर्ण रहेका छन् ।

(ड) वडा नं. ६ मा रहेको ढुङ्गा खानी, लिच्छवी छहारा लगायतको सरंक्षरण तथा प्रसार प्रचारबाट पनि धेरै पर्यटकहरूलाई भ्रमण गराउन सकिन्छ ।

**३. उद्योग :**

देशको सम्बृद्धि र विकास निर्माणको मेरुदण्डको रूपमा कृषि सँगसँगै उद्योग पनि पर्दछ । यस गाउँपालिकामा प्रारम्भिक रूपमा ठूला उद्योग सञ्चालन गर्नको लागि उचित वातावरण तयार गर्न तत्काल सम्भव नभए पनि निम्न बुँदाहरूमा उचित नीति नियमका साथ तत्काल जनस्तरमा अनुभव गर्न सकिने कार्य गर्न सकिन्छ ।

(क) घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धनमा जोड दिने ।

(ख) निश्चित क्षेत्रलाई ओद्योगिक क्षेत्रका रूपमा विकास गर्न सकिने ।

(ग) स्थानीय कच्चा पदार्थमा आधारित जडिबुटि प्रशोधन उद्योग, नेपाल कागज उद्योग, अल्लो धागो उद्योग तथा अन्य साना उद्योग स्थापना गर्नको लागि विभिन्न कार्यक्रमहरूको आयोजना गर्ने ।

**४. शिक्षा :**

एक घर एक रोजगारीको दीर्घकालीन नीति अनुरूप दक्ष जनशक्ति उत्पादन गर्न गाउँपालिकाका सम्पूर्ण अभिभावकहरूलाई विशेष कार्यक्रम योजना बनाई बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्नुका साथै प्राविधिक शिक्षाको स्थापनाको लागि ठोस पहल गर्नुपर्ने आवश्यकता देखिन्छ । यसका साथै गाउँपालिकाका प्रत्येक वार्डहरूमा कम्तीमा एउटा ई पुस्तकालयको व्यवस्था गर्नुपर्ने पनि देखिन्छ ।

**५. खेलकुदः**

(क) एक वडा एक खेल मैदानको नीति अबलम्वन गर्नुपर्ने आवश्यकता ।

(ख) विभिन्न खेलकुदका कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्ने ।

(ग) विभिन्न स्थानहरूमा सि.सि.टि.भि. क्यामेरा जडान गर्न पहल गर्ने ।

**६. अन्य :**

यस बाहेक गाउँपालिकामा तत्काल केही कार्यक्रम तथा कार्ययोजना सम्बन्धी विश्लेषण गर्नुपर्ने आवश्यकता छ जुन यसप्रकार छन् :

(क) सडक, खानेपानी, सिंचाइ र फोहोर व्यवस्थापन लगायत क्षेत्रको सम्भाव्यता अध्ययन गरी योजना बैंक निर्माण गरेर योजना कार्यान्वयन गर्ने ।

(ख) एक घर एक खानेपानीको धारा नीतीलाई लागु गर्ने ।

(ग) सबै वार्डहरूमा सौर्य सडक बत्ती जडान गर्ने ।

(घ) अपाङ्गहरूका लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ङ) सार्वजनिक जग्गाको समुचित संरक्षणको व्यवस्था गर्ने ।

(च) महिला लक्षित कार्यक्रमतर्फ गर्भवति तथा सुत्केरी सेवा कार्यक्रमलाई सञ्चालन गर्ने ।

(छ) भर्खरै खोलिएका सडकहरूको स्तरोन्नती गर्ने ।

(ज) जडिवुटी केन्द्रको रूपमा विकसित गराई आयुर्वेद विद्यालयको स्थापनामा जोड दिने ।

(झ) कम्तीमा हालको लागि एउटा एम्बुलेन्स सेवा सञ्चालन गर्ने ।

(ञ) वातावरण संरक्षणको लागि प्रत्येक वडामा कम्तीमा १ उद्यानपार्क निर्माण गर्ने ।

(च) प्राविधिक शिक्षालयको स्थापना गर्न आवश्यक पहल गर्ने ।

**(क) अवसर अथवा सबल पक्षहरू**

१. प्रकृति र यसका विविध पक्षमाथि अध्ययन गर्नेहरूका लागि यो स्थान एउटा ठूलो पाठशाला हो । यहाँका लोभलाग्दा ठूलाठूला जंगल, घाँसे मैदान, नजिकै विविध प्रजातिका बोटविरुवा र गुराँस लगायतका विभिन प्रजातीका चराचुरुङ्गी र अनेकन प्रकारका जंगली जनावर, तालतलैया, खोलाखोल्सा, चट्टान पहाड, कृषि भूमि, पर्यापर्यटन, जडीबुटि, आदि अध्ययन अनुसन्धान गर्नेहरूका निम्ति ठूलो अवसर र चुनौती दुबै हो । यति धेरै पशुप्राणी र वनस्पतिका निम्ति एकै ठाउँको हावापानी र जग्गाजमिन कसरी अनुकूल हुनसक्छ ? यो एउटा ठूलो अध्ययन अनुसन्धान गर्ने विद्यार्थीहरूको लागि एक महत्त्वपूर्ण विषय हुनसक्छ ।

२. यो क्षेत्र प्राकृतिक सुन्दरताको अनुपम नमूना त हुँदै हो । यसैमा रमाउँदै आफू अनुकूलका गतिविधि गर्ने (जस्तै ट्रेकिङ) हरूका लागि प्रचुर सम्भावनाको ठाउँ पनि हो ।

३. यहाँका  पर्यटकीय दृष्टिले चर्चित ठाउँहरूको पहिचान तथा बजारीकरण गर्ने ।

४. प्राकृतिक मात्र होइन; सामाजिक, सांस्कृतिक, धार्मिक आदि दृष्टिले पनि यस क्षेत्रका बासिन्दाले मनाउने माघि, दशैं तिहार, चैतेदशै लगायतका चाँडबाडहरूको महत्त्व र यिनका विविध पक्ष विशेषतायुक्त छन् ।

५. परिवर्तन गाउँपालिकामा योगा पर्यटनको दृष्टिकोणले हेर्ने हो भने यो स्थान सबैभन्दा बढी अनुकूल ठाउँ हो भनेर प्रमाणित गर्न सकिन्छ ।

६. एकसाथ हिमाल, पहाड र तराईको रमणीय दृश्य यहाँबाट सजिलै गर्न सकिन्छ ।

७. पर्यटकीय सम्भावनालाई आधार मानेर राष्ट्रिय पहिचान बनाउन खोज्ने हो भने केही स्थानमा केबुलकारको लागि पनि सम्भाव्यता अध्ययन गर्न सकिन्छ ।

**(ख) चुनौती तथा कमजोर पक्षहरू**

**१. सिंचाइ :**

कृषिजन्य वस्तुहरूको लागि उपयुक्त वातावरण तथा जमिन हुँदा हुँदै पनि सिंचाइको अभावले यस गाउँपालिकामा प्रभाव पारेको देख्न सकिन्छ । सिंचाइको लागि पर्याप्त बजेट तर्जुमा गरी कृषि उत्पादन तथा बजारीकरण गर्न सकेको खण्डमा मात्र कृषिमा वर्षौंदेखि रहेको परनिर्भरता न्यून हुँदै क्रमशः अन्त्य गर्न सकिन्छ ।

**२. कर्मचारी व्यवस्थापन र प्रशासनिक चुनौति :**

देश संघीय व्यवस्थामा गएसँगै केही प्रशासनिक तथा व्यवस्थापन चुनौतीहरू पनि देखा पर्दै गैरहेका छन् । तथापी स्थानीय तहलाई नीति नियम परिमार्जन गर्ने अधिकार दिईएसँगै यस खालका चुनौतीहरूको विश्लेषण गरी विज्ञको सुझाव र सल्लाह लिई आवश्यकताअनुसार केन्द्रसँग समन्वय गरी परिमार्जन गर्दै लैजानुपर्ने आवश्यकता छ ।

**३. सुचना तथा सञ्चार :**

जिल्लागत तथ्याङ्कको आधारमा यस गाउँपालिकाको सम्पूर्ण क्षेत्रमा टेलिफोन सेवा पुगेको भनिए पनि यथार्थमा त्यो देखिदैन । सम्वन्धित अधिकारीसँग यस सम्बन्धी जानकारी लिने प्रयास गर्दा केही क्षेत्रमा अत्यन्त भौगोलिक कारणले नेटवर्क पुग्न नसकेको जानकारी पाईयो । तसर्थ सुचना तथा सञ्चारबाट कोही पनि बञ्चित हुन नपर्ने गरी  निम्न बुँदाहरूमा ध्यान दिनुपर्ने जरुरी छ ।

(क) नेटवर्क नपुगेका स्थानहरूमा अबिलम्व टेलिफोन टावरको विस्तार गर्ने ।

(ख) सम्पूर्ण वडाहरूमा ईन्टरनेटको पहुँचको लागि आवश्यक तयारी गर्ने ।

(ग) स्थानीय रेडियो, अनलाईन पत्रिकाहरू मार्फत गाउँपालिकाका गतिविधिहरूको प्रशारण गर्ने ।

**४. स्रोत साधन तथा भवन :**

२१ औं शताब्दीमा आईपुग्दा पनि प्रशासनिक कार्यहरू परम्परागत तवरले सम्पन्न गर्नुपर्ने बाध्यता त छँदैछ त्यसमाथि पनि भवनहरू तथा स्रोत साधनको अपर्याप्तताले गर्दा सम्पूर्ण कार्यहरू प्रभावित हुन पुगेको देखिन्छ । उचित कार्ययोजना बनाई दक्ष जनशक्ति तथा विज्ञको सुझाव लिंदै प्रशासनिक कार्यहरू सहज रूपमा सञ्चालन गर्नको लागि उचित वातावरण वनाउनुपर्ने आवश्यकता देखिन्छ ।

**५. राजनीतिक प्रभाव :**

विभिन्न कानुनी जटिलताका साथसाथै राजनैतिक प्रभावका कारणले गर्दा यस क्षेत्रमा मात्रै होइन धेरैजसो स्थानीय तहमा सहजै काम गर्न कठिन देखिन्छन । नीति नियमको धज्जि उडाउँदै

राजनैतिक संरक्षणका आधारमा, सम्पन्न गर्नुपर्ने कामहरूमा सुस्तता, एकाधिकार, अवरोध सृजना गरेको उदाहरूण कैँयन ठाउँमा पाउन सकिन्छ । तसर्थ विकास र सम्बृद्धिको लागि उचित नीति नियम र कार्य योजना बनाई दोषीलाई राजनैतिक संरक्षणको आधारमा उन्मुक्ति दिने प्रचलन बन्द गर्दै लैजानुपर्ने आवश्यकता तड्कारो रूपमा देखिन्छ ।

**समस्याहरूको केही महत्त्वपूर्ण बुँदाहरू**

१. भौगोलिक विकटता सबैभन्दा ठूलो चुनौती ।

२. उपयुक्त यातायातको पहुँचबाट टाढा हुनु ।

३. प्रयाप्त भौतिक पूर्वाधारको विकास नहुनु ।

४. पर्यटकको आवागमन कम हुने र वैकल्पिक पर्यटकीय गतिविधि नहुने हुँदा पर्यटन पेशामा लागेकाहरू जनजिविका वा आर्थिक विकासको मामलामा विश्वस्त नहुनु ।

५. बनको संरक्षण भए तापनि त्यसको उपभोग सम्बन्धी प्रावधानहरू पालना गर्नुपर्दा पर्यटकीय स्वतन्त्रता र स्वच्छन्दतामा अंकुश लाग्नु । वन पैदावरको प्रयोग समय अनुकूल हुन नसक्नु ।

६. पर्यटकीय मापदण्ड अनुरूपका खाने बस्ने सुविधा हुनुपर्नेमा त्यो हुन नसक्नु ।

७. पर्यटन प्रवर्द्धनको विकासका सन्दर्भमा छलफल तथा अन्तरक्रिया नहुनु ।

८. यस क्षेत्रमा अझै पनि घरेलु पर्यटकलाई पर्यटकको रूपमा लिने मान्यता स्थापित हुन नसक्नु ।

९. पर्यटनप्रतिको पूर्ण सकारात्मक धारणाको अभाव ।

१०. आफ्नै तर्फबाट पर्यटन विकास तथा प्रबर्द्धनका कार्यक्रमहरू गर्ने र तिनीहरूको स्वामित्व ग्रहण गर्ने भन्दा पनि केन्द्रको मुख ताक्ने प्रवृति रहनु ।

११. महत्त्वपूर्ण र सम्भाव्य क्षेत्रमा पर्यटकको आवागमन अपेक्षित मात्रामा किन हुन सकेन भन्ने बारेमा प्र्याप्त अध्ययन अनुसन्धान हुन नसक्नु ।

१२. एकपटक आएका पर्यटकसँग तिनीहरूका अनुभवलाई लिएर कमीकमजोरी सच्याउँदै अघि बढ्ने प्रणालीको सुरुवात हुन नसक्नु ।

१३. यस क्षेत्रमा आउने पर्यटक यहाँ रहँदा सुरक्षाका दृष्टिले ढुक्क हुन नसक्नु ।

१४. प्रर्याप्त मात्रामा सूचना सञ्जाल बन्न नसक्नु र पर्यटकका लागि पथप्रदर्शक र दोभाषेको व्यवस्था हुन नसक्नु ।

१५. ध्यान, योग र दृश्यावलोकनका लागि आवश्यक पूर्वाधार विकासद्वारा अनुकूलताको सिर्जना हुन नसक्नु ।

१६. उपभोग्य वस्तु र सेवाको मूल्यमा म ठगिएको छैन भन्ने कुरामा पर्यटकलाई आश्वस्त पार्ने संयन्त्रको विकास हुन नसक्नु ।

१७. कुनै भवितब्य परेमा तुरुन्त औषधी उपचार वा उद्धारको पहुँचमा छु भनेर पर्यटक ढुक्क हुन नसक्नु ।

## ४.१० विस्तृत रूपमा योजना तथा कार्यक्रमहरू

यस क्षेत्रको समग्र विकास गर्नका लागि योजना तथा कार्यक्रमको आवश्यकता पर्दछ जसले उक्त क्षेत्रको पर्यटन विकासमा ठूलो सहयोग पुऱ्याउँछ । यसमा सबैभन्दा धेरै चासो स्थानीय सरकारको रहन आवश्यक छ । यसका साथै संघ, प्रदेशसँग पनि सहकार्य र समन्वय गरिनु पर्दछ । हाल नेपालभित्र तथा बाहिर पनि पर्यटनका विभिन्न संघ संस्थाहरू रहेका छन् । उनीहरूको उद्देश्य भनेको पर्यटनका नयाँ सम्भाव्यता स्थानहरूको पहिचान गर्ने र लगानी गरी व्यवसायलाई नाफामूलक बनाउने हो ।

## ४.११ अल्पकालीन योजना तथा बजेट (अनुमानित)

तालिका नं. ८ अल्पकालीन योजना तथा बजेट

| क्र. सं. | कार्यक्रमको विवरण | कार्यान्वयन गर्ने निकाय | सहकार्य | अनुमानित लागत | सम्पन्न हुनसक्ने अनुमानित समय |
|---|---|---|---|---|---|
| १ | सौर्य विद्युत प्लान्ट जडान | पर्यटन समिति वा स्थानीय सरकार | प्रदेश सरकार र स्थानीय तहहरू | ३ करोड | |
| २ | दुई ठाउँमा होमस्टे | स्थानीय | स्थानीय तहहरू | २० लाख | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सञ्चालन | सरकार | | | |
| ३ | होमस्टे र होटल सम्बन्धी तालिम सञ्चालन | स्थानीय सरकार | स्थानीय तह, तारागाउँ विकास समिति, पर्यटन बोर्ड, नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | ३ लाख | |
| ४ | सार्वजानिक खानेपानीको धारा | स्थानीय सरकार | स्थानीय तह | २० लाख | |
| ५ | होटल तथा गेष्टहाउसको स्तरोन्नति/नया सञ्चालन | स्थानीय तह | निजि क्षेत्र | १० करोड | |
| ६ | सामुदायिक हल तथा मर्मतसम्भार तथा सुविधा थप | स्थानीय सरकार | स्थानीय सरकार, प्रदेश सरकार, सरोकारवाला निकाय | ३५ लाख | |
| ७ | ठाउँठाउँमा सूचनाबोर्ड राख्ने (सम्भव भएमा डिजिटल) | स्थानीय सरकार | स्थानीय सरकार, स्थानीयबासी | १० लाख | |
| ८ | संस्कृतिक स्वागत गेट | स्थानीय सरकार | स्थानीय तह | २० लाख | |
| ९ | पथप्रदर्शकको अनिवार्य तथा बैकल्पिक व्यवस्था | स्थानीय तह | स्थानीय तह तथा नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | ४ लाख | |
| १० | जानकारीमूलक | स्थानीय | स्थानीय तह, | १० लाख | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सामग्रीहरूको प्रचार प्रसार | सरकार | पर्यटन बोर्ड | | |
| ११ | भ्रमण सम्बन्धी प्याकेज कार्यक्रमहरू | स्थानीय सरकार | नेपाल पर्यटन बोर्ड, हान, टान, सरोकार निकाय | २० लाख | |
| १२ | स्थानीय उत्पादित वस्तुहरूको विक्री कक्ष सञ्चालन (कोसेली घर) | स्थानीय सरकार | स्थानीय सरकार, स्थानीयबासी | ५० लाख | |
| १३ | फोहर व्यवस्थापन | स्थानीय सरकार | स्थानीय तह तथा स्थानीयबासी | ३० लाख | |
| १४ | भू-क्षय रोक्ने कार्य | स्थानीय सरकार | संधीय सरकार, प्रदेश तथा स्थानीय तह | २ करोड | |
| १५ | सार्वजनिक शौचालय, पार्टी तथा चौतारको निर्माण | स्थानीय सरकार | प्रदेश सरकार तथा स्थानीय तह | १ करोड | |
| १६ | स्थानीय कच्चा वस्तुवाट उत्पादन (हस्तकला) | स्थानीय सरकार | स्थानीय सरकार, प्रदेश सरकार | ५ लाख | |
| १७ | बृतचित्र निर्माण कार्य | स्थानीय सरकार | स्थानीय सरकार, पर्यटन बोर्ड | १० लाख | |
| १८ | ड्रोनबाट सूचना सङ्कलन | स्थानीय सरकार | स्थानीय सरकार, निजि पर्यटन व्यवसायी | ५ लाख | |
| १९ | सुचनाबोर्ड राख्ने | स्थानीय सरकार | स्थानीय सरकार तथा निजि व्यवसायी | १० लाख | |
| २० | संग्राहलय निर्माण | स्थानीय सरकार | प्रदेश सरकार तथा स्थानीय तह | १ करोड | |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | होमस्टे दीगोपनका लागि बिऊपुँजीको व्यवस्था | स्थानीय सरकार | स्थानीय सरकार, प्रदेश सरकार | २० लाख | |
| २२ | पर्यटकिय बुलेटिन तथा ब्रोसर | स्थानीय सरकार | स्थानीय सरका, पर्यटन बोर्ड, सरोकारवाला निकाय | ५ लाख | |
| २३ | सांगितिक सामग्री, साहित्य सम्मेलन कार्यक्रम | स्थानीय सरकार | स्थानीय सरकार, प्रदेश सरकार वा अन्य | १० लाख | |
| २४ | स्थानीय पर्यटकीय अध्ययन छात्रवृत्ति उपलब्ध गराउने | स्थानीय तह | स्थानीय तह, अन्य समन्वय संघसंस्था | ५ लाख | |
| २५ | युद्ध पर्यटनको संरक्षण | स्थानीय तह | स्थानीय तह, अन्य समन्वय संघसंस्था | ५० लाख | |
| २६ | हस्तकला उद्योग | स्थानीय तह | स्थानीय तह, अन्य समन्वय संघसंस्था | १० लाख | |
| २७ | जिवित संग्राहलय | स्थानीय तह | स्थानीय तह, अन्य समन्वय संघसंस्था | २० लाख | |
| | जम्मा | | | २० करोड ७२ लाख | |

## ४.१२. मध्यकालीन तथा दीर्घकालीन योजना तथा बजेट

तालिका नं. ९ मध्यकालीन तथा दीर्घकालीन योजना तथा बजेट

| **क्र. सं.** | **कार्यक्रमको विवरण** | **कार्यान्वयन गर्ने निकाय** | **सहकार्य** | **अनुमानित लागत** | **सम्पन्न हुनसक्ने अनुमानित** |
|---|---|---|---|---|---|

| | | | | | समय |
|---|---|---|---|---|---|
| १ | सहिदमार्ग निर्माण | स्थानीय सरकार | संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरू | ५ करोड | |
| २ | पर्यटकीय सडकमार्ग | स्थानीय तह | संघीय सरकार र प्रदेश सरकार | २० करोड | |
| ३ | ढुङ्गे बँगैचा निर्माण गर्ने | स्थानीय सरकार | प्रदेश सरकार | २५ लाख | |
| ४ | संग्रहालयको निर्माण | स्थानीय सरकार | प्रदेश सरकार | १५ करोड | |
| ५ | पर्यटकीय वस्तुको संरक्षण, सम्बर्द्धन | स्थानिय | संघिय तथा प्रदेश सरकार | २० लाख | |
| ६ | अस्पतालको सञ्चालन | स्थानीय सरकार | प्रदेश सरकार | १ करोड | |
| ७ | विभिन्न स्थानमा स्वागत द्धार निर्माण गर्ने | स्थानीय तह | स्थानीय सरकार | १७ लाख | |
| ८ | धारा, कुवा, पँधेरो मर्मत तथा संरक्षण | स्थानीय सरकार | स्थानीय सरकार तथा समाजसेवी | १० लाख | |
| ९ | प्रकाशन तथा व्यवस्थापन | स्थानीय तह | स्थानीय सरकार, पर्यटन बोर्ड, संघसस्था | ५ लाख | |
| १० | ध्यान केन्द्रका लागि भवन निर्माण | स्थानीय सरकार | संघीय सरकार, प्रदेश | १ करोड | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सरकार र स्थानीय तहहरू | | |
| ११ | पठ्यक्रम तथा पाठ्यपुस्तक तर्जुमा | स्थानीय तह | स्थानीय तह | ३ लाख | |
| १२ | जल पर्यटन पहिचान तथा प्रवर्द्धन | स्थानीय सरकार | संघ, प्रदेश, स्थानीय तह, सरोकारवाला निकाय | २ करोड | |
| १३ | दीगो तथा स्वच्छ खानेपानीको व्यवस्थापन | स्थानीय सरकार | संघ, प्रदेश र स्थानीय तह | ५ करोड | |
| १४ | खेलकुद हवको निर्माण | स्थानीय तह | स्थानीय तथा प्रदेश सरकार | ३ करोड | |
| १५ | दुग्धजन्य पदार्थको विकास र व्यवस्थापन | स्थानीय सरकार | स्थानीय तथा प्रदेश सरकार | ३ करोड | |
| १६ | व्यावसायिक पशुपालन | स्थानीय सरकार | स्थानीय तथा प्रदेश सरकार | ५ करोड | |
| १७ | आधुनिक कृषि उत्पादन | स्थानीय सरकार | स्थानीय तथा प्रदेश सरकार | २ करोड | |
| १८ | केबुलकार सम्भाव्यता अध्ययन | स्थानीय सरकार | निजि क्षेत्र | २० लाख | |
| १९ | तालिम केन्द्रको स्थापना | स्थानीय सरकार | सघ, स्थानीय तथा प्रदेश सरकार | २० लाख | |
| २० | जडिबुटी उत्पादन | स्थानीय सरकार | सघ, स्थानीय तथा प्रदेश सरकार | १ करोड | |
| २१ | खेल पर्यटन | स्थानीय | स्थानीय तह, | ५ करोड | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सरकार | अन्य समन्वय संघसंस्था | | |
| | जम्मा | | | ६१ करोड २० लाख | |

स्थानीय सरकारको समन्वयमा संघीय सरकार, प्रदेश सरकार, निजि क्षेत्र, पर्यटन व्यवसायी, स्थानीय बासिन्दा आदिको सहकार्यमा कार्यक्रम कार्यन्वयन गर्न सकिन्छ । पर्यटन प्रवर्द्धनमा ठूलो लगानी स्थानीय क्षेत्रको भएकोले व्यवसायमैत्री नीति निर्माणमा स्थानीय सरकारको विशेष भूमिका हुनुपर्दछ ।

## परिच्छेद – पाँच

## सारांश तथा सुझावहरू:

### ५.१ सारांश

यस क्षेत्रमा जैविक तथा पर्यावरणीय संरक्षणको प्रत्याभुतिका लागि सम्भावनाको भरपुर प्रचुरताले गर्दा पर्यटन विकास तथा प्रबर्द्धनको आवश्यकता पनि त्यत्तिकै टड्कारो रहेको छ । यो यथार्थतालाई राज्य तहबाट पनि आत्मसात् गरिनु एउटा सुखद पक्ष हुन सक्छ । यो आवश्यकता परिपूर्तिका सन्दर्भमा छोटै समयावधिमा पनि केही सार्थक प्रयत्नहरू अवश्य पनि भएका छन् र त्यसैमा एउटा थप प्रयत्नको रूपमा यो "पर्यटन विकास गुरुयोजना २०८२" तयार गरिएको हो ।

एकीकृत र पृथक रूपमा यसअघि पनि सामान्य अध्ययनहरू भएका छन् र तिनका केही प्रतिवेदनहरू पनि आएका छन् । त्यसैले योजना बनाउने काम अन्तर्गतको यो योजना बिल्कुलै नयाँ कुरा पनि होइन । महत्त्वपूर्ण कुरा त ठीक ढङ्गले योजना बनाउन सकियो र त्यसरी बनाइएको योजनामध्येबाट थोरै मात्र पनि कार्य हुन सक्यो भने त्यो महत्त्वपूर्ण हो । यसर्थ यो गुरुयोजना बनाउँदा कार्यान्वयनका निम्ति सहजता होस् भन्ने कुरामा विशेष ध्यान दिइएको छ ।

योजना बनाउने सन्दर्भमा व्यक्त भएका धेरै विचारहरूमध्ये कतिमा व्यक्तिगत स्वार्थ वा कुण्ठा मिसिएको छ र कति साँच्चै नै पर्यटन विकासको ध्येयमा केन्द्रित छन् भन्ने कुराको अध्ययन गरी तिनीहरूलाई गुरुयोजनामा स्थान दिइएको छ । त्यसरी नै स्थलगत भ्रमणका क्रममा देखिएका कतिपय कुराहरू पर्यटन विकासका लागि उपयोगी हुँदाहुँदै पनि केही मर्म विपरित हुन जाने र कतिपय योजनाहरूले मूर्तरूप लिनसक्ने सम्भावना नरहेकाले तिनीहरूलाई समावेश गर्न सकिएन । तर पनि दीर्घकालीन, मध्यकालीन र अल्पकालीन समयावधिका योजनाहरू सकेसम्म धेरै समावेश गर्दा तिनीहरूमध्येबाट उपयुक्तताका आधारमा छनौट भई थोरै मात्र पनि कार्यहरू हुन सकेमा त्यसले यस क्षेत्रको समग्र पर्यटन विकासमा योगदान पुऱ्याउने छ भन्ने तथ्यलाई भने मनन गरिएको छ ।

स्रोत र साधनको अभावले गर्दा गर्नैपर्ने कतिपय कामहरू गर्न नसक्ने अप्ठ्यारो त यहाँ पनि रहने नै छ । हामीले प्रतिवेदनमा सानाठूला धेरै योजनाहरू प्रस्ताव गऱ्यौं भने तिनीहरूमध्येबाट कुनै न कुनै योजनाहरू त्यस्ता साबित हुनेछन् जसका निम्ति थोरै साधनस्रोत खर्चिएर पनि महत्त्वपूर्ण उपलब्धीहरू हासिल हुन सकुन् भन्ने अभिप्राय रहेको हुँदा यसलाई महत्त्वाकांक्षी योजना भनिने छैन

भन्ने परामर्शदाताको विश्वास रहेको छ । मूलतः यस क्षेत्रलाई गुणस्तरीय पर्यटकको गन्तव्य बनाउनुपर्छ र त्यसका निम्ति आध्यात्मिक, साहसिक, मनोरञ्जन लगायत पर्यटन नै उपयुक्त विधा हो भन्ने बलियो र सर्वसम्मत ठम्याइ भएकोले पनि यो गुरुयोजनामा त्यसलाई विशेष महत्त्व दिइएको छ । सारमा भन्नुपर्दा तत्कालै सुरु गरेर एकै हप्तामै परिणाम देख्न सकिनेदेखि वर्षौंसम्म समय लाग्ने कार्यक्रमहरूको प्रस्तुतिमा यो प्रतिवेदन आधारित रहेको छ ।

**(क) प्रारम्भिक प्रतिवेदनमाथि छलफल**

परिवर्तन गाउँपालिकाले पर्यटन विकासको गुरुयोजना तथा रणनीति बनाएको छ । उक्त प्रतिवेदन बनाउने क्रममा स्थलगत अध्ययन विभिन्न सरोकारवाला निकायहरूसंगको छलफल तथा विज्ञ समूहको सुझावका आधारमा पहिलो दस्तावेज तयार गरियो । उक्त दस्तवेजमाथि जनप्रतिनिधि तथा स्थानीबासी बिचमा छलफल तथा अन्तरक्रिया गरियो । यहाँ उठान भएका विषयवस्तु तथा सुझावका रूपमा आएका अभिव्यक्तिहरू पुनः दस्तावेजमा समावेश गरिएको छ । यस छलफलबाट प्राप्त भएका महत्त्वपूर्ण विचारहरूले दस्तावेजलाई अझ बलियो र आधिकारिकता तथा सबैको अपनत्व रहेको हामीले महशुस गरेका छौँ ।

अन्तरक्रिया तथा छलफल कार्यक्रमको आयोजना स्थानीय सरकार तथा सरोकारवालाहरूको संयुक्त आयोजनामा गरिएको थियो । विशेषत अध्ययन गरिएको क्षेत्रमा केन्द्रित रहेर पटक पटक कहिले उपस्थिती सहित र कहिले फोन तथा आधुनिक संचारका साधनहरू मार्फत यति धेरै छलफल गरिएको यो पहिलो अध्ययन र कार्यक्रम हो ।

छलफलका क्रममा अधिकांश सहभागीको धारणा यस क्षेत्रलाई विकास गर्न सकिने आधारहरू प्रस्तुत गर्दै यसको दीर्घकालिन योजना आवश्यक रहेको जानकारी गराएका थिए ।

यस क्षेत्रमा देखिएका कठिनाईका बारेमा तितो सत्य कुरा राख्दै नीतिगत सुधार गर्न आवश्यक रहेको उल्लेख गरेका छन ।

छलफलका क्रममा यस क्षेत्रको आयआर्जनको आधार बनाउन उक्त क्षेत्रमा तालिम, जनचेनतामूलक कार्यक्रम, होमस्टे सञ्चालन जस्ता विषयमा ध्यान दिन आवश्यक रहेको बताएका छन् । छलफलका क्रममा केही व्यक्तिहरूले राम्रा विषयको मात्र उठान गर्ने र नकारात्मक विषयलाई निरुत्साहित गर्न आवश्यक रहेकोले पनि हामीले देखेजति सबै विषयवस्तुको उठान गर्न नसकेको यथार्थ सत्य हो । उनिहरूको प्रतिनिधि आवाजका रूपमा यस क्षेत्रमा आवास, बसाई व्यवस्थापन,

विद्युत, स्वच्छ खानेपानी, तालिमप्राप्त जनशक्ति आदिमा सुधार हुन आवश्यक रहेको उल्लेख गरेका छन् । साथै तीनै तहका सरकारबिच एकीकृत पर्यटन विकास नीतिको अवश्यक रहेको पनि जनाएका छन ।

उक्त क्षेत्र जीवन र जगत्को लागि महत्त्वपूर्ण रहेको छ । यसैको आकर्षणका कारण मानिसहरू अध्ययन गर्न आउने, जैविक विविधताको अवलोकन गर्न आउने पर्यटकको संख्या बढ्दै गएको छ । उक्त क्षेत्रमा मानव जीवनको लागि आवश्यक पर्ने अनेकन विषयवस्तु भए तापनि त्यसका पूर्ति गर्न हालको स्थानीय ऐन नियम पूर्णता देखिँदैन । यसका लागि समन्वय र सहकार्य गर्दै आगाडि बढ्नुको विकल्प नरहेको जानकारी सहभागीहरूले गराउनुभयो ।

कार्यक्रममा परामर्शदाता अर्थविद् डा. आलोक प्रसाईबाट विषय प्रस्तुति भएको थियो । उक्त कार्यक्रम सञ्चालन तथा संयोजनको भूमिकामा स्थानीय वडाका जनप्रतिनिधिहरू रहनुभएको थियो ।

## ५.२ केही महत्त्वपूर्ण सुझावहरू

२.१. यस क्षेत्रमा पर्यटन विकास तथा प्रवर्द्धनको विषयअन्तर्गत छुटाउनै नहुने कुरा के हो भने यस सम्बन्धी योजना बनाउने कुरामा यसअघि पनि कुनै कमी कमजोरी भएको छैन तर तिनीहरूको कार्यान्वयन पक्ष भने ज्यादै कमजोर छ । कार्यान्वयन किन हुन सकेन र त्यसका बाधक तत्त्वहरू के के हुन् भन्ने कुरामा बढी ध्यान केन्द्रित गर्नु आजको आवश्यकता हो । यसका लागि आवश्यक ऐन नियम चाहिएमा स्थानीय सरकारले बनाउन सजिलै सक्ने छ ।

२.२. पर्यटन विकास तथा प्रवर्द्धनको कुरा गर्दा जैविक विविधता एक महत्त्वपूर्ण आधार हो । यसको मौलिकतामा कुनै क्षति पुग्नुहुँदैन भन्ने कुरालाई पनि हामीले त्यत्तिकै ध्यानमा राख्नुपर्दछ । तसर्थ अध्ययन गरिएकाक्षेत्रमा संख्यात्मक होइन गुणात्मक पर्यटकको विकासमा हामीले जोड दिनु पर्दछ र गुणात्मक पर्यटन विकासका लागि आध्यात्मिक पर्यटन अर्थात योगध्यान नै सबैभन्दा महत्त्वपूर्ण हुन जान्छ ।

२.३. यो प्रतिवेदनमा योजना र कार्यक्रम भनी उल्लेख भएका विषयहरू सवै नै महत्त्वपूर्ण भए तापनि ती सबै एकै पटक कार्यान्वयन हुन नसक्ने हुँदा तिनीहरूको प्राथमीकरण गर्दै र कार्यान्वयन गर्दै जानु उचित हुनेछ ।

२.४. लागू गरिएका कार्यक्रमहरूको बारेमा मूल्याङ्कन प्रणाली स्थापित गरी भएका प्रगति र तीबाट प्राप्त प्रतिफलको विश्लेषण गरेर सोही आधारमा थप कार्यक्रमहरू लागू गर्दै जानु पर्दछ ।

२.५. आसपासको सन्तुलित विकास र पर्यटकलाई नयाँ कुराको अनुभुति गराउन यहाँ आउने पर्यटकहरूलाई आउने र फर्किने बाटो सकेसम्म छुट्टाछुट्टै गराउने व्यवस्था मिलाउनुपर्छ ।

२.६ यस क्षेत्रलाई पर्यटकीय केन्द्रको रूपमा विकास गर्नका लागि नीतिगत सुधार गर्न आवश्यक रहेको छ ।

२.७ समग्र पर्यटन विकासका लागि स्थानीय सरकारले पर्यटन विकास समितिको निर्माण गरी विज्ञलाई परिचालन तथा उनिहरूको विज्ञता सजिलै लिन सक्ने छ ।

२.८ पर्यटनका सन्दर्भमा आवश्यक छलफल, अन्तरक्रिया, गोष्ठि, सम्मेलन, मेला, महोत्सवको आयोजना गर्न सकिने छ ।

२.९ पर्यटन क्षेत्र भनेको निजि क्षेत्रले धानेको छ, उनीहरूलाई आकर्षण गर्न पालिकाले उपयुक्त योजना तथा कार्यक्रम बनाउदै जानुपर्दछ ।

२.१० दीर्घकालीन विकासको आधार भनेको पर्यटन नै हो यसलाई आत्मासाथ गर्दै अगाडि बढ्नु र त्यसलाई निरन्तरता दिनु आजको अपरिहार्यता र आवश्यकता हो ।

## सन्दर्भ सामग्री


अवधारणा पत्रमा- पर्यटन कैलाली, धनगढी : प्रदेश नीति तथा योजना आयोग, सुदुरपश्चिम

कुवर यमराजः खप्तड बाबा प्रेरक सन्यासी (२०७८)

कोरीलेक पर्यटन गुरुयोजना गण्डकी, २०७७

भट्टराईः नेपालका धार्मिक स्थलहरू (सांस्कृतिक कोष २०७१) विद्यार्थी पुस्तक भण्डार

प्रदेश-सरकार, (२०७८), प्रथम पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०७८/०७९-२०८२/०८३) संक्षिप्त

नेपाल सरकार (२०७४), नेपाल परिचय, काठमाडौं– सूचना विभाग

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्यायन न मन्त्रालयः नेपालको पर्यटन रणनीति योजना २०१६–२०२५ काठमाडौं

नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्यायन न मन्त्रालयः होमस्टे सञ्चालन निर्देशिका २०६७ काठमाडौं नेपाल

नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्यायन न मन्त्रालयः संघीयता कार्यान्वयन सम्बन्धी प्रतिवेदन २०७२ काठमाडौं नेपाल

उपाध्याय, प. (२०२२), सुदुरपश्चिम प्रदेश पर्यटन गुरुयोजना धनगढी नेपालः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सुदुरपश्चिम प्रदेश

चौधरी, म. (२०७६) सम्भावनाको प्रदेश सुदुरपश्चिम, कारोबार दैनिक, काठमाडौंः कारोबार दैनिक

ग्रामीण गन्तव्य पहिचान, नेपाल पर्यटन बोर्ड, २०८२

नेपाल सरकारः राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु ऐन २०२९

नेपाल सरकारः राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण नियमावली २०३०

खप्तड सामुदायिक अध्ययन केन्द्रः डोटी, बाजुरा र बझाङ जिल्लाको खप्तड मध्यवर्ती क्षेत्रको अध्ययन (२०७१/०७२)

**परिवर्तन गाउँपालिकाको दस्तावेजहरू**

सामाजिक सुरक्षा कोष सम्बन्धी कार्यविधि २०८२

डिजिटल रणनीति २०८१/०८२

खेलकुद संसोधित कार्यविधि २०८२/०८३

स्थानीय पूर्वाधार आयोजना सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०८१/०८२

स्थानीय पूर्वाधार मर्मत सम्भार कोष सञ्चालन कार्यविधि २०८१/०८२

प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०८१/०८२

उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०८१/०८२

अनुगमन तथा सुपरिवेक्षण कार्यविधि २०८१/०८२

परिवर्तन गाउँपालिका खरिद नियमावली २०७५/०७६

आर्थिक ऐन र विनियम ऐन २०८१/०८२

कानुन संग्रह २०७९/०८०

परिवर्तन गाउँपालिकाको स्वास्थ्य क्षेत्रको पास्व चित्र वस्तुस्थिती विश्लेषण पैतिवेदन २०७९/०८०

गाउँपालिकाको राजश्व सुधार कार्य योजना प्रतिवेदन २०८०/०८१

परिवर्तन गाउँपालिकाको क्षमता विकास योजना प्रतिवेदन २०८०/०८१

गाउँपालिकाको क्षमता विकास योजना प्रतिवेदन २०८०/०८१

गाउँपालिकाको स्वास्थय सरसफाई तथा पोषण नीति २०७९/०८०

स्थानीय स्वास्थय तथा सरसफाई सम्बन्धी ऐन २०८९/०८०

गाउँपालिकाको निःशुल्क शिक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७९/०८०

युवा स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि २०७९/०८०

गाउँपालिकाको द्वन्द्व प्रभावित परिवार उत्थान कार्यक्रम सम्बन्धी कार्यविधि २०७९/०८०

जलस्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधि २०७८

प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी कार्यविधि मापदण्ड २०७८

आ.व. २०७८/०७९ को विनियोजन ऐन

आर्थिक ऐन २०७८/०७९

गाउँपालिकाको सामुदायिक शिक्षक अनुदान कार्यविधि २०७७

परिवर्तन गाउँपालिकाको सहकारी संस्था दर्ता निर्देशिका २०७७

गाउँपालिकाको सहकारी संस्था दर्ता निर्देशिका २०७७

विपद व्यवस्थापन  व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५

गाउँपालिकाको टोल विकास संस्था कार्यविधि २०७७

पालिकाको स्थानीय कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७४

बजार अनुगमन निर्देशिका २०७४

गाउँपाकिलाको सहकारी ऐन २०७४

गाउँपालिकाको पदाधिकारीहरूको आचारसहिता २०७४

**अनुसुची क**

# Check list

**पर्यटन विकासको गुरुयोजना**

**परिवर्तन गाउँपालिका, रोल्पा**

**वडा**

**नं...................टोल..........................संस्था/समुदाय..................................पद...........**
.........................

**जनप्रतिनिधि/राष्ट्रसेवक कर्मचारी/स्थानियवासी**

**१. यहालाई पर्यटकिय वस्तुको वारेमा केहि जानकारी छ ?**

**छ** **छैन**

**२. यहा भैरहेका पर्यटकिय वस्तुहरू के के हुन ?**

| सि.नं. | पर्यटकिय वस्तुको विवरण | कैफियत |
|---|---|---|
| धार्मिक स्थल | | |
| | | |
| | | |
| दृष्य अवलोकन | | |
| | हिमाल | |
| | पहाड | |
| | अन्य | |
| ऐतिहासिक वस्तु | | |
| | | |
| मानव निर्मित संरचना | | |
| | पार्क | |
| | मन्दिर, स्टुपा | |

| | | |
|---|---|---|
| कृषि पर्यटन | | |
| | चाक्ला जमिनमा गरिएकाउत्पादन | |
| | नयाँ बालीको प्रयोग | |
| | स्थानीय तरकारी | |
| | स्थानीय फलफुल | |
| पशुपालन | | |
| | | |
| प्राकृतिक | | |
| खोला | | |
| कुवा | | |
| चौतारा | | |
| धारा | | |
| झरना | | |
| बनजंगल | | |
| भिर पहरा | | |
| सांस्कृतिक अवस्था | | |
| जातीय पहिचान | | |
| स्थानीय भाषा | | |
| स्थानीय संस्कृती | | |
| जातीय भेषभुषा | | |
| | | |

**३. यहाँ देखिएका पर्यटकिय वस्तुको हालको अवस्था**

| पर्यटकिय वस्तुको स्केल (१-५) | धेरै राम्रो (५) | राम्रो (४) | मध्यम (३) | कम (२) | छैन (१) |
|---|---|---|---|---|---|
| | | | | | |

**४. पर्यटकिय वस्तुको बारेमा स्थानीय वासीलाई कुनै प्रकारको जनचेतनामुलक कार्यक्रम/तालिम प्रदान गरिएको छ ?**

**छ** **छैन**

**कुन निकायले कति पटक गरेको छ ? (विगत ६ वर्षको तथ्याङ्क)**

| सरोकार निकाय | विषयवस्तु | कैफियत |
|---|---|---|
| स्थानीय वडाबाट | | |
| गाउपालिकाबाट | | |
| प्रदेश सरकार | | |
| संघिय सरकार | | |
| गैर संरकारी संस्था | | |

**उक्त तालिम प्रभावकारी भयो वा भएन ?**

| पर्यटकिय वस्तुको स्केल (१-५) | धेरै राम्रो (५) | राम्रो (४) | मध्यम (३) | कम (२) | छैन (१) |
|---|---|---|---|---|---|
| | | | | | |

**पर्यटकिय सम्पदाको अभिलेखिकरण गरिएको छ ?**

**छ** **छैन**

| पर्यटकिय वस्तुको स्केल (१-५) | धेरै राम्रो (५) | राम्रो (४) | मध्यम (३) | कम (२) | छैन (१) |
|---|---|---|---|---|---|
| | | | | | |

**पर्यटकिय वस्तुको संरक्षण गरिएको छ ?**

**छ** **छैन**

| पर्यटकिय वस्तुको स्केल (१-५) | धेरै राम्रो (५) | राम्रो (४) | मध्यम (३) | कम (२) | छैन (१) |
|---|---|---|---|---|---|
| तारबार | | | | | |
| बाल | | | | | |
| अन्य | | | | | |

**पर्यटकिय वस्तुको पूर्वाधारमा संरक्षणमा बजेट विनियोजन गरिएको छ ?**

**छ** **छैन**

| पर्यटकिय वस्तुको स्केल (१-५) | धेरै राम्रो (५) | राम्रो (४) | मध्यम (३) | कम (२) | छैन (१) |
|---|---|---|---|---|---|
| स्थानीय सरकार | | | | | |
| प्रदेश सरकार | | | | | |
| संघिय सरकार | | | | | |
| अन्य | | | | | |

**पर्यटकिय वस्तुको पूर्वाधारमा प्रतिवर्ष कति बजेट विनियोजन गरिएको छ ?**

| पर्यटकिय वस्तुको स्केल (१-५) | धेरै राम्रो (५) | राम्रो (४) | मध्यम (३) | कम (२) | छैन (१) |
|---|---|---|---|---|---|
| स्थानीय सरकार | | | | | |
| प्रदेश सरकार | | | | | |
| संघिय सरकार | | | | | |
| अन्य | | | | | |

**वार्षिक अनुमानित पर्यटक कति आउने गरेका छन् ?**

| पर्यटकिय वस्तुको स्केल (१-५) | धेरै राम्रो (५) | राम्रो (४) | मध्यम (३) | कम (२) | छैन (१) |
|---|---|---|---|---|---|
| | | | | | |

**यहाँ आउने पर्यटकहरूको उदेश्य के छ ?**

| **सि.नं.** | **पर्यटकिय वस्तुको विवरण** | **कैफियत** |
|---|---|---|
| धार्मिक स्थल | | |
| | | |
| | | |
| दृष्य अवलोकन | | |
| | हिमाल | |
| | पहाड | |
| | अन्य | |
| ऐतिहासिक वस्तु | | |
| | | |
| मानव निर्मित संरचना | | |
| | पार्क | |
| | मन्दिर, स्टुपा | |
| कृषि पर्यटन | | |
| | चाक्ला जमिनमा गरिएकाउत्पादन | |
| | नयाँ बालीको प्रयोग | |
| | स्थानीय तरकारी | |
| | स्थानीय फलफुल | |
| पशुपालन | | |
| | | |
| प्राकृतिक | | |
| खोला | | |
| धारा | | |
| झरना | | |
| बनजंगल | | |

| | | |
|---|---|---|
| भिर पहरा | | |
| सांस्कृतिक अवस्था | | |
| जातीय पहिचान | | |
| स्थानीय भाषा | | |
| स्थानीय संस्कृती | | |
| जातीय भेषभुषा | | |
| | | |

**पर्यटक सुरक्षाको अवस्था के कस्तो छ ?**

| पर्यटकिय वस्तुको स्केल (१-५) | धेरै राम्रो (५) | राम्रो (४) | मध्यम (३) | कम (२) | छैन (१) |
|---|---|---|---|---|---|
| | | | | | |

**पर्यटक आकर्षण गर्न केहि नयाँ कार्य पनि गर्नुभएको छ ?**

**छ** **छैन**

| पर्यटकिय वस्तुको स्केल (१-५) | धेरै राम्रो (५) | राम्रो (४) | मध्यम (३) | कम (२) | छैन (१) |
|---|---|---|---|---|---|
| | | | | | |

**पर्यटककोलागि शान्ती सुरक्षाको अवस्था के कस्तो छ ?**

| पर्यटकिय वस्तुको स्केल (१-५) | धेरै राम्रो (५) | राम्रो (४) | मध्यम (३) | कम (२) | छैन (१) |
|---|---|---|---|---|---|
| नेपाल प्रहरी | | | | | |
| शसस्त्र प्रहरी | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| नेपाली सेना | | | | | |
| अन्य | | | | | |

**पर्यटन व्यवसायबाट आय आर्जनको अवस्था कस्तो छ ?**

| पर्यटकिय वस्तुको स्केल (१-५) | धेरै राम्रो (५) | राम्रो (४) | मध्यम (३) | कम (२) | छैन (१) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**पर्यटन व्यवसायमा खपत भएको जनशक्ति कति होला ?**

| पर्यटकिय वस्तुको स्केल (१-५) | धेरै राम्रो (५) | राम्रो (४) | मध्यम (३) | कम (२) | छैन (१) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**पर्यटकिय आवासको अवस्था कस्तो छ ?**

| पर्यटकिय वस्तुको स्केल (१-५) | धेरै राम्रो (५) | राम्रो (४) | मध्यम (३) | कम (२) | छैन (१) |
|---|---|---|---|---|---|
| होटल | | | | | |
| रिसोर्ट | | | | | |
| होमस्टे | | | | | |
| गेष्टहाउस | | | | | |

**पर्यटनकालागि कुनै दीघकालिन योजना बनाईएको छ ?**

| पर्यटकिय वस्तुको स्केल (१-५) | धेरै राम्रो (५) | राम्रो (४) | मध्यम (३) | कम (२) | छैन (१) |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**सार्वजनिक जमिनको अवस्था कस्तो छ ?**

| पर्यटकिय वस्तुको स्केल (१-५) | धेरै राम्रो (५) | राम्रो (४) | मध्यम (३) | कम (२) | छैन (१) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**पर्यटन प्रवद्धनकालागि तालिम प्राप्त जनशक्ति छ वा छैन ?**

| पर्यटकिय वस्तुको स्केल (१-५) | धेरै राम्रो (५) | राम्रो (४) | मध्यम (३) | कम (२) | छैन (१) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**पर्यटन प्रति स्थानियवासीको चासो कस्तो रहेको छ ?**

| पर्यटकिय वस्तुको स्केल (१-५) | धेरै राम्रो (५) | राम्रो (४) | मध्यम (३) | कम (२) | छैन (१) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**यहाँ कुनै पर्यटनको तालिम केन्द्र सञ्चालन गर्न सकिन्छ ?**

| पर्यटकिय वस्तुको स्केल (१-५) | धेरै राम्रो (५) | राम्रो (४) | मध्यम (३) | कम (२) | छैन (१) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**पर्यटन पूर्वाधारको स्थलगत अवस्था**

| पर्यटकिय वस्तुको स्केल (१-५) | धेरै राम्रो (५) | राम्रो (४) | मध्यम (३) | कम (२) | छैन (१) |
|---|---|---|---|---|---|
| सडक | | | | | |
| खानेपानी | | | | | |
| विधुत | | | | | |
| संचार | | | | | |
| आवास | | | | | |
| ढल व्यवस्थापन | | | | | |
| सडक बत्ती | | | | | |
| सार्वजनिक भवन | | | | | |
| सार्वजनिक सौचालय | | | | | |
| पदमार्ग | | | | | |

**शैक्षिक संस्थाको अवस्था**

| पर्यटकिय वस्तुको स्केल (१-५) | धेरै राम्रो (५) | राम्रो (४) | मध्यम (३) | कम (२) | छैन (१) |
|---|---|---|---|---|---|
| प्रारम्भिक शिक्षा | | | | | |
| निमावि शिक्षा | | | | | |
| मा.वि शिक्षा | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| प्राविधिक शिक्षा | | | | | |
| धार्मिक शिक्षा | | | | | |

**तालिम प्राप्त जनशक्ति**

| **पर्यटकिय वस्तुको स्केल (१-५)** | **धेरै राम्रो (५)** | **राम्रो (४)** | **मध्यम (३)** | **कम (२)** | **छैन (१)** |
|---|---|---|---|---|---|
| ट्रेकिङ गाइड | | | | | |
| टुर गाईड | | | | | |
| नेचर गाईड | | | | | |
| सांस्कृतीक तालिम | | | | | |
| कृषि तालिम | | | | | |
| होमस्टे तालिम | | | | | |
| अतिथी सत्कार तालिम | | | | | |
| पशुपालन तालिम | | | | | |
| भाषा तालिम | | | | | |
| स्वरोजगार तालिम | | | | | |
| सहकारी तालिम | | | | | |
| अन्य | | | | | |

**सांस्कृतिक पहिचान**

| पर्यटकिय वस्तुको स्केल (१-५) | धेरै राम्रो (५) | राम्रो (४) | मध्यम (३) | कम (२) | छैन (१) |
|---|---|---|---|---|---|
| भषा | | | | | |
| खनापान | | | | | |
| भेषभुषा | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| वाद्ययवाजन सामाग्री | | | | | |
| मेला, जात्रा, पर्व | | | | | |
| | | | | | |

**अनुसूची ख**

**पर्यटनका मूख्य आधार तथा सम्भावनाका क्षेत्रहरू**

| शिर्षक | वडा नं. | स्थान | सम्भावना | कैफियत |
|---|---|---|---|---|
| **कृषि** | | | | |
| सुन्तला | | | | |
| आलु | | | | |
| कि.वि. | | | | |
| अदुवा | | | | |
| मकै | | | | |
| सिमि | | | | |
| भाङो | | | | |
| कागती | | | | |
| जडिबुटी | | | | |
| अन्य | | | | |
| **दृष्य अवलोकन** | | | | |
| भ्यु प्वाइन्ट | | | | |
| लालि गुरास | | | | |
| हिमालको दृष्य | | | | |
| अन्य जिल्लाको दृष्य | | | | |
| अन्य | | | | |
| **युद्ध पर्यटन** | | | | |
| प्रचण्ड सेल्टर | | | | |
| युद्ध सामाग्री उत्पादन | | | | |
| हातहतियार संरक्षण | | | | |

| | | | | |
|---|---|---|---|---|
| परिवर्तन सर्किट | | | | |
| गुरिल्ला ट्रेल | | | | |
| | | | | |
| | | | | |
| **बनभोज स्थान तथा पार्क** | | | | |
| बनभोज स्थान | | | | |
| रमणिय पार्क | | | | |
| खेल मैदान | | | | |
| **धार्मिक पर्यटन** | | | | |
| धार्मिक स्थान | | | | |
| | | | | |
| **पदमार्ग** | | | | |
| प्राचिन पदमार्ग | | | | |
| ऐतिहासिक पदमार्ग | | | | |
| सांस्कृतिक पदमार्ग | | | | |
| होमस्टे पर्यटन | | | | |
| जातीय अवस्था | | | | |
| बसोवासको अवस्था | | | | |
| भौतिक पूर्वाधारको अवस्था | | | | |
| **होटल, रिसोर्ट** | | | | |
| सम्भावित स्थान | | | | |

| | | | | |
|---|---|---|---|---|
| **जल पर्यटन** | | | | |
| खोला | | | | |
| ताल तलैया | | | | |
| झर्ना तथा छहरा | | | | |
| | | | | |
| **सांस्कृतिक पर्यटन** | | | | |
| जत्रा | | | | |
| मेला | | | | |
| पर्व | | | | |
| **संग्राहलय** | | | | |
| स्थानीय संग्राहलय | | | | |
| जीवित संग्राहलय | | | | |
| विशेष जाती तथा स्थान | | | | |

**पूर्वाधारको अवस्था**

| सम्भावना | स्थान | क्षेत्रफल | सडक पक्कि/कच्चि | पानीको स्रोत | संचार | मुल सडकबाट कि.मि |
|---|---|---|---|---|---|---|
| **कृषि** | | | | | | |
| सुन्तला | | | | | | |
| आलु | | | | | | |
| कि.वि. | | | | | | |
| अदुवा | | | | | | |
| मकै | | | | | | |
| सिमि | | | | | | |
| भाङो | | | | | | |
| कागती | | | | | | |
| जडिबुटी | | | | | | |
| **दृष्य अवलोकन** | | | | | | |
| भ्यु प्वाइन्ट | | | | | | |
| गुरास | | | | | | |
| गुफा | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| हिमालको दृष्य | | | | | | |
| अन्य जिल्लाको दृष्य | | | | | | |
| अन्य | | | | | | |
| **युद्ध पर्यटन** | | | | | | |
| प्रचण्ड सेल्टर | | | | | | |
| युद्ध सामाग्री उत्पादन | | | | | | |
| हातहतियार संरक्षण | | | | | | |
| परिवर्तन सर्किट | | | | | | |
| गुरिल्ला ट्रेल | | | | | | |
| | | | | | | |
| | | | | | | |
| **बनभोज स्थान तथा पार्क** | | | | | | |
| बनभोज स्थान | | | | | | |
| रमणिय पार्क | | | | | | |


| | | | | | | |
|---|---|---|---|---|---|---|
| ऐतिहासिक पार्क | | | | | | |
| अन्य | | | | | | |
| खेल मैदान | | | | | | |
| **धार्मिक पर्यटन** | | | | | | |
| धार्मिक स्थान | | | | | | |
| | | | | | | |
| **पदमार्ग** | | | | | | |
| प्राचिन पदमार्ग | | | | | | |
| ऐतिहासिक पदमार्ग | | | | | | |
| सांस्कृतिक पदमार्ग | | | | | | |
| **होमस्टे पर्यटन** | | | | | | |
| जातीय अवस्था | | | | | | |
| बसोवासको अवस्था | | | | | | |
| भौतिक पूर्वाधारको | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अवस्था | | | | | | |
| **होटल, रिसोर्ट** | | | | | | |
| सम्भावित स्थान | | | | | | |
| **जल पर्यटन** | | | | | | |
| खोला | | | | | | |
| ताल तलैया | | | | | | |
| झर्ना तथा छहरा | | | | | | |
| हाइड्रो पावर | | | | | | |
| बनाउन सकिने डेम | | | | | | |
| **सांस्कृतिक पर्यटन** | | | | | | |
| जात्रा | | | | | | |
| मेला | | | | | | |
| पर्व | | | | | | |
| **संग्राहलय** | | | | | | |
| स्थानीय संग्राहलय | | | | | | |
| जीवित संग्राहलय | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विशेष जाती तथा स्थान | | | | | | |
| योगा हल | | | | | | |

**अनुसूची ग**

**पहिलो छलफलमा सहभागी**




आज मिति २०८२ साल कार्तिक २६ गतेका दिन [illegible] गाउँपालिकाको [illegible] योजनाको पूर्व तयारी कार्यशाला गोष्ठीमा अध्यक्ष तथा [illegible] गाउँपालिकाको अध्यक्ष श्री सुक बहादुर बुढामगर ज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको निर्णय गरियो।

उपस्थिति

(१) श्री सुक बहादुर बुढामगर - गाउँपालिका अध्यक्ष
(२) श्री कलादेवि खत्री - ,, उपाध्यक्ष
(३) श्री मित्र बहादुर केसी - प्र.प्र.अ.
(४) श्री [illegible] - १ नं वडा अध्यक्ष
(५) श्री आमित बुढा - [illegible]
(६) श्री दिलबहादुर खत्री - ५ नं वडा सदस्य
(७) श्री भरत कुमार पुन - ६ नं वडा अध्यक्ष
(८) श्री [illegible] मगर - गाउँपालिका सदस्य
(९) श्री कालिका बुढामगर - प्रशासन शाखा
(१०) श्री [illegible] - [illegible]
(११) श्री [illegible] - लेखा शाखा
(१२) श्री [illegible] - रोजगार शाखा
(१३) श्री अर्जुन वली - प्राविधिक शाखा
१४ श्री रवीन्द्र सुनार - ,, ,,
१५ ,, बलबहादुर बुढामगर - प्रशासन शाखा
१६ ,, अनिशा घर्ति मगर - योजना अधिकृत सहजकर्ता
१७ ,, बिनिता खड्का - महिला तथा बालबालिका शाखा
१८ ,, पार्वती के.सी - रोजगार सहायक
१९ प्रो.डा. प्रेम शर्मा - परामर्श विज्ञ, (टी.एल)
२० ,, बिपिन धिताल - परामर्शदाता

## दोस्रो छलफलमा सहभागी



**अनुसूची ग**

**स्थलगत अवलोकन तथा छलफलका केहि झलकहरू**


























Galaxy M32


Galaxy M32
10 December 2024 13:59